चित्त-शुद्धि मनुष्य जीवनको सार

(लेख संग्रह)

शिशिल चित्रकार

https://dhamma.digital

पुस्तक : चित्त–शुद्धि मनुष्य जीवनको सार
(लेख संग्रह)

लेखक : शिशिल चित्रकार

प्रकाशक : सुर्जभक्त स्मृति कोष, काठमाडौं

प्रथम सस्करण : ५०० प्रति
बु. सं. २५६९
ने. सं. ११४५
वि. सं. २०८२
ई. सं. २०२५

मूल्य : २५०/-

मुद्रक : भ्याली प्रिन्टिङ्ग सर्भिस
काठमाडौं

Dhamma.Digital

https://dhamma.digital

समर्पण

वि.सं. २०७८ मा सद्धम पालिका उपाधिको तयारीको शिलसिलामा दिँउसो घाम ताप्दै आमासंग टेबुलमा संगै बसेर पुस्तकहरु पढ्न शुरु गरेको विशेष स्मरण बेला बेला आउँछ। जीवनमा लालन पालन पोषण, संगत व्यवहार र व्यवहारीक ज्ञान शिक्षा दिनु भएको आदरणीय दिंवगत बुवा आमाको स्मृतिमा यो पुस्तक समर्पण गर्दछु।

Dhamma.Digital

शिशिल चित्रकार

मितिः २०८२/०६/०१

https://dhamma.digital



दि. भक्तलाल चित्रकार

जन्मः बु. सं. २४६७,
ने. सं. १०४३ यलागा, एकादशी
वि.सं. १९८०
निधनः बु. सं. २५५७,
ने. सं. ११३३ कौलागा, षष्ठि,
वि.सं. २०७० कार्तिक ८ गते

दि. सुर्यमाया (सुर्जदेवी) चित्रकार

जन्मः बु. सं. २४७७,
ने. सं. १०५३ कक्षलागा, दशमी,
वि. सं. १९८९
निधनः बु. सं. २५६६,
ने. सं. ११४२ चउलागा, षष्ठि,
वि.सं. २०७९ वैसाख १० गते

https://dhamma.digital

शुभाशिषका केही शब्द

बुद्ध जन्मभूमि नेपालमा प्रमाणिक रूपमा पुनर्जागरित थेरवाद बुद्ध शासनको इतिहास, भिक्षु महाप्रज्ञाको पर्दापनसँगै शुरु भएको हो । त्यस्तै नेपालका प्रथम संघमहानायक भिक्षु प्रज्ञानन्द महास्थविर, भिक्षु शाक्यानन्द महास्थविर, भिक्षु अनिरुद्ध महास्थविर, भिक्षु बुद्धघोषमहास्थविर, भिक्षु धम्मालोक महास्थविर, भिक्षु अमृतानन्द महास्थविर लगायत अरू थुप्रै दिग्गज भिक्षुहरू, अनागारिका गुरुमाहरू, उपासक-उपासिकाहरूको थेरवादमा आगमनका साथै उहाँहरूको उल्लेख्य योगदानले नेपाल मण्डलमा बुद्धधर्मको सुवास फैलाउनमा उर्जा प्रदान गऱ्यो । बुद्धधर्म प्रचार-प्रसार, अध्ययन अध्यापन आदिमा नव आयाम र उर्जा थपिन गयो। तापनि बुद्ध जन्मभूमि नेपालमा २००७ साल पूर्व स्वैच्छिक रूपमा बुद्धधर्म अध्ययन अध्यापन गर्ने गराउने परम्परामा अंकुस लगाइएको थियो। प्रजातन्त्रको बहाली पश्चात जुर्मुराएको थेरवाद बुद्धशासनमा बुद्धधर्म, बौद्ध दर्शन तथा साहित्य, बौद्ध संस्कार तथा संस्कृति, इतिहास आदिमा फड्को मार्ने कामको थालनी हुनगयो। वर्षौ देखिको हरेक प्रकारका मानवीय हक र अधिकारमा लगाइएको थिचोमिचोको अन्त पश्चात स्वतन्त्र रूपमा आफ्नो स्वःधर्म अध्ययन अध्यापन भएको देखिन्छ। यसै अनुरूप थेरवाद बुद्ध धर्ममा पनि प्रवजित हुने देखि, धर्म अध्ययन अध्यापनका साथै बौद्ध सभा, समारोह, बौद्ध चरित्रका शुभकार्यहरू तथा थेरवाद बौद्ध परम्परालाई स्वतःस्फूर्त रूपमा अगाडि बढाउने अवसर मिल्न गयो। धर्मदेशनाद्वारा जनचेतना फैलाउने देखि परित्राण पाठ, ज्ञानमाला भजन जस्ता धार्मिक गतिविधिहरू निस्फिक्र भएर श्रद्धाचित्त, धर्मचित्तका साथ अद्यावधि हुँदै आइरहेको छ । साथै त्रिपिटकका विभिन्न धर्मग्रन्थहरू अनुवाद तथा प्रकाशित भए, विभिन्न अवसरहरूमा आफ्नो श्रद्धाचित्तले बौद्ध ग्रन्थहरू प्रकाशित गरी धर्मदान दिने जस्ता शासनिक

https://dhamma.digital

कार्यमा उल्लेख्य रूपमा वृद्धि हुँदै आजको अवस्थामा थेरवाद बुद्धधर्म अगाडि बढेको देखिन्छ।

यसै क्रममा बौद्ध उपासक तथा विपस्सना साधक शिशिल चित्रकारले पनि विभिन्न बेला बखतमा बुद्धधर्म सम्बन्धी आफ्नो अमूल्य लेख रचनाहरु बौद्ध मासिक पत्र-पत्रिकाहरूमा निरन्तर प्रकाशन गर्दै आउनु भएको प्रसंसनीय छ। २०७२ सालमा लुम्बिनी थेरवाद विहारमा वर्षावास बस्ने क्रममा उहाँसँग भएको पहिलो भेटमा पनि बुद्धधर्म सम्बन्धी लेख रचनाहरू लेख्न निकै इच्छुक भएको र धेरै लेख रचनाहरू आनन्द भूमि, धर्मकीर्ति बौद्ध मासिकमा प्रकाशन भइसकेको भन्ने संवाद अझै ताजै छन्। उहाँको त्यसप्रकारको इच्छा र प्रयासले नै हालसम्म सयभन्दा बढी लेख रचनाहरू प्रकाशित भइसकेका छन् भने बुद्धधर्म सम्बन्धी समसामयिक जीवनपयोगी विषयवस्तुहरू समावेश गरी पाँचवटा पुस्तकहरू प्रकाशित भइसकेका छन्। यो पुस्तक चित्त-शुद्धि मनुष्य जीवनको सारको पाण्डुलिपि सरसर्ती पढ्ने मौका पाएँ जसमा तथागत भगवान् बुद्धले उपदेश गर्नुभएका सुत्तपिटक अन्तर्गतका केही सूत्रहरू समावेश गरी चित्त शुद्ध नगरिकन मानव जीवनको असली सार नपाउने हुनाले सम्यक् जीवन यापन गर्नको निमित्त कसरी जीवनलाई सार्थक बनाउन सकिन्छ ? कसरी जीवनलाई सही दिशामा दोहऱ्याउन सकिन्छ भन्नेमा केन्द्रित यस पुस्तक पाठकहरूमा उपलब्धि मुलक हुनेमा विश्वस्त छु। साथै आफ्नो अनुभवहरूलाई पनि पाठकहरू माझ प्रेरणात्मक ढंगले प्रस्तुत गर्नु लेखकको कार्य कुशलता ठान्दछु।

ब्रह्माति मातापितरो... भन्ने तथागतको उपदेशको वाक्यांश अनुसार पनि अनन्त गुणले सम्पन्न हुनुभएका आमाबुवाको गुण रूपी ऋणबाट मुक्त हुन विभिन्न आदर्शहरू देखाएर जानु भएको छ। भगवान् बुद्ध संसारकै सर्वश्रेष्ठ व्यक्तिले समेत आफ्ना मातापिताको ऋण चुकाएर जानुभएको उदाहरण त्रिपिटकमा देख्न सकिन्छ। हामी जस्तो राग, द्वेष, मोहले भरिपूर्ण

https://dhamma.digital

पृथग्गजनहरू उहाँले कुल्चनु भएको धुलो समान पनि छैन। तसर्थ असली सुपुत्रहरूले आफ्ना अनन्त गुणले सम्पन्न आमाबुवाप्रति कृतज्ञ भएर अनेक पुण्यकर्महरू गरी उहाँहरूले लगाउनु भएको असिम गुणलाई स्मरण गरेर पुण्यानुमोदन गर्नुपर्दछ। यसै अनुरूप दानहरूमा उत्तम दानको रूपमा रहेको बौद्ध ग्रन्थ तथा पुस्तकहरू प्रकाशित गरी मातापिताको सुगति र निर्वाणको कामना गर्दै उपासक शिशिल चित्रकारले आफ्ना पिताको जन्मदिनको उपलक्ष्यमा यस किसिमका पुस्तक लेखेर प्रकाशन गर्नु आमाबुवाको ऋणबाट मुक्त हुने कार्य गरेको ठान्दछु।

उहाँको सो कामना सफल होओस्, उहाँले गर्नुभएको यस पुण्यकार्यको आनुभावले उहाँ लगायत सम्पूर्ण परिवारजनमा पनि कुनै पनि प्रकारको भय विघ्न बाधाहरू नआओस, अझै पनि यस किसिमको धार्मिक कार्यहरूमा अग्रसर हुन, कायिक शक्ति, मानसिक शक्ति लाभ होस्, सुख पूर्वक जीवन यापन गर्न तथा भगवान् बुद्धले देखाउनु भएको निर्वाण धर्म समेत अवबोध गर्न यो पुण्य कार्य हेतु होस् भनी मैत्रीपूर्ण कामना गर्दछु।

भवतु सब्ब मंगलं ॥

भिक्षु नागित
महाप्रज्ञा आश्रम विहार
घट्टेकुलो मार्ग, अनामनगर
२०८२/०६/०१

https://dhamma.digital

(महाप्रज्ञा आश्रम विहार, घट्टेकुलो मार्ग, अनामनगर)

ॐ ज ॐ

https://dhamma.digital

केही मन्तव्य

जीवनमा के कस्तो संगत व्यवहार भयो, के कति अध्ययन गरीयो, के कस्तो पुस्तकहरु (स्कूल कलेजको पाठ्यक्रम र अन्य वाहिरीक पुस्तक) पढियो त्यसको पनि कस्तो प्रभाव पर्ने हो त्यसको पनि लेखा जोखा कसले र कुन रुपमा गर्ने हो र ?

तर पनि वि.सं. २०३० साल तिर झैं लाग्छ, गणमहाविहारमा हामी दाजुभाई दिदी बहिनीहरुलाई फुफु बज्यै दिवंगत गणेशकुमारी चित्रकारले लिएर जानु भएको याद अहिले आउँछ। त्यस पछि परियत्ति कक्षाको निरन्तरता त भएन तर वि.सं. २०४९ म नेपाल टि.भि.मा विपश्यना आचार्य श्री सत्यनारायण गोयन्काज्यूको अन्तरवार्ता सुनेर विपश्यना शिविरमा भाग लिने मौको जुऱ्यो । त्यो शिविर समापान पश्चात केही पुस्तक, क्यासेट किनेर बारम्वार पढ्ने तथा सुन्ने बानी भयो।

यही क्रममा तत्कालिन साप्ताहिक इनाप (नेपालभाषा) पत्रिकामा लेखको शुरआतसंगै सन्ध्याटाईम्स, आनन्दभूमी, धर्मकीर्ति पत्रिकाहरुमा लेखहरु लेख्ने बानी पनि हुँदै गयो । निश्चित रुपले पनि यो अध्ययन, लेखनबानीले गर्दा परियत्ति परिक्षामा केही हदमा सहज पनि भएको मान्न सकिन्छ ।

वि.सं. २०७८ सालको विजया दशमीको दिन ललितपुरको चार थुर घुम्न बिहानै छोरीसंग गएका थियौं। लगनखेलको थुर घुमेपछि प्रयागपोखरीको अष्टसद्धर्मायतन विहार पनि पसें। एक छिनको भलाकुसारी तथा जलपान खुवाउनु पश्चात विहारका दाता उपासिका दया खडगीले मलाई परियत्ति परीक्षा दिन हौसला दिनु भयो र एउटा पुस्तक (सात कक्षाको पहिलो, तेस्रो र पाँचौं पत्र भएको) दिनु भयो । त्यो पुस्तक केही अध्ययन पश्चात विश्वशान्ति विहार गइ बोधिज्ञान भन्तेसंग परीक्षाबारे बुझ्न गए। भन्तेले

https://dhamma.digital

सातकक्षाको परीक्षामा सामेल हुन अनुमति दिनु भयो । यसरी परियत्ति पढ्न होसला दिनु हुने वहाँ उपासिका प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

सात कक्षाको परीक्षामा सामेल हुन हौसला दिनु भएको बोधिज्ञान भन्ते तथा एउटा केन्द्रको आवश्यकता भएकोमा सोको लागि निवार्णमुर्ति विहारका सुमना गुरुमा प्रति पनि हार्दिक साधुवाद व्यक्त गर्दछुं ।

वि.सं. २०७८ को जाडो समयमा केही महिनाको तयारीबाट परीक्षा सामेल भए । त्यो हिउँद महिनामा आमासंग घाम टापेर संगै बसेर पनि केही पुस्तक पढियो । कक्षागत रुपमा कुनै पनि स्थानमा सामेल भएको थिएन, प्राप्त पुस्तकको अध्ययन, केही श्लोकहरु परिक्षाको लागि कण्ठ पनि गरीयो । कक्षा सात देखि दश सम्म अनलाइन कक्षाको व्यवस्था गर्नुहुने बोधिज्ञान भन्ते, कक्षा लिनु हुने भन्ते, गुरुमाहरु तथा शिक्षक शिक्षिकाहरु लगायत संयोजक भूमिकाको लागि श्री कृष्ण प्रशाद मानन्धर प्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

कोविद अन्तिम वर्षको आवश्यकता बमोजिम तयार गरेको शोधपत्रमा परीक्षा, पाठ्यक्रम आदिको प्रसङ्गलाई समावेश नगरी (परियत्ति केन्द्रसंग सरोकार भएकोले) बुद्धशिक्षा र जीवन पद्धति खण्ड (क) तथा विभिन्न पत्रिकाहरुमा प्रकाशित लेख संग्रहलाई संकलन गरी खण्ड(ख)मा समाबेश गरी यो पुस्तकार रुपमा निकाल्न पाँउदा निकै हर्षित महसुस भएको छ । दोस्रो खण्डमा नेपाल समाचारपत्र, आनन्द भूमि, धर्मकीर्ति, तथा राष्ट्रिय सूचना आयोगमा प्रकाशित लेखगरी जम्मा १३ लेखहरु समावेश छ । यसमा निश्चितरुपमा बुद्धशिक्षाकै आधारलिइ प्रस्तुत गरेका लेखहरु नै वढी छ । तर पनि आफ्नो कार्यक्षेत्रको समेत अनुभव दर्शाउन संघ संस्था, हवाई दुर्घटना लगायतको विषय समेत सामेल गरेको छुं । निश्चितरुपमा पाठकवर्गले विविध क्षेत्रको जानकारी लिन सकिने अपेक्षा गर्न सकिन्छ । विभिन्न पत्रिकाहरु-आनन्दभूमि, धर्मकीर्ति र नेपाल समाचारपत्रमा यथोचित

https://dhamma.digital

स्थान दिइ प्रकाशन गरिदिनु हुने सम्पादक, प्रकाशकहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । कतै कतै दोहोरिएका प्रसङ्गहरु पाठकहरुलाई खल्लो नहोस भन्ने उद्देश्यले केही हटाएको पनि छु ।

गत केही वर्ष देखि नेपाल समाचारपत्रमा प्रकाशित केही लेखहरु, सम्यक व्यायाम र जीवन, अरुलाई ढाँटे पनि आफूलाई ढाँट्न सकिँदैन, संगठनमा कार्यक्षमता र व्यवस्थापनको सवाल लेखहरु निकै व्यक्तिहरुले शेयर गरेको देख्न पाउँदा, आफ्नो अनुभव, शिक्षा केही हदमा मात्र भए पनि उपयोग भएको अनुभव हुन्छ । यसबाट आफूलाई केही मात्रामा भए पनि सुखानुभूति भएको छ अतः विभिन्न लेखहरु पढी चिन्तन मनन तथा शेयर गर्नुहुने पाठकवर्ग, महानुभावहरु प्रति पनि कृतज्ञता व्यक्त गर्दछु ।

विशेषतः माता पिताको गुणानुस्मरणको रुपमा प्रकाशन, सहयोग र अझ दिंवगत बुवाको जन्म जयन्तिको दिन सम्झेर विमोचनको लक्ष्य लिएको पनि प्रीतिकर खुसी अनुभव हुन्छ ।

अझ यस अवसरमा मिति २०६५ सालमा तत्कालिन बुद्धविहारको हलमा (हालको होइन) पुज्यवर गुरु भन्ते अश्वघोष भन्तेको करकमलबाट बुवाको शुभजन्मोत्सवको उपलक्ष्यमा दुईवटा पुस्तकसमेत विमोचन भएको सम्झना पनि प्रीतिसुखकर लाग्छ । दिंवगत भन्ते तथा बुवा आमाप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु ।

यो पुस्तकको महत्व अभिवृद्धि गर्नमा आफ्नो अतिव्यस्तताको बावजुद शुभआषिशका दुई शब्द लेखिदिनु भएका श्रद्धये महाप्रज्ञा विहार, घट्टेकुलोको प्रमुख नागित भन्तेप्रति वन्दना र साधुवाद व्यक्त गर्दछु । यसैगरी रोशन दिदीलाई पनि घरायसी व्यस्तताको बीचमा शुभकामना लेखि दिनु भएको पुण्य संचयले निरोगी र सुस्वास्थको कामना गर्दछु । आज यो पुस्तक तयार गर्ने क्रममा जीवन पर्यन्त मलाई प्रत्यक्ष, अप्रत्यक्ष सहयोग गर्नु हुने सबै परिवारजन, ईष्टमित्रहरु प्रति पनि धन्यवाद दिन चाहन्छु ।

https://dhamma.digital

यो सबैको बावजुद, लेआउट डिजाइन, कभर फोटो, आवश्यक सेवा र सरसल्लाह, पटक पटको थप शंसोधन र शब्दहरु तथा वाक्य मिलाउने कार्यमा झिंजो नमानी समयमै छपाई कार्यको लागि भ्यालि प्रिन्टीङ्गका सञ्चालक मित्र श्री किरण श्रेष्ठज्यू प्रति हार्दिक धन्यवाद दिन्छु ।

जीवनको समय कति कसरी बिताईयो, अबको समय कसरी सदुपयोग गर्ने/हुने हो ? जन्म दिने आमा बुवाको ऋण त आखिरमा चुक्ता गर्न सकिदैन । त्रिरत्न शरण, आमा बुवाको गुणाणुस्मंरण तथा आदरनीय गुरुजनहरुप्रति कृतज्ञता सहित आफ्नो अनुभव, शिक्षाको केहीमात्रा भए पनि समाजसेवाको रुपमा यो पुस्तक लेख्ने जमर्को गरेको लागि अन्यथा लिनु हुने छैन भनी अपेक्षा गर्नु अतिशयोक्ति नहोला ।

शिशिल चित्रकार
मिति : २०८२/०६/०१

Dhamma.Digital

https://dhamma.digital

शुभकामनाका दुई शब्द

यो "चित्त-सुद्धि नै मनुष्य जीवनको सार" पुस्तकलाई शिशिल चित्रकारले दुई खण्डमा विभाजन गरी पस्केको छ । पहिलो खण्डमा सद्धम कोविद अन्तिम वर्षको आवश्यकता अनुरुप पेश गरेको सातौ पत्रको अनुसन्धान मुलक पत्र तथा दोस्रो खण्डमा विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशित लेख संग्रहहरु समावेश गर्नु भएको छ ।

'खण्ड क' मा भगवान् बुद्धबाट देशना गर्नु भएका विभिन्न सूत्रहरुको चर्चा गरेको पाइन्छ । मज्झिम निकायको वम्मिक सुत्तमा उल्लेखित माटोका ढिस्कोसंग शरीरको तुलना गरिएको तथा १५ प्रश्न र भगवान् बुद्धको जवाफलाई महास्मृतिप्रस्थानको महत्वसंग दाँजिएको छ । अन्य लेखहरुमा -जनस्वास्थ्य रक्षाका लागि शारीरिक र मानसिक रोगको व्याख्याको साथै निरोगी हुन ६ अंग पुरा हुनु पर्ने, भोजनको मात्रा जान्नु पर्ने, मेहनती हुनु पर्ने लगायत चार प्रकारको आहारको पनि उल्लेख भएको पाइन्छ ।

कालामसूत्र अनुसार कुनै विषय ग्रहण गर्न कसैको प्रभाव र देखे सुनेको भरमा नभै आफैंले जानी, उचित भएमात्र ग्रहण गर्नु पर्ने सन्देश पाइन्छ । सिंगाल सूत्रको भन्नुपर्दा यसलाई नैतिक शिक्षाको रुपमा लिन सकिन्छ र आजको समाजमा यसको अत्यन्त आवश्यक भएको छ । मिलिन्द प्रश्नको 'अनुमान वर्गमा' भगवान् शास्थाको औषधी पसल, जडीवुटी पसल, अमृत पसल, धर्म नगर, सुगन्ध व्यापारी, धर्म रक्षक, फलफूल ब्यापारी आदि प्रसङ्गबाट बुद्धशिक्षा (धर्म)लाई बुझाउने थप प्रयास भएको छ ।

जन्म मरणको दुःखबाट मुक्त हुन सबैको चाहना हुन्छ । अविद्याले गर्दा हामी राग, द्वेष मोहमा परिरहेका हुन्छन् । जसबाट जन्म र मरणको भूमरीमा परिरहेको हुन्छ । अतः सो दुःखबाट मुक्त हुन कुशल कर्म, शील, समाधि र प्रज्ञाको क्रमिक विकासगर्दै जानुपर्ने हुन्छ । जीवनको प्रत्येक क्षणमा आउने सुख, दुःख, मान, अपमान, यश, अयश, लाभ, हानी समेतलाई

https://dhamma.digital

सरलरुपमा लिनसक्नको लागि स्मृतिप्रस्थान भावनाको आवश्यक देखिन्छ। मल्लकालमा बुद्धशिक्षालाई अवरोध भएको प्रसङ्ग देखि निर्वाणमूर्ति विहार किम्डोलका गतिविधीहरु समेत यस पुस्तकमा उल्लेख गरिएको छ।

बौद्ध संस्कार, कर्मकाण्डबारे आफ्नो अनुभव समावेश गरेर आफूले गरेको दान, भन्ते गुरुमाहरुबाट गराइएका पाठ एंव देशनाहरु सिंगाल सूत्र अन्तरगतका कार्यहरु भएको व्यक्ति गरिएको छ। हामीहरु कर्मकाण्ड भन्दा ध्यान भावनातिर अभिमूख हुनुपर्ने कुरामा विशेष जोड दिएको देखिन्छ।

जागर सूत्र, कसीभारद्वार सूत्र, पथमअमुत्तक सूत्र आदिको संक्षिप्त रुपमा उल्लेख गरी सुतेका व्यक्तिलाई जगाउन सकिन्छ तर सुतेको बहानागरेका व्यक्तिलाइ जगाउन नसकिने विषय पनि औल्याएको छ। परियत्ति शिक्षा अर्थात नैतिकशिक्षालाई महत्व दिंदै यो केवल प्रमाणपत्रको लागि मात्र नभई बुद्धशिक्षालाई दैनिक जीवनमा उतार्नसक्नु पर्ने विषयलाई औल्याएको देखिन्छ। परियत्ति केन्द्र लगायत सरोकार निकायहरुले यसमा अझ गहन सहकार्यको आवश्यकतासमेत औल्याएको देखिन्छ। नियम कानुन संगसंगै नैतिक शिक्षाको अभाव हुन नदिन गृह विनयलाई घर समाज एंव देश विकासमा पुऱ्याउन सक्नु पर्ने आजको आवश्यकता देखिन्छ। अंगुतर निकायको महाचोर सूत्रलाई स्मरणगर्दै व्यक्तिहरुले एउटा गल्तिलाई ढाकछोप गर्न अर्को गल्ति गर्नुपर्ने हुँदा यस्ता गल्तिहरु हुन नदिन प्रयासरत हुनुपर्ने विषय पनि उल्लेख गरिएको छ।

दोस्रो खण्डमा विभिन्न लेखहरुको क्रममा महापरित्राणको चर्चा गरिएको छ। यो महापरित्राणमा २९ वा ३० पाठ वाचन गरिन्छ। यी सूत्रहरु विभिन्न ठाँउमा विभिन्न समयमा भगवान् बुद्धबाट देशना गर्नु भएको हो। बुद्धत्वप्राप्तिपश्चात सर्वप्रथम देशना गर्नु भएका धम्मचक्क पवत्तन सूत्त, रोगलाग्दा निकोहुने बोझंगसूत्र, दुर्भिक्ष समाप्तपार्न दिनु भएका सूत्र, मनुष्यहरु दुर्गतीबाट बच्न सकिने सूत्र लगायत मनुष्य र देवताको दैनिक जीवनमा सफल पार्न उपयुक्त हुने महामंगल सूत्र लगायत अन्यसूत्रहरुको पाठ गर्ने

https://dhamma.digital

प्रचलनबारे जानकारी दिएको छ । यी सूत्रहरु पाठगर्नेमात्र नभई सोको शिक्षा मर्मलाई आत्मसात गर्नु पर्नेमा जोड दिएइको पाउँन सकिन्छ। चारैतिरबाट आउने भय, विघ्नबाधा, उपद्र र रोग, शोक र अनिष्टताबाट बच्न यी सूत्रहरुको पाठ एंव त्यसको मर्म अनुरुप आचरण गर्नु पर्ने हुन्छ ।

लेखसंग्रहहरुमा बुद्धशिक्षाको अतिरिक्त कार्यालय संगठन आदिको विषयहरुसमेत समावेश गरी व्यापकता अंगालेको देखिन्छ । नेपालमा भएका हवाई दुर्घटनाको लेख समेत समावेश गरी ‘दुर्घटना त्यतिकै हुँदैन, हजार त्रुटीहरु एकित्रित भएपछिमात्र दुर्घटना हुने’ प्रसङ्ग उल्लेख देखि संगठन संरचना, सामाजिक परिवेश, आर्थिक स्थिति, मानसिक दवाब, कानुन र नियमको समुचित प्रयोग आदि इत्यादीबारे समेत चर्चा गरेको देखिन्छ । विद्यमान ऐन, कानुन नियमावलीहरु मात्र पनि पालन गर्न सकेमा दुर्घटना न्युनीकरण गर्न सकिन्छ। नियम अनुसार दण्ड सजाय, पुरस्कारको व्यवस्थामा कमजोर भएको छ । दुर्घटनापश्चात गठन हुने आयोगको प्रतिवेदन पूर्णरुपमा कार्यन्वयनभएमात्र पनि दुर्घटना कम हुने विश्वास व्यक्त गरेको छ ।

देश विकासको लागि स्थाई सरकारक रुपी प्रशासन संयन्त्रमा चुस्त दुरुष्त हुनुपर्ने, अभिलेख व्यवस्थापनको महत्व आदिलाई उजागर गर्दै, राजनीतिक व्यवस्थाले मात्र देश विकास गर्ने नभई जनताले अनुभूती गर्ने खालको सुशासन, सहज प्रशासन, कार्यप्रणाली आदिबारे पनि लेख समावेश भएको छ ।

“बहिनीको आँखामा अमर चित्रकार” पुस्तको समिक्षा पनि लेखसंग्रहमा समावेश भएबाट दिंवगत कलाकार, मुर्तीकार अमर चित्रकारको अमूल्य योगदान प्रती राष्ट्रले स्मरणगर्नु पर्ने जोड दिएको पाउन सकिन्छ। कलाकार अमर चित्रकार को चित्र, मुर्तीहरु देशको विभिन्नस्थानहरुमा देख्न सकिन्छ भनी, तत्कालिन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट वहाँका विभिन्न मितिहरुमा प्रवचनहरुलाई संकलित गरी प्रकाशित पुस्तक “परम्परागत र आधुनिक चित्रकलाको एक झलक” बाट साहित्यकार पनि भएको कुरा उल्लेख गर्न पनि छुटाएको छैन ।

ॐ न ॐ

https://dhamma.digital

चित्त-शुद्धि मनुष्य जीवनको सार

बौद्ध मान्यता वा धारणको आधारमा चित्तको चर्चा देखि महासतिपट्ठान सूत्रमा १६ प्रकारको चित्त अथवा अभिधिम्म अनुसार विस्तृतमा १२१ प्रकारको चित्त वर्गीकरण उल्लेख छ। चित्तको स्वभाव र यसको कार्यले गर्दा मनुष्य जीवनमा पर्ने प्रभावलाई प्रष्ट्याएको छ। चञ्चल चित्तलाई वशमा राख्न र प्रज्ञा उत्पन्न गराउनको लागि समथ र विपश्यना भावना अभिवृद्धि गर्नु पर्ने ओल्याएको छ। विभिन्न लेखहरुकै क्रममा सतिपट्ठान शिविरको सम्झना, शिविरका गतिविधि लगायत सम्वद्ध निकाय व्यक्तिहरुलाई कृतज्ञतासमेत लेख्न छुटाएको छैन।

पुस्तकमा समावेश विभिन्न लेखहरु पढदै जाँदा बुद्धशिक्षा, नैतिक शिक्षा, चित्तलाई शुद्धपार्ने शिक्षा, राग, द्वेष, मोह शान्त पार्दै जीवन सरल र सफल बनाउने शिक्षा हो भन्न सकिन्छ। व्यक्तिहरु कर्मकाण्डमा मात्र रुम्मलिरही, पुण्यकार्य भन्दै संस्कारमामात्र लागे भने जीवन सरलको साटो असजिलो र गाह्रो हुने हुँदा सरल र सफल जीवनको लागि बुद्धशिक्षालाई पालन गर्नु पर्ने, ध्यान भावनलाई वृद्धिगर्दै लैजानु पर्ने देखिन्छ। वर्तमान अवस्थामा परियत्ति शिक्षा र ध्यान भावनाको केही हदसम्म बृद्धि भएको देखिन्छ। यो बुद्धशिक्षाको विकास संवर्धनको लागि सरकार र सम्वद्ध निकायहरुले अझ थप चासो दिन उपयुक्त हुन्छ। चित्तशुद्ध गर्न-बुद्धशिक्षा तथा यसको माध्यमबाट समाज र देशमा शान्ति, सुरक्षा अमन चैन हुनेमा सायद कसैको दुइमत नहोला।

अन्त्यमा, बुबाको १०२ औं जन्म जयन्तिको पावन अवसरमा प्रकाशनको लक्ष्य लिनु भएका शिशिल चित्रकारलाई धन्यवाद दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दै फेरी अन्य लेखहरु पढ्न पाउने आशा गर्दै शुभकामनाका दुई शब्द यहीँ समाप्त गर्दछु। धन्यवाद।

सबैको मंगल होस, जय होस।

रोशन चित्रकार
घट्टेकुलो, डिल्लीबजार
मिति २०८२।०५।२२

https://dhamma.digital

प्रकाशकीय

समाजमा विभिन्न विद्याहरुका असख्य पुस्तकहरु उपलब्ध छन् । वर्तमान समाजका यावत समस्याहरुको निराकरणको लागि बुद्धशिक्षाको आवश्यकता बारे पनि निकै चर्चाहरु सुन्न पाइरहेको अवस्था नै हो ।

"चित्त-सुद्धि नै मनुष्य जीवनको सार" नामक पुस्तकमा खण्ड क र खण्ड ख गरी दुई भागमा बाडेको छ । प्रथम खण्डमा कोविद अन्तिम वर्षको लागि तयार पारेको सामग्री समावेश छ । यसमा पाँच अध्यायमा विभाजन गरेको छ । दोस्रो खण्डमा विभिन्न पत्र पत्रिकाहरुमा बुद्धशिक्षा लगायत संघ संगठन, कर्मचारी संयन्त्र, सामाजिक जन जीवन आदि विषयहरुका १३ लेखहरु समावेश छ ।

भगवान् बुद्धले आफ्नो शिक्षा (धर्म) लाई कुनै परम्परा, संस्कृतीबाट लादन खोजेका कदापि होइन । व्यक्ति व्यक्तिले आफूले गर्नु पर्ने अभ्यास(ध्यान भावना)को माध्यमबाट क्लेशहरुबाट मुक्ति हुने प्रयास, कर्मको नै व्याख्या गर्नु भएको हो । तथागतले महापरिनिर्वाणको समयमा दिनु भएको अन्तिम उपदेश 'वयधम्मा संङ्खा अप्पमादेन सम्पादेश' (अर्थः सबै संस्कारधर्महरु नश्वर हुन् अप्रमादपूर्वक सम्मादन गर ।) भन्ने सन्देशमात्रले पनि आजको वर्तमान समाज र विश्वको भयावह अवस्थामा व्यक्तिहरुको सचेत, सर्तक अप्रमादी हुने तर्फ गहकिलो उपाय तथा औषधिको रुपमा लिन सकिन्छ । बुद्धशिक्षाका विभिन्न सूत्र, आयामहरुको सहित यो लेख संग्रह पुस्तकले बुद्धशिक्षा (शासनिक कार्य)को प्रचार प्रसारमा थप योगदान हुने विश्वास गर्दछु ।

यो पुस्तक अध्ययन गरी पुस्तक प्रेमी जनताहरुले बुद्धशिक्षा लगायत सामाजिक, संगठनात्मक कार्य, संविधान आदिबारे पनि लाभान्वित हुने आशा गर्न सकिन्छ ।

सूर्जभक्त स्मृतिकोष

किम्डोल, काठमाडौं

ൠ थ ൠ

https://dhamma.digital

सारनाथस्थित धर्मचक्र प्रर्वत्तन प्रतिक प्रतिमा

ഇ द ര

https://dhamma.digital

विषय सूची | पेज नं.

समर्पण	ग
शुभाशिषका केही शब्द	ङ
केही मन्तव्य	झ
शुभकामनाका दुई शब्द	ड
प्रकाशकीय	थ
(खण्ड क)	
अध्याय एक : बुद्धशिक्षा र जीवनमा उपयोगिता	**१**
क) माटोको ढिस्कुरो र जीवन	१
ख) आहारमा प्रतिकुल संज्ञा	३
ग) कालामसूत्र	६
घ) सिंगाल सूत्र	७
ङ) मिलिन्द प्रश्नमा अनुमान वर्ग	७
च) जीवन, मृत्यु र जन्मको चक्र	११
छ) जीवन र व्यावहारीक शिक्षा	१३
ज) एउटै मार्ग	१४
झ) सम्वोधिका चरण	१६
अध्याय दुई : नेपालमा जीवन पद्धती र धर्म	**१७**
क) निर्वाणमूर्ति विहार र परियत्ति केन्द्र एक चिनारी	१७
ख) बौद्ध संस्कार र धर्ममा भेद	१९
ग) परित्राण पाठ	२०
घ) कर्मकाण्ड र जीवन	२०
ङ) नेपालको सामाजिक अवस्था	२५
च) मेरो अनुभव	२६

https://dhamma.digital

अध्याय तीन : परियत्ति पाठ्यक्रम एक विवेचना **२८**
क) पाठ्यक्रम र विषयवस्तु २८
ख) परियत्ति र जीवन ३१
अध्याय चार : वर्तमान सामाजिक अवस्था एक चित्रण **३४**
क) ऐन कानुन र गृही विनयवीच अन्तरसम्बन्ध ३४
ख) अंगुतर निकायको महाचोर सूत्र तथा वर्तमान देश समाजको अवस्था बारे चर्चा ३६
ग) श्रोतापत्तिफल नै उत्तम ३७
अध्याय पाँच : उपसंहार : **३९**

खण्ड ख (लेख संग्रह)

१) महापरित्राण एक चर्चा ४५
२) अरुलाईढाँटे पनि आफूलाई ढाँट्न सकिँदैन ५०
३) हवाई दुर्घटना र उपचारको खोजी ५४
४) स्थायी सरकारको आधार अभिलेख व्यवस्थापन ५९
५) पुस्तक चर्चा : बहिनीको आँखामा अमर चित्रकार ६३
६) बुद्धशिक्षा (धर्म) र जीवनको आवश्यकता ६८
७) त्रिसंयोग र विपश्यना दिवस ७४
८) बुद्धशिक्षा : समाज परिवर्तनको संवाहक ७९
९) संगठनमा कार्यक्षमता र व्यवस्थापनको सवाल ८४
१०) सम्यक व्यायाम र जीवन ८९
११) सतिपट्ठान शिविर एक स्मृतिमा ९४
१२) सूचना नै जीवन ९८
१३) चित्त-शुद्धि मनुष्य जीवनको सार १०४
१४) सन्दर्भ सामग्री १२०
१५) परिशिष्ट १ १२३

https://dhamma.digital

"पञ्ञा नरानं रतनं" .... "प्रज्ञा मनुष्यको रत्न "

(खण्ड क)

बुद्धशिक्षा र जीवन पद्धति :
कोविद शिक्षा एक अनुभव

Dhamma.Digital

https://dhamma.digital

अध्याय एक : बुद्धशिक्षा र जीवनमा उपयोगिता

तथागत भगवान् बुद्धका सम्पुर्ण वचन, उपदेश मानवको कल्याणकोलागि भएको छन् । संसारमा समाज सेवा, मानवहरुको दु:खको कारण तथा त्यसबाट मुक्तिको लागि विभिन्न थरीले नानाप्रकारले उपदेशहरु दिनु भएको विवरणहरु पाउँन सकिन्छ। यीनीहरु जीवनको सही मार्गदर्शकको रुपमा जीवनमा ग्रहण गर्न सकेमा व्यक्तिको जीवनमा निकै परिवर्तनका लहर स्वंयले अनुभव गर्नेछ ।

अब भगवान् बुद्ध देशित विभिन्न सूत्रहरुको सामान्य चर्चा गर्ने जमर्को गर्दछु ।

क) माटोको ढिस्को र जीवन :

मज्झिम निकायको वम्मिक सुत्तमा (बल्मिक सूत्र) विभिन्न उपमाहरुबाट राग द्धेष हटाउने, पञ्च नीवरणका कुरा, यो शरीरलाई माटोको ढिस्कुरोसंग दाजी यसमा राम्रो मान्ने कुरा केही नभएको व्याख्याहरु पाउँछौ । माटोको ढिस्कुराबाट जसरी किराहरु निस्कन्छ, यो शरीरमा पनि विभिन्न प्रकारको किटाणुहरुको वासस्थान आदिको उपमा, चार धातुको वर्णन आदिको प्रसङ्ग वताइएको छ । यसै गरी अविद्या भनेको ढोकाको चुकल जस्तै हो, निरन्तर रुपमा उद्योग, वीर्य गर्नु पर्ने, ध्यान भावना, स्मृति प्रस्थान विपश्यना नै प्रज्ञाको लागि शस्त्र भएको मूल मर्म पाउँन सकिन्छ ।

यो वम्मिक सूत्रमा १५ वटा प्रश्न भगवान बुद्धले जवाफ दिनु भएको प्रसंग हुन । यिनीहरु यस प्रकारका हुन् ।

१) धमिराको ढिस्कुरो भनेको के हो ? यो रूप स्कन्ध शरीर हो ।
२) धुँवा भनेको के हो ? रातको समयमा चिन्तना गरिएको हो ।
३) आगोको ज्वाला भनेको के हो ? दिउँसो दिउँसो काम गर्नु हो ।

https://dhamma.digital

४) ब्राह्मण भन्ने व्यक्ति कस्तो हो ? सम्यक् सम्बुद्ध हुन् ।
५) सुमेध को हो ? भाविताद्वारा थाहा पाई राख्ने योगी हो ।
६) शस्त्र भनेको के हो ? भाविताद्वारा थाहा पाई राख्ने प्रज्ञा हो ।
७) निरन्तर रूपमा खन्नु भनेको के हो ? उद्योग गर्ने वीर्य हो ।
८) ढोकाको चुकुल भनेको के हो ? भाविता गर्ने तरिकालाई थाहा नपाउनु हो ।
९) भ्यागुतो भनेको के हो ? रिस उठ्ने द्वेष हो ।
१०) दुई बाटो भनेको के हो ? यसो हो कि त्यसो हो कि भनी कल्पना गर्ने संशय हो ।
११) साबुन चाल्नी भनेको के हो ? पञ्च नीवरण धर्म हो ।
१२) कछुवा भनेको के हो ? पाँच स्कन्ध धर्म हो ।
१३) खुकुरी र अचानो भनेको के हो ? पाँच कामगुण आरम्मण हो ।
१४) मासुको चोक्टा भनेको के हो ? मन पर्ने, आशक्त हुने राग हो ।
१५) नाग भन्ने को हो ? आश्रवक्षय भएका अरहन्तलाई भनिन्छ ।

यो सूत्रको अध्ययनबाट पुष्टि हुन्छ बुद्धशिक्षा भन्नु व्यक्तिहरुको आफूले कुशल कार्य गर्नु तथा अकुशल कार्य नगुर्न हो । यो सूत्रमा सतिपट्ठान विपश्यनाकै मर्म पाउन सकिन्छ भने कर्मकाण्डको कुनै पनि वर्णन पाउँदैनौ । अझ राग नन्दिराग भनेको स्थुल रुपमा हेर्न, लाउने, खाने, सुन्ने आदिमात्र नभई ध्यान भावना गर्दै आउने विभिन्न प्रकारका सुखानुभुतिहरुमा रमाइरहनु पनि धर्मराग नै हो । यो धर्मरागलाई पनि हटाउन भगवान् बुद्धले बताउनु भयो । माटोका ढिस्कुरो र यो शरीरको तुलना गरी, शरीरप्रति आशक्ति नहुनु मात्र नभई अझ यसको प्रतिकुल मनसिकार भावना सहित म र मेरो भन्नु केही छैन भन्ने सन्देश समावेश भएको छ । यस अर्थमा यो वम्मिक सुत्त (बल्मिक सूत्र) बुद्धशिक्षाको पहिचान गर्न गराउन प्रर्याप्त छ ।

यसमा वीर्य भनी चार सम्यक प्रधानको रुप भनौं वा भावना गर्दै

https://dhamma.digital

जानु, कामगुण, उपादान स्कन्धलाई हटाउ, नागलाई (अरहंत) प्राप्त गर्नु भनी दिएको शिक्षा पनि महास्मृतिप्रस्थानको भावना भन्दा अर्को बाटो त कदापी होइन ।

यो अर्थमा पनि पुनः भन्न सक्छौं बुद्धशिक्षा जीवन जिउने कला हो ।

ख) आहारमा प्रतिकुल संज्ञाः

भगवान् गौतम बुद्धले जन स्वास्थ्य रक्षाका लागि नियमहरु बनाउन भएका देखिन्छ। मुलतः रोग दुई किसिमका छन (१) शारीरिक र (२) मानसिक।

सरसफाइका अभाव, खानाका अभाव (योग्य खाना नखानु), दुषित पानी, मौसम परीवर्तन आदिका कारणले शारीरिक रोग लाग्छ भने असन्तोष, आत्मग्लानी, अनावश्यक शंका, आशाका अतृप्त, निराशाका छायाँमा बाचिरहनु, विषैली संगत, विषम वातावरण, तथा गलत धारणा आदिका कारणले मानसिक रोग लाग्छ। सूत्रपिटकमा उल्लेख भए अनुरुप मानसिक रोगका उपचार आनापानबाट हुने कुरा सम्झन योग्य छ।

भगवान् गौतम बुद्धका शिक्षा अनुसार निरोगी हुनुलाई ६ वटा अंग पुरा भएका हुनु पर्दछ।[i] ती हुन,

(१) आहार उचित हुनु पर्दछ ।

(२) बस्न ठाउँ उचित हुनु पर्दछ ।

(३) आफूसंग बस्नेहरुसंग विचार मिल्नु पर्दछ ।

(४) बस्ने ठाउँमा सरुवा रोगी, झगडालुहरु हुनु हुँदैन ।

(५) हावापानी अनुकुल हुनु पर्दछ ।

(६) सफाइ हुनु पर्दछ ।

अब भगवान् बुद्धबाट दिनु भएको केही चर्चा उतार्न सान्दर्भिक ठान्छु।

सुभानुपस्सिं विहरन्त इन्द्रियेसु असंवुतं, भोजनम्हि च अमतञ्ञु कुसीतं हीन विरिय तंवे पसहति मारो वातो रुक्खं व दुब्बल ।

https://dhamma.digital

अर्थात : इन्द्रिय संयम नगरि राम्रो देख्ने, भोजनमा मात्रा नजान्ने, वीर्यहीन हुने यस्तालाई, बतासले रुख ढाले झैं मारले बिताउँछ ।

असुभानुपस्सिं विहरन्त इन्द्रियेसु सुसंवुतं भोजनम्हिच मतञ्ञु सद्धंआरद्ध विरिय तंवे नप्पसहति मारो वातो सेलं व पब्बतं ।

अर्थात : इन्द्रिय संयम गरि राम्रो नदेख्ने, भोजनमा मात्रा जान्ने, श्रद्धा र वीर्यवान हुने यस्तालाई, पर्वतको ढुङ्गालाई बतासले हल्लाउन नसके झैं मारले डगमगाउन सक्दैन ।

व्यक्तिहरुलाई विभिन्न किसिमले ज्ञानयुक्त र सम्पूर्ण दुःखबाट पार लगाउनको लागि भगवान् बुद्धले विभिन्न प्रकारको देशना झैं ध्यान भावना पनि सिकाउनु भएको हो । यस अन्तर्गत कशिण ध्यान पद्धतिमा ४० कर्मस्थानमा मन एकाग्र बनाई अभ्यास गरीन्छ । यो प्रस्तुतीमा सबै कर्मस्थानहरुको चर्चा नगरीकन, एउटा आहारमा प्रतीकुलताको आधारमा स्वास्थ्य र रोगको विषयवस्तुलाईमात्र दर्शाउने प्रयास गरेको छुं ।

"सब्बे सत्ता आहारतिट्ठिका" वा सबै प्राणीहरू आहारमा निर्भर रहेका हुन्छन । अंगुत्तर निकायको महापञ्ह सूत्रमा चार प्रकारको आहारको बारेमा वर्णन गरिएको छ । चार प्रकारका आहार भन्नाले निम्नानुसार रहेको छ ।

१) कवलिंकार आहार : कवलिंकार आहार भन्नाले गाँस बनाएर सेवन गर्ने आहार लाई लिइन्छ । शारीरिक पोषणको लागि खाने पिउने नै कवलिंकार आहार हो ।

२) स्पर्श आहार : स्पर्शाहार कुनै वस्तु लाई स्पर्श गरेर पनि पोषण प्राप्त हुन्छ ।

३) मनोसञ्चेतना आहार : मनोसञ्चेतना भनेको कर्म बन्ने चेतना हो । कर्म बन्ने चेतनाको कारणले नै कुशल र अकुशल कर्म जम्मा हुन जान्छ ।

४) विज्ञान आहार : विज्ञान वा मन वा चित्तको कारणले नै नाम

https://dhamma.digital

रुपको उत्पन्न हुने र जीवन र मरणको चक्र अगाडी बढी राख्ने हुन्छ। प्रतित्यसमुत्पाद अनुसार विज्ञान बाट नामरुप, नामरुप बाट षडायतन, षडायतन बाट स्पर्श, बेदना, तृष्णा, भव, जाति, जरामण, शोक, परिदेव, दुःख, दोमनस्स, उपायास उत्पन्न हुन्छ र दुःखको भुमरीमा जीवन बाँच्नु पर्ने हुन्छ।

यी चार प्रकारका आहारहरूप्रति अनुकूल विचार गर्नु आध्यात्मिक उन्नतिको मार्गको बाधाको रुपमा लिन सकिन्छ भने यसको विपरित प्रतिकूल संज्ञी भएर बस्नु भनेको आफनो जीवनलाई सुरक्षित गर्नु हो।

फेरी एक पल्ट स्मरण गर्न उपयुक्त नै हुन्छ चार आहारहरुमा संयमता हुनु नै व्यक्ति अज्ञानताबाट ज्ञानको मार्गमा जाने सुभारम्भको बाटो हो। गाँस गाँसबाट खानेकुराबाट नै रोग बन्छ भने अन्य तीन आहारहरुबाट त जन्म जन्मको सांसारीक चक्रमा अल्झिरहने, जन्म देखि मृत्युको भूमरीमा अल्झिरहने महान दुःख (शारीरिक र मानसिक रोग, शोक, दौर्मनस्य, परिदेव आदि)को कारण आफैले बनाइने रहने हुन्।

पञ्च ईन्द्रिय तथा मन समेत ६ अंग र तत विषयहरु रुप शब्द, गन्ध, रस स्पर्श र धर्ममा भुल्नु, आसक्ति हुनु, तृष्णा भई उपादानको कारणले जीवनको चक्र नै सबै दुःखको कारण हो भन्नुको अर्थ नै चार आहारनै रोगको हेतु हो भन्न सकिन्छ।

अब व्यक्ति स्वंय र परिवार समाजको स्वस्थ जीवनको उन्नतीको लागि बुद्धशिक्षामा दिएको उपायहरु अवलोकन गर्न मनासिव हुन्छ। माथि गएको श्लोक **असुभानुपस्सिं विहरन्त इन्द्रियेसु सुसंवुतं भोजनम्हिच मतञ्ञु सद्धंआरद्ध विरिय तंवे नप्पसहति मारो वातो सेलं व पब्बतं,** लाई स्मरण गर्दा अशुभ सम्झने, इन्द्रियमा संयम, भोजनमा मात्रा जान्नेलाइ पर्वतको ढुङ्गालाई बतासले हल्लाउन नसके झै मारले डगमगाउन सक्दैन भन्ने वाक्य आफैमा निकै गहन भएको भन्न सक्छौं।

https://dhamma.digital

भगवान् बुद्धले ब्राह्मणहरुको पुरातन धर्मको जिज्ञासा मेटाउने क्रममा भन्नु भएको प्रसङ्ग यहाँ सान्दर्भिक थान्छु। प्राचिनकालमा तीन वटामात्र रोग थियो, इच्छा, भोक, र जीर्ण हुने तर जब पशुवली, गाइलाई मारेपछि ९८ प्रकारको रोगहरु उत्पन्न भयो । यसरी धर्मको नाममा जुन अर्धम चल्यो त्यसले मानवहरुको अमंगल भयो ।[ii]

ग) कालाम सूत्र :

अंगुतर निकायको केशमुत्ति सूत्रलाई मानव इतिहासमा स्वतन्त्र चिन्तनको महान घोषणापत्र (Magna Carta) मान्छ । यसमा भगवान् गौतम बुद्धले 'कालाम'हरूलाई दिनुभएको उपदेश हो जुन निम्न प्रकारका छन् ।

(क) तिमीहरू कुनै कुरा यसैले ग्रहण नगर्नु कि हामीहरूले यसलाई यसरी सुन्दै आएका हौ ।

(ख) त्यसैले मात्र ग्रहण नगर कि यो हाम्रो परम्परागत मान्यता हो जुन पीढियौं देखि चल्दैआएको छ ।

(ग) यसैले मात्र ग्रहण नगर कि यो हामीले जहिले पनि सुन्दै आएका छौं।

(घ) यसैले मात्र ग्रहण नगर कि यो हाम्रो धर्म ग्रन्थअनुरूप छ ।

(ङ) यसैले मात्र ग्रहण नगर कि यो तर्कसंगत छ वा न्यायसंगत छ ।

(च) यसैले मात्र ग्रहण नगर कि हामी यो मान्यताप्रति आसक्त भयौं ।

(छ) यसैले मात्र ग्रहण नगर कि यो उपदेश दिनेको व्यक्तित्व भव्य छ ।

(ज) यसैले मात्र ग्रहण नगर कि यो उपदेश दिने श्रमण हाम्रो गुरु हो, पूज्य हो ।

अन्तमा भगवान् गौतम बुद्धले कालामहरूलाई भन्नुहुन्छ, "तिमीहरु आफ्नो स्वःअनुभूतिबाट जान कि यो धर्म उपदेश कुशलकारी हो, निर्दोष हो, अनुभवी, समझदार व्यक्तिबाट प्रशंसित छ र स्वंय जान कि संपूर्णतया ग्रहण गर्नबाट यो सर्वहितकारी छ, सुखकारी छ, तब यसलाई ग्रहण गरेर

https://dhamma.digital

जीवनमा उतार ।"[iii]

घ) सिंगाल सूत्र :

भगवान् गौतम बुद्धले दिनु भएको विभिन्न सूत्रहरु मध्य सिंगाल सूत्र अझ विशेष स्मरणीय हुन्छ। यो सूत्र अनुसार पूर्व दिशा भनेका आमा, बुवा; दक्षिण दिशा भनेको आचार्य, गुरु; पश्चिम दिशा भनेको पत्नी, परिवार; उत्तर दिशा भनेको साथिभाई, नातागोता; माथिको दिशा भन्नाले श्रवण र ब्राह्मण तथा तलको दिशा भन्नाले आफूसंग आश्रित भएका सहयोगीहरु हुन। यी ६ दिशाको अर्थ तत् बमोजिमको कर्तव्य निर्वाह गर्नु पर्ने धर्म हो ।

अब यी गृही विनय (नियम)मा भएका शिक्षाहरु अहिलेको समाजमा झन सार्थक सिद्ध भएको देखिन्छ। यसमा बताएका शिक्षाहरुमा, आमाबाबुप्रति सन्तानका कर्तव्यहरुमा बृद्धावस्थामा पालन पोषणगर्नु, कामकाज गरिदिनु, कुल परम्परा स्थिर राख्नु, अंश लिन योग्य बन्नु, दिवंगत भएका आमाबाबुको नाममा पुण्यदान गर्नु हो । वस्तुतः यही पनि महान धर्म नै हो, 'बुद्ध धर्म' 'बुद्ध धर्म' भनी शब्दमा मात्र अल्झिरहनुको कुनै अर्थ र प्रयोजन देखिँदैन ।

ङ) मिलिन्द प्रश्नमा अनुमान वर्ग :[iv]

यी विविध प्रसंगका बीच मिलिन्द प्रश्नमा भएका अनुमानवर्गको केही चर्चा गर्नु सान्दर्भिक हुन्छ। इ.पू. सयवर्ष, राजा मिलिन्द र नागसेन भन्ने बीचको छलफल, संवाद, प्रश्नोत्तरको रुपमा रहेको यो ग्रन्थले बुद्ध शासनको अभिवृद्धिमा गहकिलो योगदान दिएको छ ।

सम्राट अशोकद्वारा तेस्रो संगायन पश्चात विश्वभरी नै धर्मदुत पठाएकै कारणबाट यवन (ग्रिस) तिर पनि धर्मदुत पुगेको हुन्। यसरी विश्वमा बुद्ध धर्मको प्रचार पश्चात ग्रिक सम्म भएको, राजा मिलिन्द पनि पूर्वपारमी भएबाट धर्मको संयोगको रुपमा नागसेन भन्तेसंग धर्म साक्कक्षाको अवसर मिलेको मान्न सकिन्छ ।

https://dhamma.digital

त्रिपिटकका अन्य शिक्षा जस्तै यो मिलिन्द प्रश्न, अनुमान वर्ग आफैमा बुद्ध शिक्षा प्रवाह गर्न प्रयाप्त देखिन्छ। राजा मिलिन्दले नागसेन भन्तेसंग विभिन्न किसिमले बुद्ध धर्म सम्वन्धि प्रश्नहरु गरेझैं यो अनुमान वर्गमा बुद्ध छ वा छैनन, पुर्वजहरुले देखेको छैन कसरी मान्ने भन्ने जिज्ञासाबाट शुरु भएको छ।

नागसेन भन्तेले पुर्खाहरुले बुद्ध नदेखेझै राजाका पुवर्जहरु पनि नदेखको आधारमा राजाको पुर्वज छैन भन्न सकिन्छ र ? भन्ने प्रश्नमा राजाले सकिदैन, पुर्वराजाहरुको विभिन्न वस्तुहरु आदि प्रमाणको रुपमा रहेको वताएको थिए। यसै गरी नागसेन भन्तेले पनि बुद्धलाई नदेखे पनि बुद्ध भएको रुपमा वहाँका विभिन्न शिक्षाहरुको प्रमाण दिएको नै 'अनुमान वर्गको' रुपमा मिलिन्द प्रश्नमा वर्गिकरण गरेको छ। जसरी राजाको पुर्वजहरुले प्रयोग गरेर गरेका राजमुकुट, छत्र, पलङ्ग आदिहरुबाट राजाहरु भएको मान्न सकिन्छ। त्यसैगरी बुद्धले प्रयोग गरेको वस्तुहरु शील समाधि प्रज्ञा सम्मको कुराहरुकै विभिन्न किसिमले चर्चा गरेको पाउन सक्छौं।

अनुमान वर्गमा बुद्धका मुल मर्म सबै समेतिएको छ। राजा मिलिन्द आफैले शास्त्रार्थ गरेर अरुलाई हराउँथे। कुशल पारमी भएको व्यक्ति भएकोले नै राजा मिलिन्दले नागसेन भन्तेसंग छलफल तथा बुद्धधर्ममा दिक्षित भई राजपाट त्याग गरेको मान्न सकिन्छ। यो मिलिन्द प्रश्न बुद्धधर्म र त्रिपिटक भण्डारमा थप सामग्री दिनमात्र सफल नभइ अन्तगत्वा बुद्ध शासनिककार्यमा समेत ठूलो र गहकिलो योगदानको रुपमा भएको हामी लिन सक्छौं।

अब मिलिन्द प्रश्न अनुमान वर्गमा उल्लेख भएका विवरणहरु मध्य केहीको चर्चा गर्न उपयुक्त हुनेछ।

क) भगवान् बुद्धका पसल : राजा मिलिन्दको जिज्ञासा शान्त गर्ने क्रममा नागसेन भन्तेले भगवान् बुद्धको विभिन्न सामग्रीहरुको पसल

https://dhamma.digital

भएको बताउनु भयो । यस अन्तर्गत फलफूल पसल, जडीवुटी पसल, सुगन्ध पसल, औषधीको पसल, अमृत पसल, रत्नको पसल, सबै सामग्री भएको पसल आदि हुन् । अब केही पसलहरुको चर्चा तल उल्लेख गरे बमोजिम छ ।

१) औषधी पसल : भगवान् बुद्धले औषधिरुपी ३७ बोधिपक्खिय दर्शन दिनु भयो । यिनीहरु १)चार स्मृति प्रस्थान २)चार सम्यक प्रधान,३) चार ऋद्धिपाद ४) पाँच इन्द्रिय ५) पाँच बल, ६) सात बोध्यङ्ग, र ८) आर्य अष्टाङ्गिक मार्ग हुन् । यो औषधीबाट भगवान् बुद्धले मिथ्या दृष्टी, मिथ्या संकल्प, मिथ्या कर्म, मिथ्या जीविका, मिथ्या व्यायाम, मिथ्या स्मृति र मिथ्या समधि, मिथ्या दृष्टी, विचिकच्छा, उद्धच्च, थिनमिद्ध, अहिरीक, अनोतप्प तथा क्लेशहरुलाई वान्ता गराउनु भयो ।

२) जडीवुटी पसल : भगवान् बुद्धले जडीवुटीको रुपमा जुन दिनु भयो, त्यसबाट सबै देव मनुष्यहरुको क्लेश मुक्त हुने हुन्छ । ती जडीवुटी भनेको चार आर्यसत्य हुन् । दुःख सत्य, दुःख समुदय सत्य, दुःख निरोध तथा दुःख निरोध गर्ने मार्गको साक्षात्कार भएमा सबै खालको दुःखबाट मुक्त हुन्छ । यो चार आर्यसत्यको अवबोघ हुनु भनेकै सम्यक दुष्टी हुनु वा प्रज्ञा हासिल गर्नु हो ।

३) अमृत पसल : भगवान् बुद्धले सबै लोकको कल्याणको लागि अमृत फैलाउनु भयो । यो अमृत भनेको कायगतास्मृति हो । यो कायगतास्मृति चारस्मृतिप्रस्थानले जन्म हुने, मुत्यु हुने, शोक परिदेव, दुःख दौर्मनस्य हुनेलाई यो अमृतबाट मुक्त गरिदिन्छ । जसले यो कायगतास्मृति भावना गर्दछ उनीहरुले अमृत पिएको सरह हुन्छ ।

ख) धर्म नगर : भगवान् बुद्धको धर्मरुपी नगरमा विभिन्न प्रकारका व्यक्तिहरु रहन्छन् । सूत्रधर(सूत्र जान्ने), विनयधर (विनय जान्ने), अभिधर्मी, धर्मकथिक, जातक भाणक, दीध भाणक (दीधनिकायको प्रसङ्ग बताउने),

https://dhamma.digital

मज्झिम भाणक (मज्झिम निकायको प्रसङ्ग बताउने), शील सम्मन्न, समाधि सम्पन्न, विपश्यना भावना गर्ने, श्रोतापन्न, सकृदागामि, अनागामि, अर्हतहरु आदि ईत्यादी विभिन्न किसिमका व्यक्तिहरुको विविधता सहित धर्म पालन गरीरहेको चरीत्रहरुको वर्णन पाउन सक्छौ ।

यो धर्मननगरमा विभिन्न किसिमका पसलहरुको वर्णनहरु पनि पाउन सक्छौं । धर्म सेनापति, पुरोहित, भण्डागारिका, नगर जोतिका, धर्म रक्षक, रुप दक्ष, फलफूल व्यापारी, सुगन्ध व्यापारी, धर्मको व्यापारी, धर्मरुपी साहु महाजन आदि इत्यादीको वर्णन गरेको पाउछौं । अब यिनीहरु मध्ये केहीको संक्षिप्तमा उल्लेख गर्नु उचित होला ।

१) सुगन्ध व्यापारी : जुन भिक्षु शील रुपी सुगन्ध धारण गरेर अनेकौं गुण धारण गरेर क्लेशरुपी मललाई हटाएको हुन्छ, त्यस्तालाई भगवान्‌को धर्मनगरमा सुगन्ध पसले भनिन्छ ।

२) धर्म रक्षक : जुन भिक्षु प्रथम प्रहर देखि अन्तिम प्रहरसम्म नसुतिकन उभेर, बसेर, हिँडेर भावना गरी दिन रात कटाउछ, क्लेश हटाउन सदा प्रयत्नशील हुन्छ त्यस्तालाई धर्म रक्षक भन्छ ।

३) फलफूल व्यापारी : जुन भिक्षुले चारआर्य सत्य अवबोध गरीसकेको हुन्छ, जसले बुद्ध शासन राम्ररी बुझिसकेको हुन्छ, उनीहरुलाई फलफूल व्यापारी भन्छ ।

यसरी भगवान् बुद्धका शिक्षा, बुद्धका अनुयायीहरुको विभिन्न प्रकार आदि (धर्म नगरका वासिन्दा, व्यापारी) हरुको चर्चा 'अनुमान वर्गमा' रहेको छ । फेरी एकपल्ट दोहऱ्याउन उचित नै होला, यो अनुमान वर्गमा त्रिपिटकका सबै शिक्षा नै समाहित भएको भन्न सकिने अवस्था छ ।

मिलिन्द प्रश्न अनुमान वर्गमा आएको शील समाधि, ध्यान अभ्यास, भगवान् बुद्धका विभिन्न किसिमका पसलहरु, धर्मको नगरमा विभिन्न प्रकारका व्यक्तिहरु हुनु भनेर देखाएकोबाट चरित्र भेद बुझन बुझाउन

https://dhamma.digital

मात्र नभइ अध्ययन कर्ताहरुलाई तत् सम्वन्धि सामग्रीहरुको थप खोजीनिति गर्न प्रेरणा समेत दिएको छ। अझ यस भन्दा बढी त बुद्धशिक्षा केवल अध्ययनको विषयमात्र होइन, यो त व्यक्तिहरुको दैनिक जीवनमा अभ्यास गर्ने विषय हुन भनी आम जिज्ञासुहरुलाई थप हौसला दिन समेत सफल छ। यस परिवेशमा धम्मपदका श्लोक राख्न सान्दर्भिक ठान्छु।

तुम्हेहि किच्चं आतप्पं - अक्खातारो तथागता।
पटिपन्ना पमोक्खन्ति - झायिनो मारबन्धना ॥

अर्थ- तिमीहरू आफैले आ-आफ्नो काम गर्नु पर्दछ, तथागतले केवल मार्गमात्र देखाउनु हुन्छ, ध्यान गर्ने मार्गमा हिंडने ध्यानी मार बन्धनबाट मुक्त हुन्छ।

च) जीवन, मृत्यु र जन्मको चक्र

जीवन मृत्यु र फेरी जन्मको वारे बुझाउन भगवान् बुद्धले व्याख्या "यो भएमा यसो हुन्छ, त्यसो नभएमा त्यसो हुँदैनन्" भनी प्रतीत्यसमुत्पादको व्याख्या गर्नु भएका छन्। यो बृद्ध हुनु र मर्नु पर्ने धर्महरू कहाँ कताबाट आए भनी निरीक्षण गर्नु हुँदा नयाँ जन्म लिनु परेकोले हो भन्ने कुरा प्रकट रूपमा देख्नुभयो। जन्म लिन नपरेमा बृद्ध र मृत्य हुनु पर्दैन। जन्म लिनु परेकोले नै बृद्ध हुनु पर्दछ, मृत्यु हुनु पर्दछ।

(१) "जाति-पच्चया जरा -मरण सोक- परिदेव दुक्खदोमनस्सुपायासा सम्भवन्ति" : जन्म भएपछि बुढा, रोगी, मरण, शोक, परेशानी आउँछ। तर विना कारण त जन्म हुँदैन। आमा बाबुको सम्बन्धको अतिरिक्त अरु पनि कारण छन्।

(२) "भव-पच्चया जाति" : यो भव केही न केही बनिरहेको हुन्छ। मृत्युपछि सबै समाप्त हुँदैनन्। मृत शरीरमा पनि केही न केही परिवर्तन भएर यो चित्तको धारा तुरुन्तै अर्को शरीरमा जोड्न जान्छ। त यो केही न

https://dhamma.digital

केही किन बन्दछ ?

(३) "उपादान-पच्चया भव" : यो आसक्ति नै भव को कारण हो। यसरी जति बढी आसक्ति हुन्छ त्यति नै बढी भव कर्म हुन्छ। यो आसक्ति किन हुन्छ ?

(४) "तण्हा-पच्चया उपादानं" : तृष्णा यानी राग र द्वेष नै यो उपादानको कारण हो। तृष्णा किन पैदा हुन्छ भन्दा,

(५) "वेदना-पच्चया तण्हा" : सम्पूर्ण शरीरमा जहां जहां संवेदना हुन्छ त्यहाँ त्यहाँ तृष्णा उत्पन्न हुन्छ। वेदना सुखद् भएमा राग जाग्दछ भने दुःखद् वेदना जागेमा द्वेष हुन्छ। यो वेदना के कारणले हुन्छ ?

(६) "फस्स-पच्चया वेदना" : वेदना स्पर्शद्वारा हुन्छ। यो ६ ईन्द्रियको आफ्नो विषयमा स्पर्श हुन्छ र त्यही अनुसार वेदना हुन्छ। यो स्पर्श कहाँ हुन्छ ?

(७) "सलायतन-पच्चया फस्सो" : यो ६ ईन्द्रियको ढोका खुला भई रहन्छ र यसमा स्पर्श हुन्छ। यो ६ ईन्द्रिय कहाँबाट आँउछ ?

(८) "नाम-रुप पच्चया सलायतनं" : नाम रूपको कारणले यो ६ ईन्द्रिय आँउछ। नाम यानी मन र रूप यानी शरीर, यी दुवैको मिलनबाटै जीवनधारा शुरु हुन्छ। त यो नामरूप किन भयो ?

(९) "विञ्ञान-पच्चया नाप-रूप": विज्ञानबाट नामरूप हुन्छ। यो विज्ञान यानी चेतना जुन एउटा जीवन समाप्त हुने बित्तिकै अरु शरीरमा जान्छ। यो विज्ञान किन उत्पत्ति हुन्छ ?

(१०) "संखार-पच्चया विञ्ञानं" : हरेक संस्कारले नयाँ विज्ञान उत्पत्ति गराई अर्को क्षणको नयाँ चेतना पैदा गर्दछ। यो संस्कार कसरी बन्दछ ?

(११) "अविज्जा-पच्चया संखारा" : अविद्याले संस्कार बन्दछ। अविद्याको अर्थ हो अज्ञान, बेहोशी, र विमूढता।

यसरी अविद्या देखि जन्म मरण आदि दुःखको चक्रलाई बताउनु भयो।

https://dhamma.digital

अविद्या नहटाए सम्म्म दुःखको भूमरीबाट निस्कन सकिदैन। यसैलाई अझ भन्नुपर्दा भूतकालको अविधा र संस्कारको कारणले वर्तकान जीवनको कार्य, भूतकालको कार्यको वर्तमानमा फल, वर्तमान जीवनको कार्यको कारणले भविष्यको फल आदि गरी यो प्रतित्यसमुत्पादलाई तीनकालमा सम्वन्धित गरी देखाउनु भएको छ ।

यी १२ अंगलाई तीनकालमा निम्नानुसार विभाजन गरेको छ । अविद्या र संस्कार भूतकाल, विज्ञान, नामरुप, षडायतन, फस्स, वेदना, तण्हा, उपादान, भव तथा जातिलाई वर्तमान कालमा, जरा र मरणलाई भविष्यको रुपमा चित्रण गरेको पाउँछौं ।[v]

छ) जीवन र व्यावहारिक शिक्षाः

भगवान् बुद्धले जन्म हुनु नै दुःख भनी जन्म जन्मान्तरमा भव सागरमा डुवीरहनु पर्ने मूल कारण पत्ता लगाउनु भइ सही सुखको अवस्था निर्वाणको अवस्था नै हो भनी जुन महान अन्वेषण गर्नु भयो त्यसको तुलना आजको आधुनिक विज्ञानसंग हुन सक्दैनन्। असंख्य कल्प देखिको बोधिसत्व चर्या, विभिन्न पारमिताहरु पुरागरी पाएको प्रज्ञाज्ञान-चार आर्यसत्यलाई कुनै हालतमा आजको विज्ञान र वैज्ञानिकसंग तुलना गर्न सकिँदैन । बरु आजको विज्ञान सम्पूर्ण रुपमा बुद्धशिक्षा (धर्म)को विपरित नै भएको देखिन्छ ।

आजको भौतिक खोज निर्माणको विपरित भगवान् बुद्धको खोज मानसिक, चित्त विकासको चरम विन्दु हो जसलाई हामी जस्तो सामान्य पृथकजनले विश्लेशण गर्न पनि असुहाउदो नै हुनेछ। अझ सम्पूर्ण त्रिपिटकको अध्ययन, अनुसन्धान विना सही अर्थमा हामीले सम्मा सम्वुद्धलाई चिन्न सकिँदैन ।

यहाँ बुद्धत्व प्राप्तिपश्चात व्यक्त गर्नु भएको दुईवटा श्लोक राख्न

https://dhamma.digital

उचित होला ।[vi]

अनेकजाति संसारा, सन्धाविस्सं अनिब्बिस ।
गहकारं गवेसन्तो दुक्खा जाति पुनप्पुनं ॥

अर्थ : अनेक जन्म बित्यो गृह निर्माण गर्नलाई खोज्दा खोज्दै, मेरो हरेक जन्म दुःखमय भएर बित्यो ।

गहकारक दिट्ठोसि, पनु गेहं न काहसि ।
सब्बा ते फासुका भग्गा, गहकूटं विसङ्खतं ।
विसङ्खारगतं चितं, तण्हानं खयमज्झगा ॥

अर्थ : अब हे गृह निर्माण गर्न बुद्धि हो, मैले तँलाइ देखिसके, फेरी तैंले गृह निर्माण बनाउन सक्छौ । तेरो घर बनाउने काठपात जम्मै भाँच्चिसकें, घरको धुरी पनि खसाली दिएँ, मेरो चित्त संस्कार रहित भई तृष्णाको विनाश भई सक्यो ।

यस श्लोकको आधारबाट पनि निश्चित रुपमा भन्न सक्छौं भगवान् बुद्धको खोज आजकलको आधुनिक विज्ञानझैं कुनै भौतिक, रासायनिक वा अन्य विज्ञानका खोजहरु भन्दा नितान्त फरक खोज हो । यो खोज कुनै निर्माण वा उत्पादन नभई त्यसको बिपरीत 'जन्म नै नहुने' निर्वाणको स्थिति हो । यो खोजलाई आजकलको आधुनिक विज्ञानको कुनै यन्त्र, संयन्त्रबाट खोज्न सकिदैन । यसको लागि व्यक्तिहरुको स्वंयको कुशल कर्म, शील समाधि प्रज्ञाको चरणहरुको क्रमिक विकास भन्दा अर्को उपाय छैन । यो शिक्षा नै जीवनको सही र कुशल विकासको लागि उपयोग भएकोमा दुविधा छैन ।

ज) एउटै मार्ग :

एउटैमात्र मार्गको रुपमा भगवान् बुद्धले महास्मृतिप्रस्थान सूत्रमा आज्ञा गर्नुभएको छ - "भिक्षुहरू ! यी चार स्मृतिप्रस्थान नामक आचरण

https://dhamma.digital

मार्ग सत्वहरूको चित्तमल निर्मुल पार्न, शोक र परिदेवलाई अतिक्रमण गर्न, शारीरिक दुःख र मानसिक पीडालाई शान्त गर्न, आर्यमार्ग लाभ गर्न, निर्वाणलाई साक्षात्कार गर्न एउटै मात्र मार्ग हो ।[vii]

यसलाई अझ भन्नु पर्दा लोकमा राग द्वेष हटाई श्रमशील, स्मृतिवान र सम्प्रज्ञानी भई कायमा कायनुपश्यी भएर विचार गर्दछ । लोकमा राग द्वेष हटाई श्रमशील, स्मृतिवान र सम्प्रज्ञानी भई वेदनाहरुमा वेदनानुपश्यी भएर विचार गर्दछ । यसैगरी लोकमा राग द्वेष हटाई श्रमशील, स्मृतिवान र सम्प्रज्ञानी भई चित्तमा चित्तानुपश्यी भएर विचार गर्दछ । फेरी लोकमा राग द्वेष हटाई श्रमशील, स्मृतिवान र सम्प्रज्ञानी भई धर्महरुमा धर्मानुपश्यी भएर विचार गर्दछ ।

यसरी चारस्मृतिप्रस्थानमा कायानुपश्यना, वेदनानुपश्यना, चित्तानुपश्यना र धम्मानुपश्यना गरी चारवटा र फेरी तत् अंगहरुको पनि विभिन्न विभाजनगरेका छन । यी विभिन्न विभाजन गरी २१ पर्वहरुमा समतापुर्वक, होषपुर्वक रहनु नै स्मृतिप्रस्थान हो ।

यस अर्थमा पनि पुनः भन्न सक्छौं वस्तुतः धर्म भन्नाले कुनै परम्परा, संस्कृतीलाई इंगित गर्न खोजेका कदापि होइन तर व्यक्तिले आफूले गर्नु पर्ने अभ्यास (ध्यान भावना)को माध्यमबाट क्लेशहरुबाट मुक्ति हुने प्रयास, कर्म नै धर्म हो । तथागतले महापरिनिर्वाणको समयमा दिनु भएको उपदेश **'वयधम्मा संङ्खा अप्पमादेन सम्पादेश'** (सबै संस्कारहरु नश्वर हुन् अप्रमादपूर्वक सम्पादन गर) पनि व्यक्तिहरु अप्रमादी हुने, संसारमा केही चीज वस्तु पनि नित्य नभएको तथा म मेरो भन्ने अवधारणाबाट सम्पूर्ण रुपमा मुक्त हुन कोशिस गर्नु नै बुद्धको सच्चा अनुयायी ठहरिन सक्छ ।

बुद्धको आर्यअष्टांगिक मार्गलाई जीवनमा उतार्ने प्रयास नै सच्चा बौद्धमार्गी हुनसक्छ, कुनै कर्मकाण्डले बौद्धमार्गी भनीरहनु स्वंय आफ्नो लागि निकै दुर्भाग्यपूर्ण अवस्था नै हुनजान्छ । महास्मृतिप्रस्थान सूत्रको

https://dhamma.digital

महत्वबारे अझ प्रकाश गर्ने हो भने, बुद्धकालिन घटनामा धम्मिक उपासकले आफ्नो मरणको अन्तिम इच्छा स्मृतिप्रस्थान सुन्ने भनेको हुन वा, राजा बिम्बिसारले राजा पुक्कुसातीलाई सो सूत्र उपहार दिएको र तत् पश्चात राजपाट त्यागी भगवानको शरणमा आएकोलाई पनि कम आँक्न सकिदैन। धम्मिक उपासक मरण पछि स्वर्गलोक गएको वा राजा पुक्कुसाती भगवान् बुद्धको उपदेश सुनेर अनागामी फल प्राप्त गर्नुमा निश्चित रुपमा महास्मृतिप्रस्थान सूत्र सुन्नुमात्र नभइ जन्म जन्मको अभ्यास, पारमीपुरा भएकोले नै हुन्।

झ) सम्वोधिका चरणहरु :

संवोधिका चार चरणहरु छन्। यिनीहरु यस प्रकारका छन्।

१) श्रोतापन्न

२) सक्रिदागामी

३) अनागामी र

४) अरहंत

यी चार चरणहरु जन्म जन्मको अभ्यास, क्लेशहरुको निर्मुल पश्चात क्रमशः आउने हुन्। कसैले कामना वा श्रद्धा भावले मात्र त पाउन सक्ने होइन। यी चरणहरु मध्य अरहंतले मात्र सबै क्लेशहरु निर्मुल गरेको हुन्छ भने अन्य तीन चरणहरुको अझै पनि विभिन्न जन्मको चरण तथा क्लेश निमुल गर्न बाँकी नै रहन्छन्। यसलाई प्रष्ट गर्नुपर्दा श्रोतापन्नले विचिकित्साको नीवरणलाई निर्मुल गरेका हुन्छ। अनागामीले कामच्छन्द, व्यापाद र कोकृत्यलाई उन्मुलन गरेको हुन्छ। अरहंतले स्त्यानमृद्ध र औद्धत्यलाई उखेलिसकेको हुन्छ। यसरी अरहंतले सबै चित्त मलहरुलाई जरा देखि नै उखेलिसकेको हुन्छ।[viii]

https://dhamma.digital

अध्याय दुई : नेपालमा जीवन पद्धती र धर्म

नेपालको इतिहासमा लिच्छवीकाललाई स्वर्णकाल भनिन्छ भने क्रमशः मल्लकाल देखि बुद्धशिक्षा (धर्म) पतन तिर उन्मुख भएको देखिन्छ । नेपालमा थेरवाद बुद्धधर्मको लोप भइसकेको अवस्थामा करिव १०० वर्ष अघि पुनः यसको प्रवेश भएको इतिहास सुखकर हो ।

क) निर्वाणमूर्ति विहार र परियत्ति केन्द्र एक चिनारी :

आधुनिक नेपालमा वर्तमान अवस्थामा थेरवादीकै ५० वटा भन्दा वढी विहारहरु रहेको देखिन्छ । उपत्यका भित्रनै करीव ३५ र उपत्यका बाहिर २० औं वटा तथा लुम्विनी भित्रै पनि विभिन्न देशहरुका २० औं भन्दा केन्द्रहरु रहेको देखिन्छ । यस बाहेक अझ विभिन्न बौद्ध संघ संस्थाहरु पनि बुद्धशिक्षा, धर्मको प्रचार प्रसारमा लागिरहेको नै छ ।

यस परिवेशमा व्यक्तिगत रुपमा उपत्यका भित्रका केही विहारहरुमा सम्पर्कमा रहेको, लुम्विनी लगायत देशका केही विहारहरुको भ्रमणको अवसर मिलेकै पनि सुखद पक्ष नै हो । प्रसङ्गवश मैले सद्धम्मपालक परीक्षामा सामेल हुनको लागि आवश्यक भएको एउटा केन्द्रको परीपुर्ति स्वरुप निवार्णमूर्ति विहारमा प्रवेश गर्ने सुअवसर मिल्यो ।

नेपालमा थेरवादको पुनर्जागरणको लहरमा वि.सं. २००० सालको सुरुवातसंगै नेपालको पहिलो थेरवादी बौद्ध भिक्षुणी (अनागारिका) विहारको रुपमा निर्वाणमूर्ति उपासिकाराम किण्डोलमा स्थापना भएको देखिन्छ ।

विभिन्न आरोह अवरोह पार गर्दै आएको यो विहार वि.सं २०५१ साल देखि धर्मकीर्ति विहारको संरक्षण एंव सम्वर्धनमा सञ्चालन भइरहेको छ ।

हाल यो विहारको केही गतिविधी संक्षेपमा निम्नानुसारको रहेको छ ।

१) विहारको संस्थापिका श्रद्धेया धर्मचारी गुरुमाको सुखावति भूवन

https://dhamma.digital

प्रस्थान गरको पुण्य तिथिसंग तादात्मय मिलाई प्रत्येक महिनाको कृष्ण त्रयोदशीका दिन मासिक बुद्ध पुजा तथा भोजनदान कार्यक्रम विगत तीन दशक देखि अविछिन्न रुपमा सञ्चालन भइरहेको ।

२) प्रत्येक महिनाको ७ गते आनन्दकुटी विहारका श्रद्धेय भिक्षुसंघलाई आमन्त्रणगरी संघदानको कार्यक्रम गरीरहेको ।

३) प्रत्येक वर्ष बालाचतुदर्शीको दिन मेत्त सुत्त (मैत्री सूत्र) पाठको आयोजना भइरहेको ।

४) विगत १७ वर्षदेखि पूज्य धम्मवति गुरमाको शुभजन्महोत्सवको उपलक्ष्यमा प्रत्येक वर्ष तीन (३) दिन पट्ठान पालि पाठ, धर्म देशना, जलपान, भोजन कार्यक्रम सञ्चालन भइरहेको ।

५) परियत्ति उतिर्ण परीक्षार्थीहरुलाई प्रमाणत्र प्रदान गर्ने कायक्रम सञ्चालन भइरहेको ।

६) जेष्ठ गुरुमाँहरुलाई सम्मान स्वरुप महाथेरी पुजा गर्ने कार्यक्रम भइरहेको ।

विशेष : वर्ष २०८१ सालको जेष्ठ महिनाको १ गते देखि प्रत्येक महिनाको १ गते सञ्चालन गर्ने गरी एक दिवशीय विपश्यना शिविर सञ्चालन सुभारम्भ भएकोमा हालसम्म उत्साहजनक सहभागीता रहेको सुखकर नै मान्न सकिन्छ भने बुद्ध शासनको लागि गहकिलो कार्यको रुपमा लिन सकिन्छ ।

यसै गरी मिति २०८१।९।७ गते विहारमा रहनु भएका ३ जना आवाशिय ऋृषिनीहरुलाई अनागरिका संघदारा गुरुमामा प्रवजित कार्यक्रम पनि सम्पन्न भएको थियो भने सोही अवसरमा दाताहरुबाट एउटा स्वास्थ्य उपचारकोषको पनि स्थापना भएको पनि छन् ।

यस बाहेक बेला बेलामा विभिन्न उपासक उपासिकाहरुको विभिन्न अवसरमा परित्राण आदि कार्यक्रमहरु सञ्चालन भइ विहार सुचारु रुपले

https://dhamma.digital

सञ्चालन भइरहको देखिन्छ ।

ख) बौद्ध संस्कार र धर्ममा भेद :

दिवंगत छैठो संघनायक अश्वघोष भन्तेज्युले 'बौद्ध संस्कार' पुस्तकमा लेख्नु भएको यहाँ सान्दर्भिक हुन्छ । बौद्ध धर्ममा धार्मिक रुपमा अथवा सिद्धान्ततः संस्कारको लागि कुनै महत्वपूर्ण स्थान दिइएको छैन अर्थात् संस्कार कर्महरु गर्न कुनै बाध्यता छैन । तैपनि सामाजिक व्यवस्था एवं प्रचलन अनुसार विकल्पको रुपमा थेरवादी बौद्धहरुमा पनि ९ प्रकारका संस्कार विधि प्रचलित छन् । नौ प्रकारको संस्कारमा गर्भ मङ्गल, पास्नी, चूडाकर्म वा व्रतवन्ध, विद्यारम्भ, विवाह, उपसम्पदा, मृत्यु संस्कार आदि हुन् ।[ix]

आखिरमा विभिन्न देश, सम्प्रदायमा विभिन्न किसिमले परम्पराहरु चले पनि यसलाई बौद्ध परम्परा भन्ने वा नभन्नेमा समेत विशेष विश्लेषण हुन आवश्यक देखिन्छ । विभिन्न समय, विभिन्न राजनीतिक परिवेशमा विभिन्न देशहरुमा सास्कृतिक अतिक्रमण, थिचो मिचो, अन्याय अत्याचार आदि कारणले परम्पराहरुमा फरक फरक हुँदै आएको मानव इतिहास नै हुन्। अतः कुनै साम्प्रदायिक, कुनै देशको रितिथितिलाई बौद्ध धर्मावलम्विहरुले मानेको कारणलेमात्र बुद्ध धर्म र संस्कार भन्न नसुहाउने देखिन्छ ।

अंगुतर निकायको धर्म वर्गको केही प्रसङ्गमात्र उतार्ने हो भने पनि धर्मको खास अर्थ बुझ्न कठिन नहोला । यसमा दुई दुई वटा धर्मको व्याख्या गरेको पाउन सकिन्छ । जस्तै चित्त विमुक्ति र प्रज्ञा विमुक्ति; वीर्य (प्रयत्न) र अविक्षेप (चित्त एकाग्रता); नाम र रुप; विधा र विमुक्ति; भव दृष्टि र विभव दृष्टी; लज्जा र पाप; दुर्वचन र पापी मित्र; सुवचन र कल्याण मित्र; धातु (१८)को ज्ञानमा कुशल हुनु र मनसिकारमा कुशल हुनु; आपत्ति (दोष)को ज्ञानमा कुशल हुनु र दोषलाइ कम गर्नेमा कौशललाई

https://dhamma.digital

धर्मको रुपमा प्रष्टाएको छ। अझ त्रिपिटक साहित्यको कैयौं पुस्तकहरुमा उल्लेख भइरहेको विभिन्न व्याख्याहरुमा कुनलाई धर्म मान्ने ?

ग) परित्राण पाठ :

थेरवादी संस्कृती परम्परामा विभिन्न अवसरमा विभिन्न पाठहरु हुने, भगवान बुद्ध स्वंयले वाचन गर्नु भएका नै हुन्। भगवान् बुद्धकालमा समेत महापरित्राण सात दिन सात रातसम्म अटुट रुपमा चलेको कुरा धम्मपद अट्ठकथामा आइरहेको छ।[x]

यी पाठहरुमा बुद्ध धर्म संघ शरण देखि, भगवान बुद्धले विभिन्न समयमा विभिन्न अवसर तथा भिन्नाभिन्नै परिस्थितिमा व्यक्तिहरुलाई दिएको शिक्षाको अर्को रुप नै हुन्।

निश्चित रुपमा यी सूत्रहरुको महत्व व्यक्तिको मानसिक, शारीरिक बल, क्षमता अभिवृद्धिको लागि लाभदायक हुन्छन्। तर यसको अर्थ यो पाठहरु वाचन गर्नाले मात्र यसको लाभ हुने नभइ यसको शिक्षा ग्रहण गरी तद्अनुरुप दैनिक जीवन व्यवहारमा यसलाई उतार्नुमा हुन्छ। वस्तुतः यो कुनै मन्त्र, तन्त्र नभइ व्यक्तिले जीवनमा गर्नुपर्ने साधना अभ्यासको लागि नै हो।

कुनै व्यक्तिको देहावशान पश्चात परित्राण पाठ गराउने इच्छालाई बुद्ध शासनिक कार्यको निरन्तरताकै कडीको रुपमा लिन सकिन्छ। तर यहीमात्र नै धर्म भनी बस्नु अर्को महाभूल हुने ठान्छु।

घ) कर्मकाण्ड र जीवन :

थेरवाद साहित्यमा कर्मकाण्ड र संस्कारको लागि कुनै स्थान छैन। चित्त चैतशिक कार्यको भेद, त्यसमा हरदम सजकता रही कुशल कार्यगरी, क्लेश हटाई निवार्णको मार्ग पछ्याउने नै बुद्धशिक्षा हो। चार प्रकार

https://dhamma.digital

श्रोतापत्ति, सकृदागामि, अनागामी, हुँदै अरहंत हुने लक्ष्यलाई कुनै पनि प्रकारको संस्कार बाधा अवरोधकै रुप लिन सकिन्छ । समाजमा ३९४ अथवा ३५७ थरीका व्यक्तिहरु हुन्छन, यिनीहरुको चारीत्रिक भेद बुझ्न, तद्अनुरुप आफ्नो कार्य सुधार गर्नु नै बुद्धशिक्षा हो, कर्मकाण्डले सुधारिदैन । धर्मगुप्त भन्तेले 'पुग्गलपञ्ञत्तिको (अनुवाद-नेपालभाषा)' भूमिकामा लेख्नु भएको वाक्याशं यहाँ सान्दर्भिक हुन्छ । "यो ग्रन्ठद्वारा कर्मकाण्डमा अलमल भइ के गर्ने कसो गर्ने भएका मानवहरुलाई शुद्ध, स्वच्छ र निर्मल धर्ममा अग्रसर भइ बुद्धशासनमा बसी जीवन सार्थक गर्न सफल हुन्छ भनी आशा गर्दछु ।"[xi]

बोधिसत्वले विभिन्न जन्ममा छोरा, पत्नी, दाजु, बुबा, हजुर बुबा बित्नु भएको समयमा, विभिन्न व्यक्तिहरुले मौन बसेको, रुने नगरेको, चिन्ता नलिएको आदि इत्यादी प्रश्नहरुमा दिनु भएको जवाफबाट नै प्रष्ट हुन्छ, मृत्यु संस्कार ठूलो होइन । जीवित व्यक्तिहरुको कृयाकलाप, रुने कराउन नभइ, शान्त वातावरण दिने, अनित्यताको स्मरण, मृतक व्यक्तिको गुणानस्मण, स्वच्छ वातावरण दिनु हो । केही जवाफहरु निम्नानुशार रहेको छ ।[xii]

१) सर्पले काँचुली फेरे झैं यो पनि आफ्नो शरीर छोडेर गयो, यसमा के विलाप गर्नु । (छोराको मृत्यमा)

२) रोएर के हुन्छ, जसरी नबोलाइकन आएको पाहना हुन, त्यसरी नै विना खवर गरेर गयो (परिवारका अन्य सदस्यहरुको जवाफ) ।

३) जसको स्वभाव टुट्ने हो, त्यो ढिला चाँडो फुटी हाल्छ, हरेक प्राणीको स्वभाव मरण धर्म नै हो, यसमा के रुनु ? मरे पछि आफनो कर्म अनुसार कुनै अरु लोकमा जन्म हुन्छ । अब त्यो मेरो को पर्दछ ? (पत्नीको मृत्युमा)

४) धेरै रोएर पनि मृतक व्यक्ति जीवित हुँदैन, ... रुने व्यक्ति आफैले आफैलाई हिंसा गर्छ, अरुलाई पनि रुलाएर अरु प्रति पनि हिंसा

https://dhamma.digital

गर्छ। त्यसैले रुनु वेकार हो। (पिताको मृत्यमा)

स्वयं भगवान बुद्धको जीवनीमा एक जना व्यक्तिले श्राद्ध गरी आफ्नो बुबालाई तार्न अनुरोध गर्न भएको प्रसङ्ग - दुईवटा घ्याम्पो मध्ये एउटामा पत्थर र अर्कोमा घिउ भर्न लगाइ, दुवै पोखरीमा डुवाउन लगाइ, "पत्थर भएको घ्याम्पो माथि आउँ, घिउ भएको घ्यापो तल जाउँ" भनी प्रार्थना गर्न लगाउँदा त्यो त हुन सक्दैन भनी सो व्यक्तिमा भएको अन्धविश्वास मेटाएको घटना पाउँछौं।

भगवान् बुद्धले देखाउनु भएको मार्ग वास्तवमा जीवन जिउने कला हो मृत्यु पछिको संस्कार पद्धति ठूलो होइन। जीवनको हरेक पलमा सुख र कुशलकार्य सहित जीवन जिउन सकेमा मृत्य त सहज नै हुन्छ। मृत्यु पछिको संस्कार पद्धतिको (आफ्नो) व्यक्तिको चासो र चिंता होइन अपितु आफ्नो जीवनकालमै के कस्तो कर्मकाण्ड गर्ने नगर्ने, सहभागी हुनु नहुने तर्फ सजक हुनु नै जीवनको सार्थकता हुने ठान्छु।

यस प्रसङ्गमा दिवंगत छैठौं संघ नायक भिक्षु श्री अश्वघोषका केही भनाइहरु अझ सान्दर्भिक हुने ठान्छु। "आफ्नै जीवनमा बुद्धले कर्मकाण्ड र अन्धविश्वासको सशक्तरुपमा विरोध गर्नुभएको थियो। आजकल बौद्धहरु नै कर्मकाण्ड प्रभावले ग्रस्त भएझैं छ। हिन्दुसंस्कारयुक्त समाज व्यवस्थाको कारणले गर्दा कर्मकाण्डलाई अपनाएर बुद्धको शिक्षालाई व्यवहारमा उतार्न पनि असमर्थ भएका छन।"[xiii]

बौद्ध सम्प्रदायका थरी थरीका संस्कारहरुलाई 'बुद्ध धर्म' भन्नु स्वयं तथागतको अवमुल्यन गर्नु, बुद्धशिक्षा (त्रिपिटक)को अववोध गर्नु नै हुनेछ। आज बुद्ध धर्म भनेर कुनै सम्प्रदाय, कुनै जात जाति, कुनै परम्परामा सिमित नराखी संसारमय गर्नु पर्छ। यस अर्थमा पनि सबैको सोचको दायरामा व्यापक परिवर्तन, साँघुरीएको घेरा वा बन्धनबाट खुल्ला ह्रदयबाट खोज निती गर्न समेत सबै व्यक्तिको कर्तव्य र धर्म नै हुन आउँछ। अझ

https://dhamma.digital

यसमा बौद्ध धर्मावलम्वीहरुको (?) काँढमा ठूलो जिम्मेवारी र चूनौती संगसंगै महान अवसर पनि मिलेको अवस्था छ।

यदि आमा बुबा गलत शिक्षामा छ भने छोरा छोरीको कर्तव्य हुन सही मार्ग देखाउनु भने अर्कोतर्फ आमा बुबाको पनि कर्तव्य हो छोरा छोरीलाई सही मार्ग देखाउनु। मृत्यपछि परिवारजन वा आफन्तहरुले मृतक प्रतिको श्रद्धा, गुणानुस्मरणको लागि दान आदी आदि कृयाकलाप गर्नु व्यक्तिहरुको कर्तव्य र धर्मको केही अंशमा सहभागी हुनुमात्र हो, त्यसैलाई धर्म मानी बसेमा फेरी अर्को खतराको बाटो हुने देखिन्छ। यसलाई नै बुद्धधर्मको संस्कार भनी अल्भिनु फेरी अर्को महाभूल हुने थान्छु। यसैलाई धर्म मानेर बस्न थालेमा एउटा कर्मकाण्डको विकल्पमा फेरी अर्को कर्मकाण्ड मात्र आएको मान्नुपर्ने हुन्छ।

यसमा विशेष सतर्क हुन आवश्यक ठान्छु। यसमा अझ बौद्ध धर्मावलम्विहरुले कतै दोहोरोपन अभ्यास त गरीरहेको छैन ? पुरानो परम्परा र अझ त्रिपिटक साहित्यमा नभएका कर्मकाण्डहरु पनि गरीरहने फेरी बौद्ध संस्कार भनी गर्व गर्नेहरुले कतै आफैलाई धोका त दिइरहेको छैन ? यता तर्फ पनि बौद्ध बिद्धजनबाट खोजीनिति गर्न ढिलाइ गर्न नहुने ठान्छु।

आखिरमा च्युतिचित्त (मरण बेलाको चित्त) बमोजिम नै प्रतिसन्धि (नयाँ जन्म) चित्त हुने हो। यस अर्थमा व्यक्तिको जीवन भरी कुशलकार्य संग्रह गर्नु, मरण बेला पनि कुशलकार्यहरुको स्मरण गर्नु नै हो। यस अर्थमा पनि मरण पछिको कर्मकाण्डको औचित्य त विलकुलै देखिदैन।

भगवान बुद्धले ४५ वर्ष सम्म गाउँ गाउँ नगर नगर घुमी व्यक्तिहरुलाइ दुःखबाट छुटकारा पाउन विभिन्न किसिमले शिक्षारुपी समाज सेवा गरेको हो, त्यो मानव इतिहासमा अतुलनीय छ।

समाजमा चलिरहेका परम्परागत मृत्यु संस्कार पद्धतीमा समसामयिक सुधारको आवश्यकता महसुस हुन्छ। आखिरमा यहाँ समाज समाज भनेर

https://dhamma.digital

जुन अमुर्त प्रथा, चलन, व्यवहारलाई देखाउन प्रयास भइरहेको छ, त्यो पनि सही लाग्दैन । आखिरमा अर्मुत समाज, निर्जीव समाज आफैले कसैलाई यसो गर वा उसो नगर भन्ने त होइन । आखिरमा व्यक्तिहरुले गर्ने कार्यहरुलाई सामाजिक कार्य, समाजको भनेर किन भन्न खोजेको ? आखिरमा राम्रो वा नराम्रो जे गरे पनि व्यक्तिहरुले गर्ने होइन र ? तर पनि समाजको हवाला दिएर परम्परागत कुरीती विंसगतिहरुलाई पनि छाड्न नसक्नु वा नचाहनु समाजले हो कि व्यक्तिले ?

भगवान् बुद्धको शिक्षालाइ कुनै घेरामा मात्र सिमित गर्न सकिदैन, वस्तुतः त्रिपिटकका सर्वज्ञाता नभएसम्म हामी जस्ता सर्वसाधारणजनले धर्मको व्याख्या गर्नु दुःष्साहस नै गरेको ठहरीन्छ। अन्य मतावलम्वीहरुको के कस्तो कर्मकाण्ड हो त्यतातिर विचार नगरी बौद्ध उपासक उपासिकाहरुले (विशेषगरी थेरवादीतर्फका) अनावश्यक कर्मकाण्डमा जोड दिनुलाई कुनै हालतमा उचित ठहराउन सकिदैन भन्ने मेरा बुझाइ हो ।

नेपाल र भारतमा समेत शुद्ध बुद्ध वचनहरु हराई सकेको अवस्थामा श्री लंका, बर्मादेशमा संगायन (बुद्ध वचन लिपिबद्ध) कार्यबाट पुनः नेपालमा आएको परिवेशलाई कतै कतै आयातित धर्म, हाम्रो मौलिक, परम्परागत धर्म होइन भन्ने पनि यदा कदा पढ्न तथा सुन्न पाइरहेको अवस्था पनि हो। आखिरमा बुद्धले प्रथम धर्मचक्र प्रवत्तन गरेको स्थान सारनाथ होउन् वा धेरैजसो सूत्रहरु भनेको स्थान श्रावस्ती नै किन नहुन वा अन्य विभिन्न स्थानहरु पनि हालको भारतमा नै पर्छ। के ती वचनहरु पनि आयातित भन्ने ? अथवा यी साहित्यमा (थेरवादी तर्फ) उल्लेख नभएको वचनहरुको वाचन, पाठ गरेको लागि बुद्ध धर्म भन्ने हो भने बुद्धभन्दा महान र अर्को बुद्धको उत्पति भएको मान्न सकिन्छ र ?

बुद्ध वचनका कैयौं शब्दहरुसंग नै अपरिचित समाज, व्यक्तिहरुले सो संग विषयवस्तुको अध्ययन अनुसन्धान विना नै त्रिपिटक साहित्यमा कुनै

https://dhamma.digital

सम्बन्ध नै नभएको कर्मकाण्ड संस्कार पद्धतीलाई मानेर समय, अर्थ, समाजमा अनुत्पादक कार्यद्वारा स्वंय र समाजकोमात्र अहित गरेको होइन अपितु बुद्ध शासनलाइ पनि कमजोर बनाएको नै मान्न सकिन्छ ।

ङ) नेपालको सामाजिक अवस्था :

नेपालको करीव १०० वर्ष अघिको चित्र बुझ्न महाप्रज्ञाको जीवनीमा उल्लेख भइरहेको एउटा घटना उतार्न सान्दर्भिक हुन्छ । वहाँ महाप्रज्ञा, ल्हासा गएर दिक्षा लिएर पल्ध्यन श्यरव (महाप्रज्ञा)को रुपमा नेपालमा फर्किए । फर्किदाको एउटा घटना नेपालको सामाजिक अवस्थाको चित्रण बडा मार्मिक रुपमा प्रस्तुत भएको छ ।

एउटा विकट क्षेत्रमा पाटनको एक बाँडा परिवारले घर छोडी जानु परेको कारण र उक्त व्यक्तिको भनाई ....".नेपाल देशको रितिथिति बडो भयंकर छ।........ कुल व्यवहार गर्न ती दाजुभाईका सन्तानले कर कापमा पारेर घरखेत बेचेर फेरी साहुसंग ऋृण लिएर पनि चलाउन बाध्य पारे । म एक्लोलाई माथि उक्लनै नसक्ने बनाए, जिउमा वस्त्र समेत लाउन नसक्ने भएँ । ....ती दाजुभाइको जालसाजीमा परेर नाँगो अवस्थामा पुगे । तीनीहरुकै षडयन्त्रले साहु लाग्यो । तीनै दाजुहरुले हामीलाई नोकर सरह व्यवहार गरे। इष्टमित्रसँग सहायता माग्दा गरीबको पक्षमा कोही रहेनछ, झन गिल्ला गर्दछन। ..... दुइ सन्तान जन्माई आमा चाहिले प्राण छोडेर पार लागिन र हामी तीन जना छौं, कति दिन बाच्नपुर्ने हो थाहा छैन।"[xiv] यो परिवेशसंग नेपालको हालको सामाजिक अवस्थामा भौतिक रुपमा परिवर्तन आए पनि मानसिक सोचाइमा अझ पनि खासै भिन्नता नआएको अनुमान हुन्छ ।

आखिरमा धर्म भएको भए त कसैलाई दुःख नहुने पर्ने, धर्मले त सहयोगी भूमिका निभाउनु पर्ने थियो । तर संस्कृति, परम्पराको नाममा

https://dhamma.digital

(धर्मको आडमा) कस्तो अधर्म र विकृतिजन्य श्रृखला मानिरहेको छौं, यसमा पनि गहन विचार विमर्श गर्नु आजको आवश्यकता हो। यस अर्थमा फेरी अझ निर्भिकताका साथ भन्न सक्छौं, धर्म र परम्परा नितान्त फरक विषय हुन । अझ यसमा बुद्धशिक्षा (धर्म)ले व्यक्तिको कर्महरु सुधारको लगि आफै लाग्ने उत्पेरीत गर्ने हो । कसैले कसैलाइ तार्न सक्दैन, सबैले आ-आफ्नो कर्मको फल भोग्ने हो, यस अर्थमा पनि समाजमा प्रचलित संस्कारलाई धर्म मान्न सकिदैन । यो परम्परा कस्तो र कसरी मनाउने भन्ने कुरा व्यक्तिहरुको स्वयंको इच्छामा भर पर्ने हो, त्यसमा समाज (?)ले जोडवल दिन नहुने ठान्छु ।

च) मेरो अनुभव :

बाल्यकाल, युवाकालमा नै कस्तो प्रभाव थियो, क्रमशः सामाजिक रीतिथितिबाट टाढा हुँदै गएँ ? वि.सं. २०४९ सालमा विपश्यना जानु अघि नै टीका लाउने आदि परम्परासहित मासु सेवन पनि छोडेको थिएँ । त्यसपछि त क्रमशः अन्य विधि व्यवहारजन्य कार्यक्रमहरुमा पनि सरिक हुने संख्या घट्‌दै गयो ।

बुबाको निधन, आमाको निधनपश्चात गर्नु पर्ने कैयौं परम्परामा सामेल भएन, आफूले गरिन पनि । हरेक वर्षको तिथिको सम्झनामा आफुले विहारहरुमा दान दिने कार्य गरें । कोरानाकालमा बैक ट्रान्सफर गरी काठमाडौं, लुम्विनी, बुटवलको केही विहारहरुमा दान दिने कार्य गरें ।

आमाको निधनको एक महिनापछि आफन्तहरु सहित बुद्ध विहारमा भन्ते भोजन, परित्राण पाठ गरी सम्पन्न गरेँ ।

बाल्यकाल, युवाकालमा साथीभाइसँग निकै बहस हुन्थ्यो, आखिरमा जुनसुकै परम्परा, कर्मकाण्ड, पर्व, जात्रा आदि कुनै न कुनै अवसरपारी व्यक्तिहरुले नै समयक्रममा बनाएका, श्रृजित गरेका नै हुन्। यसमा मानेर

a b

https://dhamma.digital

के हुन्छ, नमानेर के बिग्रिन्छ ? त्यो प्रश्न सधैं जसो बहसको विषयनै हुन्थ्यो ।

मैले केही कर्मकाण्ड गरिएन ? समाज र देशमा कर्मकाण्ड नगरेको व्यक्ति म मात्र त पक्कै पनि होइन होला ।

समयको वहावसंगै आमाको एक वर्षका तिथी पनि बुद्ध विहारमा गरे, दुई वर्षको तिथी धर्मकीर्ति विहारमा महापरित्राण पाठ गरी सम्पन्न गरें । दिंवगत बुवाको स्मरणमा जन्म जयन्तिको दिन समापन गर्ने गरी २०८० साल बुद्धविहार, भृकुटीमण्डपमा भन्तेहरुबाट साप्ताहिक अभिधम्म पाठ देशना, जलपान, भन्तेहरुलाई भोजनदान (अन्तिम दिन) गरी समापन गरे ।

यसै गरी २०८२ बैशाष ६ गते आमो तीन वर्षको तिथीको अवसर पारी निर्वाणमूर्ति विहार, किम्डोलमा गुरुमाहरुबाट महासतिपट्ठान सूत्र पाठ, धर्म देशना तथा भोजन दान गरी सम्पन्न गरे ।

Dhamma.Digital

https://dhamma.digital

अध्याय तीन : परियत्ति पाठ्यक्रम एक विवेचना :

क) पाठ्यक्रम र विषयबस्तु :

कक्षा सात देखि दश (१०) सम्म विभिन्न विषय, विभिन्न सूत्रहरु देखि विभिन्न देशका बुद्धधर्म र बौद्ध स्मारकहरु, बौद्ध व्यक्तित्व तथा बौद्ध समाज, अष्टांगिक मार्ग, अभिधम्म, दश संयोजन, बौद्ध ध्यान सैद्धान्तिक ज्ञान र अभ्यास, समकालीन बौद्ध अभियान, देखि टर्म पेपर आदि इत्यादीको पाटो सुखकर नै मान्न सकिन्छ ।

यी विविध विषय वस्तुहरुमा पाली व्याकरण, अभिधम्म, विशुद्धिमार्ग, धम्मपदहरु विशेष रुपमा कठिन नै मान्न सकिन्छ । यी विषयहरुमा पाली भाषाको अध्ययन, धम्मपद गाथा, अभिधर्माथ संग्रह, जीवनको प्रत्येक घडीमा अभिधम्मको उपयोग पुस्तकले व्यक्तिलाई बुद्ध शिक्षा र जीवनमा यसको प्रयोगबाट नै सही कुशल हुने दर्शाएको कुरा अझ विशेष स्मरण गर्न मनासिव हुन्छ ।

विभिन्न देशका बुद्धधर्म र बौद्ध स्मारकहरु पनि शब्दहरुको विविधताको कारणले सहज त पक्कै पनि छैन । तर यी विभिन्न देशका बुद्धधर्म र बौद्ध स्मारकहरुको अध्ययनबाट विश्वका भिन्न कालखण्डमा बुद्ध धर्मको उत्थान पतन, राजनीतिक हस्तक्षेप देखि बौद्धमार्गीहरुमा भएको अन्याय अत्याचारको कहालीलाग्दो अवस्था पनि पढ्न सकिन्छ । यसको विपरित जर्मनी, ब्रिटेन जस्तो देशमा बुद्धशिक्षा र शासनको विकासमा त्यहाँका बुद्धिजीवीहरुको योगदान पढ्दा हामी नेपालीहरु बुद्ध जन्मेको देश भनेर मात्र रमाएको तर यसको विकास प्रवर्द्धनमा खासै योगदान नगरेको हो कि भन्ने अनुभुति हुन्छ ।

भगवान् बुद्धकालिन विभिन्न उपासक उपासिकाहरुको कथा कुटदन्त ब्राह्मण, चकीं ब्राह्मण कसी भारद्वाज, अजात सत्रु, महामाया प्रज्ञा गौतमी,

https://dhamma.digital

पटाचारा, विशाखा आदि देखि आधुनिक कालमा विभिन्न भन्ते बुद्ध धर्मको विकासमा योगदान समेटिने गरी समायोजन गरेका पाठ्यक्रमलाई सराहनीय नै मान्न सकिन्छ ।

यी मध्य संयुक्त निकायका केही पाठ, सूत्र उल्लेख गर्न सान्दर्भिक हुनेछ ।

१) जागर सूत्र :

"कति जागरतं सुता, कति सुत्तेसु जागरा ।
कतिभि रजमादेति, कितिभि परिसुज्झती"ति ॥

अर्थ : जागेका मध्यमा कति सुतेका छन, सुतेका मध्येमा कति जागेका छन ? के ले मैल लागेको हुन्छ ? परिशुद्ध कसरी हुन्छ ?

"पञ्च जागरतं सुत्ता, पञ्च सुतेसु जागरा ।
पञ्चभि रजमादृति, पञ्चभि परिसुज्झती"ति ॥

अर्थः जागेका मध्येमा पाँच सुतेका छन् सुतेका मध्ये पाँच जागेको छन् । पाँचबाट मैल लाग्छ, पाँचबाट परिशुद्ध हुन्छ ।[xv]

श्रद्धा, वीर्य, प्रज्ञा, स्मृति र समाधि पाँच इन्द्रिय जागेको बेला कामाच्छन्द, व्यापाद, थीनमिद्ध, उद्धच्चकुक्कुच्च र विचिकिच्छा पाँच नीवरण सुतेको हुन्छ । यसको विपरीत पाँच नीवरण जागेको बेला पाँच इन्द्रिय सुतेको हुन्छ । उक्त पाँच इन्द्रियद्वार नै परिशुद्ध हुन्छ, भने पाँच नीवरणद्वारा नै मैल लाग्छ ।

२) कसीभारद्वाज सूत्र :

कसीभारद्वाजः

"कस्सको पटिजानासि, च च पस्सामि ते कसिं ।
कस्सको पुच्छितो ब्रुहि, कथं जानेमु, तं कसि"न्ति ॥

अर्थः आफूलाई कृषक भन्नुभयो तर मैले तपाईको कृषि कार्य देख्दिन ।

भगवान् :

"सद्धा बीजं तपो, बुट्ठी, पञ्ञा मे युगनङ्गलं ।
हिरी ईसा, मनो योत्तं, सति मे फालापाचनं ॥

https://dhamma.digital

अर्थः श्रद्धा बीज, तप, वृष्टि, प्रज्ञा मेरो जुवा र हल हो। लाज हलको फाल हो, मन डोरी हो, स्मृति मेरो वृषभ हाक्ने छडी हो।

कायगुतो वचीगुते, आहोर उदरे, यतो।
सच्चं करोमि, निद्दानं, सोरच्चं मे पमोचनं॥

अर्थः काय संयत, वचन संयत, आहारमा मात्रज्ञ, सत्यद्वार छेडन, तथा उखाड्ने कार्य गर्दछु। विनम्रता नै मेरो निर्वाण हो।

विरियं मे धुरधोरय्हं, योगक्सेमाधिवाहनं।
गच्छति अनिवत्तन्तं, यत्थ गन्त्वा न सोचति॥

अर्थः निर्वाणतिर अभिमुख हुने वीर्य हलो जोत्ने वृषभ हो। त्यो अनवरत निर्वाणतिर लागेका हुन्छ। जहाँ पुग्दा शोक गर्नुपर्दैन।

एवमेसा कसी कट्ठा, सा होति अमतप्फला।
एतं कसिं कसित्वान, सब्बदुक्खा पमुच्चती"ति॥

अर्थः यसरी मेरो खेती कार्य हुन्छ,। त्यो अमृतफलको निम्ती हुन्छ। यसरी कृषि कार्यगर्दा सबै दुःखबाट मुक्त हुन्छ। ....

३) पथमअपुत्तक सुत्त :

अमनुस्सट्ठाने उदकंव सीतं, तदपेय्यमानं परिसोसमेति।
एवं धनं कापुरिसो लभित्व, नेवत्तानं भुञ्जति नो ददाति॥

अर्थ : अमनुष्य भएको जलाशयको शीतल पानी कसैले नपिउँदा सुकेर जान्छ। यसरी नै असत्पुरुषसँग धन हुँदा पनि न आफूले उपभोग गर्दछ, न त दान नै दिन्छ।

धीरो च विञ्ञु अधिगम्म भोगे, सो भुञ्जति किच्चकरो च होति।
सो ञातिसङ्घं निसभो भरिता, अनिन्दितो सग्गमुपेति ठान"न्ति॥

अर्थ : धीर र विज्ञले भोग्य वस्तुलाई आफूले पनि उपभोग गर्छ, काममा पनि लगाउँछ। उसले आफन्त-संघलाई पनि भरण पोषण गर्छ अनि आनिन्दित भइ स्वर्गस्थान प्राप्त गर्छ।

https://dhamma.digital

ख) परियत्ति र जीवन

जीवनमा परियत्ति शिक्षाको अपरीहार्यता भएकोमा कसैको विमति हुन सक्दैन । भगवान् बुद्धले ४५ वर्षसम्म गाउँ गाउँ नगर नगर चहारी दिनु भएको शिक्षा आजको विश्व समाजलाई झन आवश्यक भएको छर्लङ्ग छ। नेपाल परियत्ति केन्द्रले नीजी तवरमा केही दशक देखि सञ्चालन गरी रहेको परियत्ति कक्षा, परिक्षा आदिको व्यवस्थामा हाल काठमाण्डौं महानगर पालिकाको केही सहयोग भइरहेको समाचार प्रीति सुखकर छ।।

धर्मको तीन तह परियत्ति, पटिपत्ति, पटिवेध हुन् । आज परियत्तिमा (सैद्धान्तिक ज्ञान) मात्र जोड दिएर कुनै व्यक्तिले पटिपत्ति र पटिवेधमा ध्यान दिएन भने त्यसको औचित्य साबित हुन सक्दैनन्। जसले परियत्ति ज्ञान हासिल गर्दछ, त्यसले पटिपत्ति (व्यावहारिक, प्रतिपत्ति, प्रतिपादन, धर्मधारण गर्दछ अर्थात् शील समाधिको बाटोमा हिंड्छ) मार्ग अवलम्बन गरेको खण्डमा मात्र आफू तथा अर्काको पनि भलो हुन्छ, खालि सैद्धान्तिक ज्ञानले मात्र भलाई हुन सक्दैन। त्यसैगरी धर्मको तेश्रो तह पटिवेध (प्रतिबेधन) हो र यसमा व्यक्तिले आफ्नो चित्तको अध्ययन अनुसन्धान शुरू गर्दछ । यस प्रक्रियाबाट मनको विकारबाट मुक्त हुन शुरू हुन्छ। यसरी धर्मको तीनै तह परियत्ति, पटिपत्ति, पटिवेध निकै जरूरी छन् भने परियत्ति, पटिपत्तिको लागि, पटिपत्ति पटिवेधको लागि आवश्यक छ ।

वि.सं. २०२० साल देखि परियत्ति केन्द्र स्थापना भई सञ्चालन भइ रहेको यो शिक्षा ग्रहणबाट समाजमा के कस्तो परिवर्तनको भएको छ त्यसको समेत विवेचना गर्न अति आवश्यक छ। राज्य प्रणाली एकातिर र परियत्ति शिक्षा अर्कोतिर भएकोले यसको विस्तार विकासमा कम भएको तथ्य पनि नकार्न सकिदैन। यस परिवेशमा यसको दायरा, क्षेत्र विस्तारको लागि कुनै नौलो कार्यक्रमको खोजीनिति गर्न आवश्यक ठान्छु ।

आज समाजको विषम समस्याहरुको समाधानको लागि बुद्धशिक्षाको

https://dhamma.digital

प्रभावकारीता हुनेमा शंका छैन, यसको लागि पनि परियत्ति केन्द, परियत्ति परीक्षामा सहभागी महानुभावहरुबाट आ-आफनो कार्यक्षेत्रको अनुभव, शिक्षाको व्यबहारीकता र समाजको समस्या समाधान तर्फ केही सहयोग हुन सकेमा पनि गतिलो योगदान हुने ठान्छु ।

आखिरमा परियत्तिको मर्म त गतिवधि नै हो । ग्रहण गरेको शिक्षा व्यवहारमा लागु गर्न खोज्नु नै यसको मूल लक्ष्य हो । परियत्ति सद्दम्म कोविद उपाधि प्राप्त गरेपछि मात्र बुद्ध शासनको प्रगतिको निम्ति कार्य गर्ने होईन । सबै उपासक उपासकहरु, परियत्तिका विद्यार्थीहरुले समाजको हक हितको लागि तन मन धनले (आ-आफ्नो सामर्थ्य अनुरुप) बुद्ध शासनको अभिबृद्धि हेतु कार्य गर्नु कर्तव्य पनि हुन् । यहाँ निर कोविद दीक्षान्त समारोहको प्रतिज्ञा उतार गर्न उचित हुन्छ ।

"नेपाल बौद्ध परियत्ति शिक्षा अध्ययन गरी मैले भगवान् बुद्धको उपदेशहरु सिक्ने मौका पाएँ। यसको लागि अखिल नेपाल भिक्षु महासंघप्रति हार्दिक कृतत्रता ज्ञापन गर्दछु । नेपाल बौद्ध परियत्ति शिक्षाबाद्ध प्राप्त ज्ञानलाई मैले आफ्नो शारीरिक, वाचसिक र मानसिक कर्मले पालन गर्नेछु। मैले यो ज्ञान मेरो परिवार र समुदायलाई पनि सिकाउनेछु। यसरी नै परियत्ति शिक्षाको विद्यार्थी भएको नाताले बुद्धधर्मको विकास र संरक्षणमा सदा संलग्न भइ सक्दो योगदान दिने कार्यमा निरन्तर लाग्नेछु।"[xvi]

यस अर्थमा उपाधि प्राप्त भएकाहरु होउन वा नहोउन सबैको कर्तव्य यो शिक्षाको प्रचार-प्रसारमा तथा अझ पनि यसको निरन्तरता सहित यसको व्यापक दायराको खोजी नितिमा लागि रहनु पर्दछ । यसैमा अझ 'मिलिन्द प्रश्नमा' नागसेन भन्तेले राजा मिलिन्दमा (उपासक) भएको १० गुणहरु बताको छ, जुन सबै उपासक उपासिकाहरुले पनि आदर्शको रुपमा लिन सकिन्छ । यी १० गुणहरु निम्नानुसार रहेको छन् ।[xvii]

१) भिक्षुहरुसंग सुख दुःखमा सहानुभूति राख्नु पर्छ ।

https://dhamma.digital

२ धर्ममा अधिपति हुनु पर्छ।

३) यथासक्य दान दिनु पर्छ।

४) बुद्धशासन गिरेको अवस्थामा माथि उकास्न पुरा उद्योग गर्नु पर्छ।

५) सम्यक दृष्टिवान हुनु पर्छ।

६) कोतुहलवस जीवनभर अरु मतमा नलाग्ने हुनु पर्छ।

७) शान्तिप्रिय र एकताप्रिय हुन पर्छ।

८) शरीर र वचनलाई पुरा संयम गर्नु पर्छ।

९) खाली देखाउनको लागि मात्र धर्मको आडम्वर गर्नु हुँदैन।

१०) बुद्ध, धर्म र संघको शरणमा गएको हुनु पर्छ।



https://dhamma.digital

अध्याय चार : वर्तमान सामाजिक अवस्था एक चित्रण :

क) ऐन कानुन र गृही विनयबीच अन्तरसम्बन्ध :

देशमा मूल कानून संविधान र यसमा निहित भएर सयौं ऐन, कानुन, नियम, विनियमहरु पनि छन् । देशमा भएका विभिन्न ऐन कानुन मध्ये मुलकी देवानी संहिता २०७४ को प्रस्तावनामा उल्लेखित व्यहोरा यहाँ राख्नु सान्दर्भिक हुन्छ । 'मुलुकमा कानुन र व्यवस्था कायम गरी सर्वसाधारणको नैतिकता शिष्टाचार सदाचार सुविधा एंव आम वर्गको हित कायम राख्न तथा सामाजिक र सांस्कृतिक क्षेत्रका न्यायपूर्ण व्यवस्था कायम गरी विभिन्न मत वा सम्प्रदायिक बीचको सुसम्बन्ध कायम राख्नको लागि' भनी उल्लेख भएको यहाँ स्मरणीय छ ।

यस ऐनमा विभिन्न परिच्छेद, भागहरुमा समाज, व्यक्तिको दैनिक जीवनमा आइपर्ने व्यवहारहरुबारे चर्चा परिचर्चा गरेको छ । सामान्य रुपमा पनि अरुलाई दुःख दिन नहुने, अन्य व्यक्तिको इज्जत र मान प्रतिष्ठामा आँच पुऱ्याउन नहुने, कसैको सम्पतिमा क्षति पुऱ्याउने गरी कुनै कार्य गर्न नहुने लगायत असल छिमेकीमा हुनु/गर्नु पर्ने आदि इत्यादी प्रसङ्गहरु पाउन सकिन्छ ।

यो ऐनमा भएका प्रावधानहरु सबै व्यक्तिहरुले पालन गर्न सक्षम भएका समाजमा झैं-झगडा, अन्तरद्वन्द नभई, समृद्धिको पथमा लम्किने स्वतःशिद्ध हुन्छ। यस ऐनको प्रस्तावनामा उल्लेख भएको सर्वसाधारणको नैतिकता सदाचारको जुन प्रसङ्ग छ त्यो निकै सुन्दर लाग्छ तर नैतिकता, शिष्टाचार र सदाचारयुक्त जनमत तयार गर्ने के कस्तो तयारी वा पुर्वाधार छ भन्ने कुरा विचारणीय छ ।

आज देश समाजको दुरावस्थाको कारण भन्नु नै समाजको हरेक क्षेत्रमा कार्यरत बहुसंख्यक जनमत, जनताहरुमा गृही विनयको शिक्षा,

https://dhamma.digital

नैतिकको शिक्षाको अभावले भएको मान्न सकिन्छ वा सकिदैन ?

समाजको अवस्था, मुद्धा मामिला, झैं-झगडा, बृद्धा आश्रमको परिकल्पना र संचालन, आमा बुवाहरुको स्याहार संभारमा वादविवाद, अंश वण्डाको समस्या, सम्पतिको दुरुपयोग, सम्पति जम्मा गर्ने लोभ, तृष्णा, भ्रष्टाचार, हत्या देखि आत्महत्या, अनैतिकता तथा वर्तमान र विगतमा पनि सुन्ने पढ्ने गरेका विभिन्न काण्डहरुको संगालो आखिरमा समाजमा नैतिकता र सदाचारमा कमी भएको, यस्ता शिक्षाको कमी भएको, यस्तो जनमत तयार गर्नमा चुकेको अवस्था मान्न सकिन्छ कि सकिदैन ?

देशको ऐनको परिकल्पना अनुरुप जनमत तयार गर्नु प्रथम दायित्व र कर्तव्य पनि हो कि यसमा भएका प्रावधानहरु सबैले जान्नु पर्छ, कानुनको अज्ञानता क्षम्य हुदैंनन् भनेर मात्र राज्यको दायित्व पुरा भएको मान्न सकिन्छ र ? अझ अर्को शब्दमा भन्नुपर्दा समाजमा झैं-झगडा भएपछि कानुनको सहारा दिने राम्रो हो कि सकभर यस्तो अवस्था ल्याउन नदिनको लागि सक्षम र नैतिकवान जनमत तयार गर्नु राम्रो हुन्छ ? निश्चित रुपका अग्रगामी रुपमा वादविवाद नहुने वातावरण र जनताहरु नैतिकवान र सदाचारयुक्त जनमत तयार गर्नु नै लाभदायी हुन्छ ।

यस परिवेशमा भगवान् गौतम बुद्धले दिनु भएको सिंगाल सूत्र अझ स्मरणीय हुन्छ (हेर्नु होला पहिलो अध्याय) । गृही विनय (नियम)मा भएका शिक्षाहरु अहिलेको समाजमा झन सार्थक सिद्ध भएको देखिन्छ । यो शिक्षा प्रत्येक घर परिवारमा पुऱ्याउने, त्यसको परिपालनबाट मात्र समाजमा शान्ति सुव्यवस्थाको कल्पना गर्न सकिन्छ ।

वस्तुत: बुद्धशिक्षा माध्यमबाट नै संविधानको परीकल्पनालाइ साक्षात्कार गर्न सकिन्छ । खाली संविधान, ऐनबाट मात्र समाजमा अमन चैन कायम हुने कल्पना गर्नु पनि व्यर्थ नै हुन्छ । अत: बुद्धशिक्षा, गृही विनयको परिपालन नै आजको आवश्यकता हो ।

https://dhamma.digital

ख) अंगुतर निकायको महाचोर सूत्र तथा वर्तमान देश समाजको अवस्थाः

आज देशको यावत क्षेत्रमा सेवाको स्तर वा सेवाग्राहीले पाईरहेको सुविधा अथवा असुविधा, तनावको कुरादेखि सर्वत्र देखा परेको, सुन्न, पढ्न पाइरहेको विभिन्न विकृतिहरुको अवस्थाहरु हुन् । यो अवस्थालाई विचार गर्दा व्यक्तिहरुको कार्य कुशलता नभएको, कार्यप्रति सचेतता नभएको, कार्यको जिम्मेवारी (सेवा प्रदायक र सेवाग्राही) दुवैतर्फ थप सजकता नभएको आदि इत्यादीको कारण देखापर्न सक्छ। तर सबैभन्दा ठूलो कारणमा व्यक्तिहरुको भौतिक लाभ प्राप्तिको लागि लालायित भइ दुराचार कार्य तर्फ अग्रसर भइरहेको नै मान्न सकिन्छ ।

आजको विश्वको परिवेशलाइ सुहाउने त्रिपिटकअन्तर्गत अंगुतर निकायको 'महाचोर सूत्रको' केही प्रसंग यहाँ उतार्न सान्दर्भिक हुन्छ । यसमा भगवान् बुद्धले भिन्न-भिन्न प्रकार र परिवेशयुक्त हुने तीन प्रकारका चोरहरुको वर्गीकरण गरेर देखाउनु भएको छ ।

ती हुन् (१) विषम आश्रित, २) गहन आश्रित र ३) बलवान आश्रित ।

यिनीहरु क्रमशः नदी दुर्गम पहाड आदिमा बसी लुटपाट चोरी गर्ने, घना जंगल तथा रुखहरुको आडमा लुटपाट गर्ने तथा राजा-महाराजा, प्रधान आदिको बलमा चोरी लुटमार डकैति गर्ने चोर लुटेराहरु हुन् । यो उपमा पश्चात कायिक वाचिक दुश्चरित्र भएमा विषम आश्रित, मिथ्यादृष्टि भएमा गहन आश्रित तथा राजा, सत्ता आदिको बलमा आश्रित भइ गर्ने दुराचार आदिको तीन प्रकारको चोरी, डकैतिवाट आफूलाइ नै हानी हुने तथा ज्ञानीजनहरुबाट निन्दित हुने बताउनु भयो ।[xviii]

आखिरमा यो शिक्षाको मर्म व्यक्तिहरुले आफू यी तीनै थरीका चोर डकैतीबाट बच्नु भन्ने नै हो । व्यक्तिहरुले कुनै न कुनै बेला गल्ति गरेको हुन्छ नै, तर गल्तिको ढाकछोपको लागि पुनः पुनः गल्ति गर्नु भनेको अथवा यस्तै तीन थरीका चोर डकैती तर्फ लाग्नु नै हुनेछ । आज समाजमा

https://dhamma.digital

आफ्ना गल्ति पुनः नदोहऱ्याउने सत्प्रयास सबै व्यक्तिहरुको तर्फबाट हुन आवश्यक छ ।

ग) श्रोतापत्तिनै उत्तम :

मानव इतिहासको विभिन्न कालखण्डमा थरीथरीका सामाजिक प्रचलन, विविध राजनैतिक प्रणालीहरुको लागु भएता पनि व्यक्तिहरुको वास्तविक सुख शान्ति तथा अमन चैनमा स्थायित्व कुनै पनि व्यवस्थाले गर्न नसकेको शिद्ध छ । शान्ति अमन चैनको विपरित आज विश्वमा समस्याहरुको विकरालता थपिदैं गएको अवस्था होइन र ?

नेपालकै कुरा गर्ने हो भने पनि किरातकाल, लिच्छविकाल, शाहकाल, राणाकाल, पञ्चायती व्यवस्था, बहुदलिय व्यवस्था समेतको प्रयोग भइसकेको अवस्था हो । यसैगरी हालको संघीय गणतान्त्रिक व्यवस्थाले पनि जनताहरुको ईच्छा आकांक्षाहरुको परिपुर्ति र शान्ति सुव्यवस्था, हक अधिकार आदिको लागि जे जस्तो प्रयोग भए, के वास्तविक अर्थमा जनताले सुखको अनुभति गरेका मान्न सकिन्छ र ?

'राजनैतिक क्रान्ति होइन, अब आर्थिक सामाजिक क्रान्ति', 'अबको आन्दोलन अन्तिम आन्दोलन', आदि इत्यादी नाराहरु सहितको कयौं भाषणहरु भए, केही परीवर्तन भए तर जनताको दैनिक जन जीवनमा यसले सहजता ल्याएको अनुभति भएको छ वा छैनन् भन्ने प्रश्नको गहन अध्ययन अनुसन्धानको आवश्यकता महसुस हुन्छ । देशको विभिन्न प्रशासनिक निकायहरुले कस्तो र कुन प्रकारले सेवा प्रदान गरीरहेको छ तथा सेवाग्राहीले कस्तो प्रकारको सेवा प्राप्त गरीरहेको छ आदिमा समेत गहन विश्लेशण आजको आवश्कता हो ।

बिम्बिसार महाराजाको आधाराज्यको निम्तोलाई पनि अस्वीकार गर्नुभएका शिद्धार्थ गौतम, भगवान् बुद्धको शिक्षाको महता हाम्रो समाजमा

https://dhamma.digital

के कस्तो अवस्थामा रहेको छ ? यसको लेखाजोखा गर्न सायद अब ढिला गर्न नहुने ठान्छु। यहाँ धम्मपदको एउटा श्लोक राख्न उचित हुन्छ।

पथब्या एकरज्जेन-सग्गस्स गमनेन वा।
सब्बलोकाधिपच्चेन-स्रोतापत्तिफलं वरं॥

अर्थः सबै पृथ्वीको राज्यभोग गर्नुभन्दा, स्वर्गमा जानुभन्दा, सबै लोकको अधिपति हुनुभन्दा स्रोतापत्ति फल प्राप्त गर्नु नै उत्तम छ।

आजको विषम सामाजिक अवस्थालाई सुल्झाउन व्यावहारीक शिक्षाको महत्व भएको सर्वव्यापी माग नै हो तर पनि कस्तो खालको व्यावहारीक शिक्षा हो ? त्यसमा गहन चर्चा-परिचर्चाको आवश्यक छ। त्याग र परित्याग गर्न सक्नु पनि समाजको लागि ठूलो योगदान हुन्छ भने यो स्वंय व्यक्तिको महान धर्म पनि हो।

मनुष्य जीवन दुर्लभ भएको विविध कारणमध्ये, यो पृथ्वीको विभिन्न मुलुक, जाति, वर्गहरुले के-कस्तो शिक्षा पाउन सकेका छन्, कस्तो अवसर मिलेको छ, एउटै परिवारका सदस्यहरुमा पनि फरक सोच कृयाकलाप हुनु, फरक परिवेशको कारणले फरक शिक्षा, व्यावहारीक शिक्षा, अनमोल शिक्षा पाउने अवसर मिल्नु/नमिल्नुमा पनि विभिन्न संयोग आदिमा निर्भर हुने भयो। आखिरमा यो परिवेश मिल्नु/नमिल्नु पनि त मनुष्य जीवनको संगत, इच्छा आदि भेदको कारणले नै भएको हो। व्यक्तिको इच्छामा भेद भएझैं बुझाइमा पनि फरक हुन्छ नै। कोही-कोहीले एकैचोटी बुझ्ने क्षमता हुन्छ, त कोही-कोहीलाई बारम्वार भन्नु पर्ने हुन्छ। अझ कोही कोही त भनेर पनि नपुगी आफैले अझ बारम्वार अध्ययन गर्नु पर्ने हुन्छ। आखिरमा यस्ता भेदहरु भएझैं, अनमोल शिक्षा पाउनुको अवसर पनि फरक परिवेश र संयोगको मौका र अहोभाग्यको रुपमा प्राप्त हुन्छ। आखिरमा यो सबै पनि त मनुष्य जीवनमा नै प्राप्त हुने/नहुने निर्भर हुन्छ, अन्य प्राणीहरुमा यो अवसर त कदापि मिल्न सक्दैन।

https://dhamma.digital

अध्याय पाँच: उपसंहार

आज व्यक्तिहरु धर्मको नाममा विभिन्न रितीथितीमा अल्भिरही, वास्तवमा आफ्नो प्रज्ञा विकास गर्न बाटो, हरदम रहनु पर्ने स्मृति पूर्वक ध्यानमा रहने विषयवस्तु प्रति अनभिज्ञ भएको आभाष हुन्छ ।

यसै सिलसिलामा धम्म्पदको एउटा गाथा राख्न उचित हुन्छ ।

योगावे जायति भूरि-अयोगा भूरि संङ्खयो ।
एतं द्वेधापथं ञत्वा भवाय विभवाय च ।
तथा'त्तानं निवेसेय्य यथा भूरि पवड्ढति ॥

अर्थ: योग अभ्यासले प्रज्ञा बृद्धि हुन्छ, योग अभ्यास विना प्रज्ञा बृद्धि हुँदैन । बृद्धि हुने र अबृद्धिको यो दुई मार्ग बुझे आफूलाई त्यो मार्गमा लाउनु पर्दछ जुनमा प्रज्ञा बृद्धि हुन्छ ।

(मग्गवग्गो २८२)

अड्तीस (३८) मंगल धर्मको **पतिरुपदेवासो च, पुब्बे च कतपुञ्ञता** -अनुकुल देशमा वसोवास गर्न पाउन, पुर्व जन्मको पुण्यकर्म संचित भएकोहुन आदि मङ्गल भएको सम्झना योग्य छ । यस अर्थमा हामी नेपालीहरु भगवान् गौतम बुद्ध जन्मेको देशका बासिन्दाहरु भाग्यमानी भएकोमा गर्वमात्र नगरी धर्म पालन गर्न पनि थप कर्तव्य समेत हुन आउँछ।

यसै गरी **'अत्तसम्मा पणिधि च एतं मंगलमुत्तमं'** आफ्नो वास्तविक हित धर्मको शरणमा छ। यो शील, समाधि र प्रज्ञाले युक्त विशुद्ध धर्मलाई हामीले कति सुरक्षित गर्छ वा कति हामीले धर्म धारण गर्छ, त्यतिकै हामी सुरक्षित र संरक्षित हुन्छ ।

लाभ अलाभ, यश अयश, निन्दा प्रशंसा, सुख दु:ख यी 'अष्टलोक धर्म' आईपरेमा आफ्नो चित्तलाई विचलित नगर्नु, नि:शोकी हुनु, राग द्वेष र मोहरूपी धूलोमा नमुछिनु, निर्भयी हुनु, यो उत्तम मंगल हो ।[xix]

https://dhamma.digital

चित-शुद्धि मनुष्य जीवनको सार

कुन परम्परा वा संस्कारले चित्तलाई विचलित नगर्न, निःशोकी हुन, राग द्वेष र मोहरूपी धूलोमा नमुछिनु, निर्भयी नहुने बाटो देखाउन सक्छ ? फेरी स्मरण योग्य छ, महापरिनिर्वाण सूत्रको धर्म आदर्श, धर्म - पर्याय परिच्छेदमा बुद्ध, धर्म, संघको गुण वर्णन देखि, चार स्मृतिप्रस्थान भावनाद्वारा आफू हरदम स्मृतिवान भई बस्ने उपदेश बमोजिम धर्मको वास्तविक मर्म बुझ्न सकिन्छ।

आजको हाम्रो समाज तथा हामी उपासक उपासिकाहरु खाली धर्म शब्दमा मात्र झुण्डिरहनुको साटो त्यसको शिक्षा र मर्म ग्रहण गरी कर्मकाण्डलाई नै धर्म भनी अल्झिरहेको अवस्थाबाट पार हुने कोशिस गर्नु नै सबैको कल्याण हुने मार्ग हुनेछ ।

भगवान् बुद्धका अग्रश्रवाहक सारीपुत्र पहिले अन्य मतालम्विका थिए। भगवान्को सम्पर्कमा आई निर्मल धर्म प्राप्त गरेपछि पहिलेको आफ्नो गुरुप्रति कृत्तज्ञताभई, धर्मको सार तत्व बुझ्न, भगवान बुद्धको शरणमा जान अनुरोध गर्नु हुँदा भएका वार्तालाप स्मरणीय छ।

संजय : "बच्चाहरू, के यो लोकमा मूर्खहरू धेरै छन् कि पण्डितहरू ?"
सारिपुत्र : "आचार्य, मूर्खहरू नै धेरै छन्, पण्डितहरू भनेका थोरै मात्र छन्।"
संजय : "त्यसोभए, तातहरू, पण्डितहरू पण्डित श्रमण गौतमकहा जानेछन्, मूर्खहरू म कहाँ आउनेछन्। जाउ तिमीहरू, म जान सक्दिन।"

यसरी संजय पारीव्राजक भगवान्को सम्पर्कमा आउन नचाहेका प्रसङ्गमा भगवानले उदगार गर्नु भएको श्लोक अहिलेको समाजले ठूलो शिक्षाको रुपमा ग्रहण गर्न सकिन्छ।

असारे सारमतिनो, सारे चारादददस्सिनो।
ते सारं नाधिगच्छन्ति, मिच्छासङ्कप्पो॥

अर्थ : असारलाई सार मनमा राख्नेहरु, सारमा असार देख्नेहरुले सारलाई प्राप्त गर्न सक्दैनन, मिथ्यासंकल्पयुक्त भइरहने हुन्छ।

सारञ्च सारतो ञत्वा सारतो ञत्वा असारञ्च असारतो।
ते सारं अधिगच्छन्ति, सम्मासङ्कप्पोगोचरा॥

https://dhamma.digital

अर्थः सारलाई सार भनी, असारलाई असार थाहा पाई सम्यक्संकल्पले युक्त भएकोले सारलाई प्राप्त गर्दछ।

यो शिक्षा अनुरुप नै पनि आज नेपालमा भइरहेका विविध सामाजिक परम्परा यस्तै असारलाई सार ठान्ने त भइरहेको छैन ? विज्ञजनहरुबाट धर्मको कसीबाट यसलाई नियाल्न, घोटल्न अति जरुरी छ।

भगवान् बुद्धकालमा अन्य मतका कैयौं बाह्मणहरु तथागतको उपदेश सुन्ने अवसर प्राप्त भई धर्मबोध पश्चात त्रिरत्न शरणमा आएको घटनाहरु पढ्न पाउँछौं। कुटदन्त ब्राह्मण, कसी भारद्वाज ब्राह्मण, आदि हजारौ व्यक्तिहरु भगवानको सम्पर्क आउने अवसर मिली सद्धर्मको सम्पर्कपश्चात बुद्ध, धर्म र संघको शरणमा आएको घटनाहरु यथेष्ठ छन। ती अवसरमा सबैले प्रायः उदगार गरेका वाक्य यहाँ राख्न प्रासागिंक हुनेछ। "धन्य, भो गौतम ! धन्य, भो गौतम ! जस्तै घोप्टिएकोलाई उत्तानो पारिदिँदा वा ढाकिएकोलाई उघारिदिँदा वा बाटो भुलेकोलाई बाटो देखाइदिँदा अथवा अन्धकारमा तेलको दियो राखिदिँदा आँखा हुनेले रूप देख्दछ, त्यस्तै गरी भो गौतम ! भगवान्ले मलाई अनेक प्रकारले धर्म-प्रकाश पारिदिनुभयो। भो गौतम ! अब म पुत्र, भार्या, परिवार, अमात्यसहित तपाईं गौतमको शरण पर्छु, धर्म र भिक्षुसंघको पनि। तपाईं गौतमले मलाई आजीवन शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस् ।

अझ संक्षेपमा भन्नु पर्दा बुद्ध, धर्म संघ शरणमा जानु हो, शील समाधि प्रज्ञाको बाटो अवलम्वन गर्नु हो। यसमा अझ विशेष सर्तक हुनु पर्दछ यो बुद्ध, धर्म संघ शरणमा जानु भनेको दैनिकी पाठ गर्नुमात्र नभइ त्यस अनुरुप आचरणमा ल्याउनु हो। त्यसै गरी शील लिने वा दिने पनि होइन आफूले पालन गर्ने हो। शील भन्ने कसैले दिएर आउने होइन, आफै पालन गनुपर्ने हो।[xx] आफूलाई आफूसंग प्यार छ भने शील पालन गर्नु पहिलो पूर्वाधार हो। त्यस पछि समाधि र प्रज्ञाको बाटोमा जान सकिन्छ।

https://dhamma.digital

बुद्धशिक्षाका ८४ हजार स्कन्धमा आज हामीले सबै नै धर्म र व्यक्तिले आचरणमा ल्याउने ज्ञान नै पाउन सकिन्छ। लोभ द्वेष मोहबाट पार हुनु वा दान शील भावना सहितको जीवन जिउने कलाले भरिपूर्ण शिक्षा नै बुद्धशिक्षा हो।

आज समाज विश्व यस्तो अमूल्य शिक्षाको लाभबाट वंचित त भइरहेको छैन ? अन्यथा मरणपछि सबै छोडेर जानु पर्ने धन सम्पतिको संग्रहमा व्यक्तिहरुको अन्धाधुन्ध दौडधुपको नहुनु थियो कि ? अथवा व्यक्तिको मरणपछि जाने धर्म र पापमध्ये पापलाई छोड्ने कार्य पनि गर्न सकेन, धर्म लिएर जाने कार्यमा अभिबृद्धि पनि गर्न जानेन, सकेन ?

यो लोकमा प्रकारन्तले रोग रुपी दुःख छ, अझ यसमा गलत औषधि प्रयोग भएमा रोग झन् झन् बल्झिन सिवाय अरु केही हुन सक्दैनन्। यो भन्नुको अर्थ जन्म र मरणको चक्रमा घुमिरहनु नै हो। यो चक्रबाट पार लगाउने रुपमा बुद्धशिक्षा-परियत्तिनै सर्बोत्तम औषधि भएकोमा दुइमत छैन। भगवान् बुद्धले दिनु भएको यो औषधि हामी व्यक्तिले के कसरी सेवन गर्छ त्यसैमा रोग रुपी जन्म मरणको चक्रबाट चाडै छुटकारा पाइ रोग निर्मुल हुने हो। यस अर्थमा बुद्धशिक्षालाइ व्यक्तिले के कसरी दैनिक जीवन, व्यवहारमा प्रयोग गरेका छन् त्यसैमा निर्भर हुने हो।

यसरी बुद्धशिक्षाको विभिन्न अपरिहार्यता वा चरणबद्ध अभ्यास, पालन पश्चात नै व्यक्ति सम्पूर्ण दुःखबाट मुक्त हुन सक्छ। आज जीवन पद्धतीको सुधारको लागि बुद्धशिक्षा, परियत्तिको महत्व भएकोमा शंका छैन। जीवनमा यो शिक्षाको प्रयोग नै जीवन पद्धितिको आधार हुन्।

अतः आज व्यक्तिको जन्म मरणको दुःखबाट हटाउने मार्गको रुपमा बुद्धशिक्षाको अपरिहार्यता छ र जीवनमा यसको उपयोगिता बढाउनु पर्छ। सबैको मङ्गल होस् !

https://dhamma.digital

i सम्पादक, भिक्षु कोण्डन्य,भिक्षु अश्वघोषका छानिएका रचनाहरु, बुद्धविहार, भृकुटीमण्डप, वि.सं.२०७५, पृ.२४३

ii आचार्य सत्यनारायण गोयन्का, धारण करे तो धर्म, इगतपुरी, महाराष्ट्र, विपश्यना विशोधन विन्यास इ.सं. १९९९, पृ. ७६

iii विपश्यना विशोधन विन्यास, अंगुतर निकाय (हिन्दी), इगतपुरी, महाराष्ट्र, विपश्यना विशोधन विन्यास, ई.सं. २००५ पृ. १९८

iv दुण्डबहादुर वज्राचार्य (अनु), मिलिन्द प्रश्न (नेपालभाषा), पवित्रबहादुर वज्राचार्य, अशोकरत्न वज्राचार्य, हीरादेवी वज्राचार्य, वीर पूर्ण पुस्तक संग्रहायल, वि.सं. २०५६, पृ.४१०

v शाक्य धर्मरत्न त्रिशुली (अनु.), अभिधर्माथ संग्रह, धम्म डिजिटल, वि.सं.२०७८, पृ. १५५

vi भिक्षु अमृतानन्द, धम्मपद -पाली (नेपालभाषा), काठमाडौं, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, वि.सं. २०४७

vii भिक्षु, बुद्धघोष (अनु) महासतिपट्ठान, काठमाडौं, डा. धम्मविजया गुरुमां, वि.सं.२०७८, पृ. १

viii वन्ध, आर. बि. (अनु.), जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग, ताइवान, दि कर्पोरेट बडी अफ बुद्ध एजुकेशनल फाउण्डेशन, ई.सं.२००२, पृ. २६६,

ix भिक्षु अश्वघोष,बौद्ध संस्कार, ध्यानकुटी विहार, काभ्रे, बि.सं.२०५७ पृ २

x भिक्षु शुदर्शन, महापरित्राण, सुश्री सानुनानी कंसाकार, वि.सं.२०६२, पृ. २

xi भिक्षु, धर्मगुप्त महास्थविर (अनु), पुग्गलपञ्वत्ति (नेपालभाषा), ललितपुर, वीर पूर्ण संग्रहालय, वि.सं.२०६४, पृ. xxxi

xii पुर्वोक्त पाद टिप्पणी ii पृ. ८२-८६

xiii पुर्वोक्त पाद टिप्पणी i पृ. १६८

xiv तुलाधर लाभरत्न (सम्पादक), महाप्रज्ञाया आत्मकथा (नेपालभाषा),

https://dhamma.digital

रुपन्देहि, लुम्विनी, पुगताभूमि जेतवन विहार, ने.स. ११३३, पृ. १८

[xv] संघनायक, भिक्षु बोधिसेन महास्थविर, संयुक्तनिकाय, डा. धम्मविजया गुरुमाँ, काठमाडौं, वि.सं.२०७९, पृ. ५.

[xvi] नेपाल बौद्ध परियत्ति शिक्षा, परियत्ति बुलेटिन, अंक २१ वि.सं २०८१, पृ. १

[xvii] पुर्वोक्त पाद टिप्पणी iv, पृ.१२७

[xviii] पुर्वोक्त पाद टिप्पणी iii, पृ.१६०

[xix] भिक्षु सुशोभन, बुद्ध धर्म : मान्यता र दृष्टिकोण, काठमाण्डौं, प्रकाशक लेखक स्वयं, वि.सं. २०४६, पृ. ७३

[xx] पुर्वोक्त पाद टिप्पणी xiv पृ.२८५

Dhamma.Digital

https://dhamma.digital

"पञ्ञा नरानं रतनं" .... "प्रज्ञा मनुष्यको रत्न "

(खण्ड ख)

लेख संग्रह

Dhamma.Digital

https://dhamma.digital

https://dhamma.digital

महापरित्राण एक चर्चा

आधुनिक नेपालमा थेरवाद परम्पराको पुनर्जागारण पश्चात बुद्धशिक्षा, श्लोकहरुको प्रचलन पनि क्रमशः बढोत्तरी हुँदै आइरहेको अवस्था हो । विगत आठदशक अघिदेखि काठमाडौलगायत देशका विभिन्न शहरहरुमा महापरित्राण पाठ श्रवण गर्ने परम्पराको शुरुवात भएको देखिन्छ। आधुनिक नेपालमा वि.सं. १९९८को महापरित्राण पाठ शुरु भएको इतिहास छ ।[i] तत्पश्चात उपत्यका र उपत्यकाबाहिर पनि यसको प्रचलन बढदै गएको हुन्। यो महापरित्राण विभिन्न विहारहरुमा विभिन्न उपासक उपासिकाहरुको श्रद्धाबाट सम्पन्न भइरहेको हुन् । कतै व्यक्तिगत त कतै सामुहिक, कतै एक दिन त कतै सातदिनसम्म पनि महापरित्राण पाठ भएको प्रचलन हुन । अझ कतै त रातभरसमेत महापरित्राण पनि भएको छन् ।

महापरित्राणमा २९ वटा पाठहरु वाचन गरीन्छ। अझ आटानाटिय सूत्र 'क' र 'ख' लाई फरक गणना गर्ने हो भने ३० वटा हुन्छ। यो महापरित्राणमा विभिन्न पाठहरुको भिन्दाभिन्दै महत्व र भिन्दा भिन्दै अवसरमा पनि बेग्लाबेग्लै परित्राणको रुपमा पनि वाचन हुन्छ । (यो महापरित्राणमा भएका सुत्रहरुको बारे बुझ्न पुस्तक अध्ययन गर्नु होला ।)

यो महापरित्राण पाठको महत्ता भएकोमा विमत्ति नहोला । अब यो महापरित्राण पाठमा आउने २९ पाठहरुको शिर्षक र केहीको सामान्य चर्चा गर्न सान्दर्भिक हुनेछ । यिनीहरु यस प्रकारका छन् । सरणागमनं, दश सिक्खापदानि, सामणेर पञ्हों, द्वतिंसाकारो, पच्चवेक्खणा, दसधम्म सुत्तं हुन । यसैगरी महामङ्गल सुत्तं, रत्तन सुत्तं, करणीय मेत्त सुत्तं, खन्ध परित्तं, मेत्त सुत्तं मेत्तानिसंस सुत्तं, मोर परित्तं, चन्द परित्तं, सुरिय परित्तं, धजग्ग परि त्तं हुन । यसरी नै महाकस्सपत्थेर बोज्झङ्ग सुत्तं, महामोग्गल्लानत्थेर बोज्झङ्ग सुत्त, महाचुन्दत्थेर बोज्झङ्ग सुत्त, गिरिमानन्द सुत्तं, इसिगिल सुत्तं

https://dhamma.digital

हुन् । यसैगरी धम्मचक्कप्पवत्तन सुत्तं, महासमय सुत्तं, आलवक सुत्तं, कसीभारद्वाज सुत्तं, पराभव सुत्तं, वसल सुत्तं, सच्चविभङ्ग सुत्तं, आटानाटिय सूत्र “क” र “ख” पाठ रहेका छन् ।

यी पाठहरुमा बुद्ध, धर्म, संघ शरण देखि, भगवान् बुद्धले विभिन्न समयमा विभिन्न अवसर तथा भिन्दाभिन्दै परिस्थितिमा व्यक्तिहरुलाई दिएको शिक्षा, छलफल (कसीभारद्वाज सुत्तं, वसल सुत्तं,) देखि रोग निवारणको लागि भएका पाठ (महाकस्सपत्थेर बोज्झङ्ग सुत्तं, महामोग्गल्लानत्थेर बोज्झङ्ग सुत्त, महाचुन्दत्थेर बोज्झङ्ग सुत्त, गिरिमानन्द सुत्तं) समेत पाउन सक्छौं । यसैगरी प्रथम पञ्च भद्रवर्गिय भिक्षुहरुलाई दिनु भएको धम्मचक्कप्पवत्तन सुत्तं र यसैलाई फेरी सारीपुत्र भन्तेले समिक्षात्मक रुपमा दिनु भएको सच्चविभङ्ग सुत्त पनि समावेश छ ।

वैशालीमा रोगव्याधि, दुर्भिक्ष लागेको बेला दिनुभएको रत्तन सुत्तदेखि सम्पूर्ण ब्रह्माण्डमा महामंगलबारे वादविवाद हुँदा देशना गर्नु भएको महामङ्गल सुत्र पनि यसैमा छ। यो महामङ्गल सूत्रमा व्यक्तिहरुको वास्तविक मङ्गल हुने उपाय देखाएको छ भने पराभव सूत्रमा व्यक्तिहरुको के कस्तो कर्तव्य छन्, ती कर्तव्यहरु च्युत भएमा विनाश (पराभव) हुने अवस्थाहरु बारे उपदेश छन् । आजको समाजको विनाश भएको वा विनाशतर्फ उन्मुख भएको कारण यो पराभव सूत्रमा बुझ्न सकिन्छ ।

निश्चित रुपमा यी सुत्रहरुको महत्व व्यक्तिको मानसिक, शारीरिक बल, क्षमता अभिवृद्धिको लागि अपरिहार्य छन् । तर यसको अर्थ यो पाठहरु वाचन गर्नाले मात्र यसको लाभ हुने नभइ यसको शिक्षा ग्रहण गरी तद्अनुरुप दैनिक जीवन व्यवहारमा यसलाई उतार्नु पर्नेहुन्छ । यसको लाभप्राप्त हुने वा नहुने भनाई पनि सम्झन योग्य हुन्छ । “खाना खाएर बाच्ने मानिसहरुलाई अतिभोजन वा पाचनशक्तिको कमजोरीले खाना नै विष भइरहेको हुन्छ । त्यसैगरी कर्म कर्मफलले बाधा दिएमा; पाप र

https://dhamma.digital

पापको फल बाधा भएमा तथा परित्राणमा विश्वास नभएमा समेत परित्राण फलदायी हुदैँन ।"[ii]

अब महापरित्राण पाठ गर्न अघि शुरुमा गर्ने प्राथना गर्ने श्लोक पनि यहाँ राख्नु उचित हुन्छ ।

विपत्ति पटिवाहाय, सब्बसम्पत्ति सिद्धिया ।
सब्ब दुक्ख विनासाय, परित्तं ब्रुथ मङ्गलं ॥
विपत्ति पटिवाहाय, सब्बसम्पत्ति सिद्धिया ।
सब्ब भए विनासाय, परित्त ब्रुथ मङ्गलं ॥
विपत्ति पटिवाहाय, सब्बसम्पत्ति सिद्धिया ।
सब्ब रोग विनासाय, परित्त ब्रुथ मङ्गलं ॥

महापरित्राणमा यस्तो त्रिरत्न गुणस्मरणं, सत्यानुभाव, सत्यको गहन चिन्तन र मननबाट शारीरिक र मानसिक दुःख र वेदना शान्त हुने सूत्रहरु झन् बढी नै छ। महापरित्राणको विभिन्न सूत्र, अर्थ, भाव र लक्षण अनुरुप हेर्ने हो भने यसमा निकै आनिशंसं फल भएको देख्न सकिन्छ ।[iii]

यी महापरित्राणहरु विभिन्न समयान्तर, भिन्दाभिन्दै अवस्थामा देशना भएका हुन् । तर सर्व प्रथम देशना भएका धर्मचक्र प्रवर्त्तन सूत्रको महिमा अझ बढी भएको, यसको विकल्प अरु नभएको, अरु सुत्रहरु पनि यसैको उपदेश थप वर्णित गर्न उपायकै रुप लिन सकिन्छ। धर्मचक्र प्रवर्त्तन सुत्त असार पूर्णिमाको दिन पञ्च भद्रवर्गिय भिक्षुहरुलाई देशना भए पनि मुलतः यसमा रहेका शिक्षा भन्नु नै बुद्धत्व प्राप्तिको आधार हुन् । यस अर्थमा यो सूत्रलाई विर्सन कदापी हुँदैनन् । अझ भन्ने हो भने यो सूत्र अझ बुद्धपूर्णिमामा विशेष रुपमा सम्झनु आवश्यक देखिन्छ । आखिरमा बुद्धत्व लाभको कारण यसैमा निहित छ । यो सूत्रमा आएका ज्ञानलाभका कुरा, प्रकाश पाएका कुरा, प्रज्ञा उत्पन्न भएका आदि इत्यादी कुरा देखि यस्तो ज्ञान नपाएसम्म आफूले सम्यक् सम्बोधि लाभ गरेको कुरा नभनेको प्रसङ्ग समेत उल्लेख

https://dhamma.digital

भएको पाउन सकिन्छ । यो प्राप्तिपश्चात नै सम्यक् सम्बोधीको प्राप्ति, अब उप्रान्त अर्को जन्म लिनु नपर्ने भनेको कुरा समेत विचार गर्दा बुद्धशिक्षाको सार यही सूत्र हो । मूलतः चारआर्यसत्यको सन्देशलाई नै अन्य सूत्रहरुमा थप व्याख्या गरेको बुझ्न सकिन्छ। यस अर्थमा धर्मचक्र प्रवर्त्तन सूत्रको महतलाई थप प्रचारप्रसार तथा यसको व्यावहारिक प्रयोगको लागि विभिन्न बौद्ध संघसंस्थाहरु तथा उपासक उपासिकाहरुको जिम्मेवारी बढेको मान्न सकिन्छ ।

यसैगरी महाकस्सपत्थेर बोज्झङ्ग सुत्तं, महामोग्गल्लानत्थेर बोज्झङ्ग सुत्त, महाचुन्दत्थेर बोज्झङ्ग सुत्त, गिरिमानन्द सुत्तहरुमा रोग निवारण भएका प्रसङ्गहरु वर्णन गरको छन् । रोग निवारण यो पाठ पढेर मात्र हुने नभइ यसका भावना अनुरुप ध्यान-अभ्यासमा जोड दिएको प्रष्ट हुन्छ । अझ यिनीहरुमा वर्णन भएका सात बोज्झङ्गका कुरा, आनापानासति देखि अन्य भावनाकाका कुराहरु नै वर्णन गरेको छन्। सात बोज्झङ्गहरु निम्नप्रकारका छन् - सति सम्बोज्झङ्ग, धम्मविचय सम्बोज्झङ्ग, वीरिय सम्बोज्झङ्ग, पीति सम्बोज्झङ्ग, पस्सद्धि सम्बोज्झङ्ग, समाधि सम्बोज्झङ्ग, उपेक्खा सम्बोज्झङ्ग ।[iv]

आज समाज, राष्ट्रमा विभिन्न खालको व्यक्तिगत, सांगठनिक समस्याहरुको सही निराकरणको लागि पनि शारीरिक दुःख र मानसिक पीडालाई शान्त गरी कार्यकुशलताको अभिवृद्धि सहित समस्याहरुको निवारणको लागि पनि ध्यान अभ्यासको विकल्प छैन । यो ध्यान अभ्यासकोलागि पनि महापरित्राणरुपी साधनको उच्चतम प्रयोग गर्न सकिन्छ ।

ध्यानको महत्वको बारेमा धम्मपदको श्लोक पनि यहाँ स्मरण गर्न उचित हुन्छ ।

एसेव मग्गो नत्थञ्ञो, दस्सनस्स विशुद्धिया ।
एतञ्हि तुम्हे पटिपज्जथ, मारस्सेतै पमोहनं ॥

https://dhamma.digital

अर्थ : दृष्टिको विशुद्धि गर्नलाई अष्टांगिक मार्ग छोडी अरु मार्ग छैन। भिक्षु हो, मारलाई मुर्छित गर्ने यही मार्गमा आरुढ होउ ।[V]

अतः यो सबैको निचोडमा पनि भन्न सक्छौं, धर्मचक्र प्रवर्त्तनसुत्त, यसको महत्व बैशाख पूर्णिमाको अवसरमा झन बढेको स्वतः शिद्ध हुन्छ। बैशाख पूर्णिमाको स्मरण खाली औपचारिक कार्यक्रम, सभा सम्मेलन गरेर मात्र महामानव शिद्धार्थ गौतमको जन्म, बुद्धत्व प्राप्तिको दिन र महापरिनिर्वाण दिवसको महत्व कदापी बढाउन सक्दैनन्। यो दिवसको महत्व त धर्मचक्र पवर्त्तन सूत्रलगायत ध्यान अभ्यासबाट मात्र हुनसक्छ।

सबैको कल्याण होस्!

(आनन्द भूमि, २०८१, वर्ष ५३, अंक ३)

धर्मचक्र प्रर्वत्तन चक्र

https://dhamma.digital

अरुलाईढाँटे पनि आफूलाई ढाँट्न सकिँदैन

कुनै पनि माध्यमबाट देश-विदेशमा भएका हत्या, हिंसा, आरोप-प्रत्यारोप वादविवाद, द्वन्द्व मुद्धाजस्ता फरक-फरक परिवेशका खवरहरु पढ्न देख्न सुन्न परिरहेको अवस्था छ। यो समाचारबाट अहिलेको विश्वको व्यक्तिहरुको छटपटी, दुःख, अत्यास तथा कहालीलाग्दो जीवन र जगतको चित्र प्रस्तुत गर्न प्रर्याप्त छ ।

नेपालको परिवेशकै कुरा गर्नुपर्दा घर-परीवार, समाज, सडकदेखि संसद, प्रशासनिक, अर्धप्रशासनिक, न्यायिक, शैक्षिक, स्वास्थ्य आदि विविध क्षेत्रको समाचारहरु पनि यस्तै विरोधाभाष, विषमता, तिक्ततापूर्ण खवरहरुकै बाहुल्य हुन्छ । अझ आजको आधुनिक प्रविधिले ल्याएको क्रान्ति, प्रतिक्रान्तिरुपी सञ्चारमाध्यमहरुबाट पनि व्यक्तिपिच्छै खवरहरुको आदानप्रदान गर्ने होडबाजीले समाचारको सत्य तथ्य र विश्वसनीयता पनि ह्रास भएको अनूभव हुन्छ। अपवादस्वरुप सकारात्मक समाचारहरु पनि नहुने होइन तर कैयौं खवरहरु द्वेषजन्य, एकपक्षीय प्रचारप्रसार गर्न हिसावले प्रेरीत भएको नै देखिन्छ । यस्तो नकारात्मक र एकपक्षीय समाचारहरुको कारणले अन्य पक्षको आवाज दवाउने, अर्को पक्षको भनाई नराख्ने अवस्थालाई कुनै हालतमा पनि सही र सभ्य मान्न सकिँदैन। यो समाज र राष्ट्रको लागि स्वस्थकर तथा हितकर हुन सक्दैन ।

सडकदेखि संसदमा हुने बहस हुन वा सार्वजनिक प्रशासनतर्फका घटना-व्याख्या हुन, कुनै पदाधिकारीहरुको व्यक्तिगत राय वा सोचअनुसार भन्नु एक पक्ष हो। ऐन नियममा के-कस्तो छ ? त्यसको सन्दर्भ उल्लेख नहुन पनि विडम्वना नै मान्न सकिन्छ। सबै व्यक्ति नियम कानुनको विज्ञ नहुनु नौलो कुरा भएन तर सम्वद्ध निकायहरुबाट आधिकारिक पुष्टि नआउनु उदेक लाग्दो कुरा भएको अनुभूती हुन्छ। सार्वजनिक निकायहरुका

https://dhamma.digital

कार्यहरु कैयौं अन्तर्राष्ट्रिय सन्धि-सम्झौतासँग गाँसिएको हुन्छ। यस्तोमा समेत आफ्नो व्यक्तिगत विचार र रायमा मात्र कार्य सम्पादन गर्नु पनि आज ठूलो विडम्वना भएको छ । कतै पढेकोझैं लाग्छ - हाम्रो देश गज्जबको छ, यहाँ ऐनलाई नियमले काट्छ, नियमलाई निर्देशिकाले काट्छ, निर्देशिकालाई परिपत्रले काट्छ, परिपत्रलाई टेलिफोन, भनसुनले काट्छ। स्थायी सरकारको उपमा रहेको सार्वजनिक प्रशासनको योभन्दा अस्थिर अवस्थामा अरु के हुन सक्छ ? यसो हुनको विभिन्न कारणहरुको सुक्ष्म अध्ययनको विशेष खाँचो छ ।

समाजको यावत क्षेत्रमा देखा परेको गालीगलोच, अरुको गल्ती मात्र देखाउने, अरुलाइ गाली गलेर आफूमात्र सही छ भन्ने देखाउने जुन प्रवृति छ, त्यो समाजको लागि कुनै हालतमा पनि ठीक ठहरिन सक्दैन। समाजको जुनसुकै क्षेत्रमा देखा परेका तहसनहस, अस्तव्यस्त हुनमा यस्तै मानसिकताको उपज मान्न सकिन्छ। आज कुनै पनि प्राणी दुःखबाट मुक्त त छैन, कसैको के दुःख, कसैको के दुःख । सबै आ-आफ्नो दुःख हटाई सुख खोज्नमा लालायित भएको छ तर सुख खोज्ने नाममा भइरहेको छलकपट, ढँटुवा, गालीगलौच, अरुलाई गलत देखाउने प्रवृति पुनः दुःखको भूमरीमा लैजानेसिवाय अरु केही हुन सक्दैन। समाजको यावत क्षेत्रमा देखा परेको यस्तो होडवाजीबाट अरुलाइ ढाँटे पनि आफैलाई त ढाँटन सकिँदैन । आफूले गरेको गलत कार्यको स्व-मुल्यांकन सबैले आ-आफै गर्ने हो । गलत भएको छ भने आफूलाई त घातक हुने भयो नै अझ समाजको लागि कतिको प्रत्युपादक भयो ? त्यो पनि स्वंय आ-आफैले मुल्यांकन गर्नुपर्ने देखिन्छ । आफ्नो फाइदाको लागि अरुलाई छल्ने, ढाट्ने कार्य स्वंयको अज्ञानताबाहेक अरु केही होइन । यसले अरुलाई भन्दा अन्ततः आफैंलाई बढी हानी पुऱ्याउने हुन्छ। अरुलाई ढाँटेर, छलेर लिएको लाभ (भौतिक, मान मर्यादा पद) कुनै न कुनै किसिमले गुमाउनु पर्ने नै हुन्छ।

https://dhamma.digital

अझ भौतिक रुप मात्र नभइ शारीरिक र मानसिकरुपमा हुने हानीलाई कुनै पनि भौतिक सम्पतिले परिपुर्ति गर्न सकिँदैन ।

सार्वजनिक निकायहरुमा सेवा प्रदानको स्तर, सहजरुपमा सेवा पाउन नसकिने अवस्था, सेवा प्रदायकहरुको स्तरीयता, कार्य क्षमताको सवाल, आम जनताले भोग्नुपरेका असुविधाहरुप्रति चासो दिइ यसको समाधान तर्फ खासै ध्यान दिएको देखिँदैन । यसको कारणको खोजी र निराकरणको उपाय खोज्नुको सट्टा एक-आपसी आरोप-प्रत्यारोप गरी तथा अझ सही र सत्यलाई छोपी झूटको सहारा नै बढी लिएको आभाष हुन्छ । आफ्नो दोष छोप्नु वा आफूसँग नभएको गुण दर्शाउनु माया वा छल हो । आफूसँग नभएको गुण पनि आफूसँग भएकोझैँ स्वाँग पार्नु कपट हो । यसरी कुनै लाभ (अर्थिक, पद, मान ईज्जत) पाउन समाजमा जुनै किसिमको छल, कपट तथा झूट र ढँटुवा प्रवृतिको होडबाजी देखा परेको छ । यस्तै प्रकारको घोषित-अघोषित परम्परा, संस्कृति र सोचको बाहुल्यता नै आज विश्वको अधिकासं देशको परिचय हुन पुगेको छ । यस अर्थमा आज समाजमा झूटको साठ साथै छलकपटको बाहुल्यता बढेका स्वतः शिद्ध हुन्छ ।

समाजका यावत क्षेत्रमा विविध समस्याहरुको बाढी आएको छ । देशमा विद्युत प्राधिकरणको डेडिकेटर लाइनको भुक्तानीको विवाद, सार्वजनिक सेवा प्रदायक निकायहरुको सेवा प्रवाहको समस्या अथवा सेवाग्राहीले सहज रुपमा सेवा लिन कठिन अवस्था, मालपोत र अन्य निकायहरुको सेवाप्रति सर्वसाधारण जनताको गुनासो, सहकारीको समस्या, किसानदेखि ठेकेदारहरुको बाँकीबक्योताका समस्या, न्यायालयमा मुद्धाको चाङ्ग, सडक तथा हवाई यातायाततर्फ दुर्घटना देखि सुरक्षा/असुरक्षाको बहस, प्राकृतिक विपद, बलात्कार, असुरक्षा आदि विविध विषयमा बहस, चर्चा-परिचर्चा भइरहेको आजको वर्तमान अवस्था हो ।

आज व्यक्तिहरुले आफ्नो कार्यले अरुलाई छलजाम नगरी, आफूबाट

https://dhamma.digital

जानी-नजानी झूटो कुरा नहोओस भनी सजकता अपनाउन आवश्यक छ। समाजको सबै व्यक्ति र सञ्चार माध्यमहरुका अझ यसमा विशेष र मेहनतसहितको कठिन कार्य गर्नु पर्ने तड्कारो आवश्यकता देखिन्छ। व्यक्तिले आफूलाई नढाँनु प्रथम कर्तव्य र दायित्व हुन भने आफ्नो कार्यबाट अरुलाई दुःख कष्ट नहोस भन्ने सोचाई राख्नु अर्को आवश्यता हो।

आज समाज वा व्यक्तिहरु जुन आदर्श, बाटोमा हिडिरहेको छन, त्यो निकै भयावह गन्तव्य देखिन्छ। सडक यातायातको प्रयोगमा ठाउँ-ठाउँमा सिधा जान निषेध, दायाँ मोडन निषेध, यु टर्न निषेधका साइनबोर्डहरु देख्छौं। त्यसलाई प्रायले लागु गरीरहेको हुन्छ, लागु नगरेमा जरिवानाको सिकार हुन्छ। त्यसै गरी आज व्यक्ति, समाज हिँडिरहेको बाटो गलत भएको महसुस छ। निश्चितरुपमा यसको पनि परिणामरुपी जरीवाना पनि भोग्नु पर्छ नै। अतः व्यक्तिको आवश्यकता र सामर्थबमोजिम कोही दाँया-बाँया त कोही फनक्क फर्की यु टर्न गर्नसमेत अति आवश्यक देखिन्छ। यसैबाट आफू नढाँट्ने र अरुलाई पनि ढाँट्न नदिने बाटो पहिल्याउन सक्षम भएमा व्यक्ति स्वंय र समाजको हित हुनेछ।

(मिति २०८१।५।३०, नेपाल समाचारपत्र)

https://dhamma.digital

हवाई दुर्घटना र उपचारको खोजी

नेपालमा बेला-बेलामा भइरहने हवाई दुर्घटनाको नियति पुनः गत २०८१ श्रावण ९ गते त्रिभुवन विमानस्थलमा दोहरीयो। यस घटनामा १८ जनाको निधन भयो । पटक पटक भइरहेको दुर्घटनाको न्युनीकरणको लागि आफ्नो कार्यसम्पादनद्वारा सुरक्षित एवं स्तरीय सेवा प्रदान गर्नु सबै सम्बद्ध पक्षको दायित्व भएकोमा सायद कसैको विमति नहोला ।

विभिन्न सेवा प्रदान गर्न थरी-थरीका ऐन-नियमको व्यवस्था भएझैं हवाई यातायात सञ्चालन तर्फपनि गैरसैनिक हवाई उडान ऐन २०१५, आवश्यक नियमावली, विभिन्न संगठन सम्वन्धि ऐन, नियमावलीहरुको संयोजनबाट विमानस्थल, वायुसेवाहरुले सेवा संचालन गरीरहेका छन् । हवाई यातायात सेवा आफैंमा विशेष प्रकार, प्रवृति, विविध सेवाहरुको संयोजनबाट परीचालित हुने भएबाट आफैंमा थप चूनौतिपूर्ण, रहस्यमय तथा आकर्षक सेवा भएकोमा समेत शंका छैन ।

यसरी बहुसेवा, विविध जनशक्तिद्धारा प्रदान हुने सेवामा कार्यरत संघ, संगठन, उपलब्ध जनशक्तिको कार्य प्रणाली, सूचनाको अप्रभावकारीता र अपूर्णताको साथै कार्यप्रवाहमा श्रृखलाबद्ध कमजोरी भएमा आकस्मिक दुर्घटनाको विकल्प हुँदैनन् । यसै गरी उपलब्ध भएका नियम आदिहरुको कार्यन्वयन नभइरहेको अवस्था पनि थप चूनौति र खतराजन्य क्रियाकलापको लागि मलजल नै भएको मान्न सकिन्छ। कार्यमा मतमतान्तर, नियमहरुको फरक व्याख्या आदि पनि सेवाप्रवाहको गुणस्तरियतामा ह्रास आउनुको कारक तत्व नै हुन् ।

एउटै संगठनको संगठनात्मक अपूर्णता (संगठनात्मक र कार्यात्मक) तथा अन्य संगठनसंगको कार्य सहजीकरणको भूमिका (व्यक्तिगत इच्छा आकांक्षी अभिप्रेरीत नभइ, सेवात्मक लक्ष्य प्रति समर्पित), सेवा प्रवाहको

https://dhamma.digital

उत्पादकत्व (परिणाम) आदि तत्वहरुको समिक्षा पनि उपलव्ध ऐन- नियमको आधारमा हुन पर्ने आजको टड्कारो आवश्यकता भएको देखिन्छ ।

मिति २०८१।४।९ गते सौर्य एअरलाइन्सको हवाई दुर्घटनासम्वन्धि विभिन्न अडकल, कुराकानी, छलफल गर्नुभन्दा गठित आयोगले यावत् क्षेत्रको गहन विश्लेषणसहित प्रतिवेदन प्रकाशन गरोस, जसबाट भविष्यको लागि एउटा सवल मार्ग दर्शन होस् । प्राविधिक जाँचको प्रतिवेदन फौजदारी अभियाजनको प्रयोजनार्थ प्रयोग त हुँदैनन, खाली थप दुर्घटना नहुने उपायको पहिचानमा केन्द्रित हुने प्रतिवेदन हो । यसको पनि आफ्नै महत्व भएको इन्कार गर्न सकिँदैन । अझ यो दुर्घटनामा वायुसेवा सञ्चालकका कैयौं उच्च पदस्थ कर्मचारी, जिम्मेवार पदमा आसिन भएका महानुभावहरुको दुःखद निधनको पक्ष त छँदै छ । तर यसले कार्य प्रणालीमा जिम्मेवारी, आवश्यकता, कार्य प्रक्रियाको अपुर्णता वा कमजोरी पनि केही हदमा दर्शाएको मान्न सकिन्छ कि सकिदैन ?

गैरसैनिक हवाई उडान ऐनको प्रस्तावनामा उल्लेख भएबमोजिम 'हवाई यातायातबाट राष्ट्रलाई अधिकतम फाइदा प्राप्त हुने गरी सिभिल एभिएशनको विकासलाई प्रोत्साहन हुने परिस्थिति सिर्जना गर्न सिभिल एभिएशनलाई नियन्त्रित र व्यवस्थित गरी शान्ति र व्यवस्था एवं सर्वसाधारण जनताको सुविधा कायम राख्न वाञ्छनीय' भएको मर्म हवाई यातायात सञ्चालन, व्यवस्थापनमा संलग्न सबै निकायको मूल मन्त्र हुनुपर्नेमा शंका छैन ।

दुर्घटना मानवीय कारणले भएको हुन वा यान्त्रिक कारणले, यसमा घटी बढी, प्रत्यक्ष-अप्रत्यक्ष विभिन्न व्यक्ति, समूह, सगंठनहरुको भूमिका पनि रहन्छ नै । कार्य प्रणालीमा भएको दोष, मानवीय र यान्त्रिक त्रुटी नै भए पनि यी सबैको मूल कारण संगठनको (विभिन्न संगठन, एउटालाई दोष दिएर पन्छिन सकिँदैन) त्रुटी तथा त्रुटिपुर्ण संगठन र अपुरो कार्य प्रणाली तर्फ पनि विशेष अध्ययन (सबै निकायका एकीकृत) हुन पनि अब

https://dhamma.digital

शायद ढिला गर्न हुदैन ।

सुरक्षित र भरपर्दो विमानस्थल सञ्चालनको लागि विमानस्थलमा सबै संयन्त्रहरुको क्षमता, कार्य प्रणालीमा परिवर्तन तथा अपुरो र अधुरो कार्यहरुको पहिचान गरी सक्षम व्यवस्थापनको नितान्त आवश्यता छ । एउटा निकायको अपूर्णता र अक्षमताले अन्य निकायलाइ पनि असर गर्ने भएको र यस्तै गल्ति नै गल्तिहरुको श्रृखलाबद्ध क्रम नै दुर्घटनाको कारण हुन्छ । यसको रोकथामको लागि विमानस्थल सञ्चालक, वायु सेवा, विमानस्थलमा कार्यरत विभिन्न निकायहरुको अन्तरसम्वन्ध, कार्यविधि, सुर क्षित हवाई यातायात सञ्चालनमा आ-आफ्नो निकायको भूमिकाबारे थप समन्वय तथा अनुगमनको दायरा बढाउन बेग्लै संयन्त्रको समेत जरुरी देखिएको छ । यसमा स्वार्थ बाझिने, दोहोरो भूमिकाको तथ्यबाट विमुख हुनेगरी स्वतन्त्ररुपमा कार्यगर्ने विभिन्न निकायको जरुरी भएको आभास हुन्छ।

एउटा निकायको पनि आफ्नो लक्ष्य उद्देश्यभन्दा फरक कार्य भइरहेको वा नभइरहेको, आवश्यक संयन्त्रको पहिचानदेखि संगठन संरचनागतका कुराहरु पनि अध्ययनको विषय देखिन्छ। आखिरमा कुनै दुर्घटनाको कारण प्राविधिक होस वा मानविय नै किन नहोस त्यो सबैको आधार त संगठन नै भएकोमा दुइमत छैन। संगठन (हवाई यातायातका कुनै पनि) को कमी कमजोरी पत्ता लगाई निर्दशनमात्र दिनु पनि प्रयाप्त छैन, निर्देशन पनि आफैमा झन गलत र अपुरोकार्य बढाउने कारक पनि हुन सक्छ ।

यस अर्थमा सबै निकायहरुको आ-आफनो कार्यक्षेत्रको स्व:विश्लेशण सहित परिवर्तन र क्षमता अभिवृद्धिसहित अधुरो र अपुरोपन हटाउन दत्तचित हुन आजको सेवाको स्तरीयतकोलागि अपरिहार्य आवश्यकता भएको छ । अझ यसमा एक निकायको सर्वोच्चता शिद्ध गने, अर्को निकायको स्वतन्त्र कार्यमा समेत हस्तक्षेप हुने वा भइरहेको वा नभइरहेको परिवेश समेत अध्ययनको विषय हुने देखिन्छ। वस्तुतः कुनै पनि दुर्घटनामा

https://dhamma.digital

संगठनको गल्ती र मानवीय प्रवृतिको पनि त गहन भूमिका नै हुन्छ। दुर्घटना अग्रिम सूचना दिएर आउने होइन, सबैको केही न केही भूमिका हुन्छ भन्ने भनाइ पनि एकातिर छ भने दुर्घटना भइसकेपछि एक-आपसी कमजोरी देखाउने, एक आपसी आरोप-प्रत्यारोपण गर्ने समय पनि यो होइन।

समय साक्षेप परिवर्तन अनिवार्यता हो भने यसको लागि पनि विमानस्थल निर्माण, सुव्यवस्थित र स्तरीय सञ्चालनको लागि पनि संगठन संरचना, कर्मचारीहरुको सक्षमता र प्रयाप्तता (सबै निकायको), नियमावली आदिमा व्यापक छलफल तथा अध्ययन गरी बञ्चरोरुपी धार लगाउन आवश्यक देखिएको छ। साथै विमानस्थल सञ्चालनहेतु विभिन्न निकायका कर्मचारीहरुवाट आ-आफनो ऐन-नियम बमोजिम कार्यन्वयन पक्षमा जोडबल तथा अनपेक्षित सुधारका प्रक्रियामा सरोकारको अपेक्षा गर्न सकिन्छ।

विमानस्थलमा र हवाई यातायात सेवा प्रदायक सबै निकायहरुमा आधिकारिक र सम्वद्ध सेवाका जनशक्ति भए/नभएको, उचित र आवश्यक तालिम पाए/नपाएको, आदि विवेचनाको अतिरिक्त सबै निकायको पूर्णताविना तथा आवश्यक सेवा नै अपुरो र अप्रयाप्त भएमा हवाई यातायात खतराजन्य अवस्थामा भइरहेको भन्न शायद द्विविधा नहोला।

जाँचबुझ आयोगका कार्यसिमा, यसको प्रतिवेदनबाट थप सुधारको अपेक्षागर्न सकिन्छ। यसमा प्रयाप्तताको सवाल र अझ फराकिलो विषय बस्तु समेटिन सक्नु पर्ने आवश्यकता महसुस हुन्छ। गैरसैनिक हवाइ उडान ऐनमा भएका अपराधहरु मुलुकी फौजदारी कार्यविधि (संहिता ऐन) २०७४ समेत आकर्षित भएको अवस्था बारे जन-सचेतना, कार्य प्रणालीमा व्यापक सुधार तथा व्यवहारमा उतारी, समय साक्षेप परिवतर्नमुखी हवाइ यातायात सेवाको माध्यमबाट जनधनको सुरक्षाको प्रत्याभूतीसहितको सेवा नै आजको वस्तुपरक माग हुन सक्छ।

अझ यसमा पुनः विशेष स्मरणीय छ संगठनात्मक परिवर्तन, कार्यको

https://dhamma.digital

विस्तृत खोजी, क्षमता अभिबृद्धिका उपायहरुको समेत ठोस पहिचान नै उपचारको पहिलो खुडकिलो हुन सक्छ ।

आज देश समाजको यावत क्षेत्रमा सेवाप्रदायकको स्तरीयता, क्षमतामा गहन प्रश्न उठेको छ। सेवारत कर्मचारीहरुमा कार्यप्रतिको गैर जिम्मेवारीपना, सजकतामा कमी-कमजोरी हुनको विभिन्न कारण हुन सक्छन् । वस्तुतः आज नियामक निकायको कमी-कमजोरीबारे विभिन्न सचार माध्यमहरुमा पढ्न सुन्न पाइरहेको अवस्था हो । यहाँ बिर्सन नहुने तथ्य नियामक निकायको अनुगमन आदि त समयावधिक हुनेदेखि आफ्नै पनि कमी कमजोरी तथा सिमा होला। यस हिसावले नियामक निकायको स्तर भन्दा सेवाप्रदायक निकायहरुको स्तरीयता, परिपुर्ण र सक्षम सेवा (सबै निकायहरुको) तथा सेवाको स्तरमा अभिवृद्धि नै आजको मूल माग हुन आवश्यक देखिन्छ। हवाई यातायात र अन्य यातायात क्षेत्रमा संलग्न सबै निकायहरु अझ जन-धनको क्षतिहुनबाट विशेष चनाखो हुन आवश्यक देखिन्छ ।

सबै प्राणीहरु दण्ड देखी डराउँछन, सबैलाई जीवनको माया छ । त्यसैले सबै प्राणीहरुलाई आफूसमान ठानी बेइमान पनि नगर्नु, अरुलाईगर्न पनि नदिनु हाम्रो कर्तव्य हो। सबै सेवाप्रदायक निकायमा कार्यरत कर्मचारीहरुको जिम्मेवारी अझ गहन हुन्छ । यस अर्थमा कि सबै प्राणीहरुलाई आफू समान ठानी कुनै पनि कार्यमा बेइमान पनि नर्गनु भन्ने मन्त्रणा सबैले ठूलो मार्गदर्शनको रुपमा लिन सकेमा पनि दुर्घटना न्युनिकरणको उपाय हुन सकिने विश्वास गर्न सकिन्छ। अन्य सहयोगी मुलक कार्यलाइ पनि समेटिने गरी हवाई यातायातको दायरा फराकिलो हुन नितान्त आवश्यक देखिन्छ ।

(नेपाल समाचारपत्रमा मिति २०८१।४।२२)

https://dhamma.digital

स्थायी सरकारको आधार अभिलेख व्यवस्थापन

कार्यालहरुको अभिलेख व्यवस्थापनको सही विकासबिना स्थाई सरकारको परिकल्पना मुर्त हुन सक्दैनन् । अहिले नेपालको प्रायःसबै कार्यालयहरुमा सही अभिलेख व्यवस्थापन भएको अवस्था छैन । संगठनको नीति, कार्य, निर्णयहरुकै पनि सही अभिलेख व्यबस्थापन नहुँदा कर्मचारीहरुको सरुवा, बढुवा, नियुक्ती, पदस्थापना आदि देखिनै प्रत्यक्ष, अप्रत्यक्ष चलखेलको अवस्थाको अनुमान गर्न शायद कठिनाइ नहोला । यस्तो कार्यप्रणाली भइरहेको अवस्थामा स्थाई सरकारको स्थायित्व र विकासको परिकल्पना पनि व्यर्थ नै हुन्छ ।

कार्यपालिका, सरकार अस्थायी हुन भने कर्मचारीतन्त्र, प्रशासन स्थाई सरकार हुन । देशमा समयान्तरमा सरकार परिवर्तन हुन कुनै नौलो कुरा भएन । समयावधिमा हुने चुनावको परिणामबमोजिम सरकार परीवर्तन भइरहेको संसारको परिचय नै हुन । तर यसमा पनि अल्प विकसित राष्ट्रहरुमा सरकार परिवर्तनको खेल आदिको कारणले स्थायी सरकारमा समेत अस्थिरताको गुण पनि जोडिएको छ । यसबाट वाञ्छित प्रतिफलबाट विमुखमात्र नभएको नभई अझ अनुत्पादक क्षेत्रमा लगानी भइ श्रोत साधनको समेत चरम दुरुपयोगको अवस्था भइरहेको मान्न सकिन्छ ।

राजनीतिक अस्थिरताको कारणले अन्य क्षेत्र वा व्यवस्थाहरुमा पनि सोहीअनुरुपको प्रभाव पर्नेमा शंका छैन । यस्तो प्रतिकूल अवस्थामा देशको स्थायी सरकारको रुपमा चिनिने प्रशासन पनि कसरी अछुतो रहन सक्छ । आज विश्वका अधिकांश मुलक लगायत नेपाल पनि यस्तैखालको रोगबाट ग्रसित भइरहेको मान्न सकिन्छ । देशको स्थायी सरकार, प्रशासनिक संयन्त्र नै अस्थिरताबाट ग्रसित भएबाट आम सेवाग्राहीबाट स्तरीय, भरपर्दो, गुणस्तरीय, छिटो छरीतो सेवाबाट वंचित हुन परेपछि समाजको विकास पनि त्यसैअनुरुप कछुवा चालको हुनेमा विमति नहोला ।

आज स्थायी सरकारको विभिन्न खालको अस्थिरताहरुको लेखाजोखा

https://dhamma.digital

गर्न थप प्रयासको खाँचो छ। देशमा भएका नीति नियम, ऐन कानुनको कार्यन्वयन पक्षमा फितलोपन, कर्मचारीहरुमा पनि संगठनको कार्यप्रतिको लगावमा कमी हुन, आफ्नो व्यक्तित्व विकासलाई प्राथमिकतामा राखी संगठनात्मक कार्यलाई गौण बनाउनुलाई पनि एउटा कारक तत्वको रुपमा लिन सकिन्छ। यस्तैगरी संगठनको लक्ष्य, प्रगति, नाफा नोक्सानी, उत्पादकत्व, अनुपादकत्व, आदि इत्यादीको समेत सही लेखा जोखा नगर्ने कर्मचारी प्रवृति वा कमजोरीतर्फ पनि समष्टिगत रुपमा थप अध्ययन अनुसन्धानको विषय बन्न सक्छ। अर्को शब्दमा भन्नुपर्दा स्थाई सरकारको भूमिकालाई थप परिष्कृत र परिमार्जन आजको पहिलो आवश्यकता हो भन्ने महसुस गर्न सकिन्छ।

स्थीर सरकारको मूल आधार भन्नुनै अभिलेख व्यवस्थापनमा भर पर्ने हुन् । यस्ता अभिलेखहरुको सही व्यवस्थापनको लागि दक्ष कर्मचारी, लगनशील कर्मचारी, संगठनको कार्यप्रति निष्ठावान, निरन्तर समर्पित कर्मचारी र कर्मचारी व्यवस्थापनको संयन्त्रको आवश्यकता हुन्छ नै। तर अहिलेको वर्तमान कर्मचारी तन्त्र नै स्थायित्व नाम जोडिएको तर अस्थिर प्रविती भएको अवस्थामा यस्तो पद्धती कायम होला भनी विश्वास गर्ने आधार पनि निकै कम पाउँछु।

आखिरमा जे जस्तो घटना, दुर्घटना, विकास वा भ्रष्टाचार हुन कर्मचारी तन्त्रको पनि प्रत्यक्ष अप्रत्यक्ष भूमिका रहेको अवस्थालाई विचार गर्दा, स्थायी सरकारको अस्थिर अभिलेख प्रणाली, योजनागत कार्यक्रमहरुको अस्थिर व्यवस्थापन अथवा कार्यरत कर्मचारीहरुले संगठन, आयोजनाको लक्ष्य विपरीत कार्य गर्नुलाई कारक तत्व रुपमा लिन सकिन्छ। यस अर्थमा स्थायी सरकारमा कार्यहरुको पारदर्शीताको अभाव, कार्यरत कर्मचारीहरुमा संगठनको लक्ष्य तथा नीति नै अस्पष्ट हुनलाई मान्न सकिन्छ। अझ अर्को शब्दमा भन्नुपर्दा कर्मचारीहरुमा संगठनको नाफा नोक्सानी वा हितभन्दा व्यक्तिगत लाभप्रेरीतबाट कार्यगर्ने वातावरण सिर्जित भइरहेको बर्तमान सामाजिक अवस्था, चित्रलाई पनि कुनै पनि किसिमले कम आँक्न सकिँदैन।

https://dhamma.digital

कर्मचारी हुन वा निजी क्षेत्रका व्यवसायीलगायत समाजका सबै वर्गहरुमा धनी हुने लालसाको कारणले अन्धाधुन्ध दौड्ने प्रवृतिको वैचारिक पद्धतिको जुन रुपरेखा हाम्रो सामु खडा भएको छ, निश्चित रुपमा कहालीलाग्दो छ ।

आज समाजमा व्यक्तिहरु धनको लालसामा जे-जस्तो क्रियाकलाप पनि गर्न नडराउने, लाज नमान्ने प्रवृति देखा परेको छ, त्यस सन्दर्भमा यसको सन्देश अहिलेको समाजलाई ठूलो पाठ हो भन्न सकिन्छ। नेपालको प्रशासनिक व्यवस्था सम्वन्धमा विद्वान लेखक यदुनाथ खनालज्यू भन्नुहुन्छ - यहाँको प्रशासन असक्षम, भ्रष्ट, ढिलासुस्ती, कुरौटे, जिम्मेवारी पन्छाउने, आफ्नो अग्रसरमा काम नगर्ने, जनताको इच्छाअनुकुल हुनेगरी कार्य नगर्ने भनी जुन आलोचना भएका छ त्यसको कारण राजनीतिक हस्तक्षेप हो । (साभारः डा. भीमदेव भट्ट, सार्वजनिक प्रशासनको आधारभूत सिद्धान्त)

नेपालको परिवेशमा प्राचिनकाल, मध्यकाल देखि आधुनिककालमा विभिन्न राजनैतिक व्यवस्था परिवर्तन सहित कैयौं संविधान बने । यसै गरी हजारौं ऐन कानुनको विद्यमान अवस्थामा पनि जनताहरुले सुखको अनुभूति पाउन नसकेको, बरु कैयौं कानुनहरुको अभाव भएको भन्ने समाचारहरु पनि यदाकदा आइरहने नै हुन । राजनीतिक व्यबस्था परीवर्तनबाट मात्र समाजको सही विकास वा व्यक्तिहरुको दुःख हटी सुखको अवस्था आउने हुन भनी किटान गर्न सकिने अवस्था होइन भन्ने कुराको लागि अहिलेको स्थितीबाट नै बुझ्न प्रर्याप्त हुन्छ, यसमा थप पुष्ट्याईको आवश्यकता चाँहिदैन । यसलाई अर्को पाटोबाट हेर्ने हो भने राणाकाल, पञ्चायती व्यवस्था, बहुदलीय व्यवस्था, गणतन्त्रात्मक व्यवस्था हुँदै हालको संविधान जारीगर्ने अवस्थासम्मको समय, श्रम, आर्थिक लगानी आदिको हिसावले सबै अनुत्पादक नै भएको देखिन्छ ।

यसको विपरीत देशको स्थाई सरकारको सक्षम सेवा प्रवाह, पारदर्शीता, जवाफदेहिता, कर्मचारीहरुको कार्यालय, संगठनको हक हित तर्फ कार्य उत्प्रेरीत गराउने पद्धतिको विकासको लागि थप क्रियाशिलताको आवश्यकता देखिन्छ। त्यसै गरी कर्मचारीहरुमा आफ्नो व्यक्तिगत लाभ हानीको नभई

https://dhamma.digital

विशुद्ध कार्यालय, संगठनको हक हित तर्फ उत्प्रेरीत हुने, अभिलेख व्यवस्थापनको चुस्त दुरुस्त बनाउने र यसको सही कार्यन्वयन तर्फ कार्यपालिका, सरकारको ढृद कदम चाल्न आवश्यक देखिन्छ । स्थायी सरकारलाई अस्थिर बनाइ स्वार्थमुखी राजनीतिबाट देश समाजको विकासको नहुने यथार्थलाई मनन गरी अबको राजनैतिक ऐजेण्डा, राजनैतिक व्यवस्था, राजनैतिक प्रणाली आदि इत्यादितर्फको चर्चा परिचर्चा नभई स्थायी दरिलो सरकारको कार्य गर्न सक्षम स्तरीय तथा चुस्त दुस्त सेवा प्रदान गर्ने स्थायी सरकारको सवलीकरणमार्फत जन सेवा गर्ने प्रण नै पहिलो आवश्यकता भएको छ । स्थायी सरकारको कार्यप्रणालीमा ठोष परिवर्तन, अभिलेखीकरणको मजवुत व्यवस्था, कर्मचारीहरुमा संगठनको काम कर्तव्य र लक्ष्य प्राप्त गर्न चाहिने दत्तचित, नियमबमोजिम कार्य गर्नु, सही अभिलेखको आधारमा कार्य गर्ने परिपाटी तथा सक्षम कर्मचारी सयन्त्रको विकास नै समाजको विकासको निर्विकल्प रुपको देखा परेको छ । वर्तमान संघीय व्यबस्थाबमोजिम अझ पनि तीनवटै सरकारका सेवाहरुको समन्वय, सहजीकरण आदि समेतको लागि पनि स्थायी सरकारको क्रियाशिलता, मजवुत अभिलेखीकरण, सक्षम कर्मचारी संयन्त्रको भूमिका झन् बढेको छ । फेरी एकपल्ट दोहोऱ्याउन उचित नै होला देश समाजको विकासको लागि पहिलो अनिवार्य शर्त स्थाइ सरकार (प्रशासनिक व्यवस्था) नै मूलभूत आधार हुन, अन्य कार्यहरु गौण हुन । यहाँ प्रशासनिक व्यवस्था भन्नाले सबै कार्यालयहरुले प्रदान गर्ने आ-आफ्नो सेवाको व्यवस्थापनलाई इंगित गर्न खोजेको हु, कुनै एउटा सेवालाई मात्र भन्न खोजेको होइन ।

अतः आज समाजको रुपान्तरण र विकासको लागि, जनभावना अनुरुप तथा सेवा परीपूर्तिद्वारा स्तरीय, भरपर्दो, कुशल र सक्षम दिन सक्ने स्थायी सरकारको परिपूर्तिको अहिलेको पहिलो अपरिहार्यता हो ।

(नेपाल समाचारपत्र, मिति २०८०।११।०९)

https://dhamma.digital

पुस्तक चर्चा : बहिनीको आँखामा अमर चित्रकार

गत कार्तिक १९ गते (नेपाल सम्वत ११४५, कछलाथ्व, तृतियाका दिन) एक समारोहका बीच 'बहिनीको आँखामा अमर चित्रकार' पुस्तक विमोचन भएको थियो। चित्रकार, मूर्तिकार स्व. अमर चित्रकारको सम्झनामा सावित्री सिंह चित्रकारद्वारा यस कृतिमा अमर चित्रकारको परीवार, बाल्यकाल, चित्रकला तर्फको झुकाव, मूर्तिकला, तत्कालिन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको सदस्य, आजीवन सदस्यको कार्यकाल आदि विषय समावेश भएको पाउँछौ ।

राज्यबाट ओझलमा परेको कलाकारहरुको सम्मान गर्नु पर्छ भन्ने उद्धेश्य लिई नयाँ पुस्ताहरुले पनि कला क्षेत्रमा लाग्दा गर्नुपर्ने धैर्य, लगनशिलताको महत्व दर्शाउन खोजेको प्रष्ट छ। आजको विषम सामाजिक अवस्थामा यो पुस्तक अध्ययन गर्ने सोख भएका सर्वसाधारणलाई पनि धेरै हदसम्म मन बहलाउने माध्यम हुने देखिन्छ । यस बाहेक कला क्षेत्र, इतिहास, समाजशास्त्र, संस्कृती तर्फ झुकाव राख्ने वर्गहरु पनि यसबाट लाभांवित हुने अपेक्षा गर्न सकिन्छ ।

राष्ट्रको सम्पति भनिने कलाकारको उचित संरक्षण पनि देश विकासको परीचयात्मक अवस्था हो । राज्यबाट हालको विषम सामाजिक परीस्थितीको केही हदसम्म समाधान अथवा जनताको वितृष्णालाई हटाउन समेत कला रुपी मलहमको उपादयेता तथा कलाकारिता तर्फ थप सकृयताको समेत अपेक्षा गर्न सकिन्छ। स्व.अमर चित्रकारले जीवित अवस्थामा उचित सम्मान पाएकै आभाष हुन्छ तर आजका पुस्ताहरुले बिर्सन सक्ने चूनौति देखा परेको अवस्थाप्रति सावित्री सिंह चित्रकारको 'अमर दाइ लगायत कलाकारका कलाकृतिहरुको संरक्षणको माग सरोकारवालाहरुसंग यसै पुस्तकको माध्यमबाट गर्न चाहन्छु' भन्ने भनाई पनि समयसाक्षेप नै देखिन्छ ।

यो पुस्तकमा चार अध्याय विभाजन गरी, खण्ड (क)मा अमर चित्रकार,

https://dhamma.digital

खण्ड (ख)मा अमर चित्रकारका चित्रकला र मूर्तिकला, खण्ड (ग)मा अमर चित्रकारका शब्द-सिर्जनाहरु तथा (घ)मा लेखिकाको 'आफ्नै कथाः नर्सिङका ३५ वर्ष' समाविष्ट छन् ।

खण्ड (क)मा अमर चित्रकारको बाल्यकाल र परीवार, बालकृष्ण सम, भूगोल पार्क र मित्रता, मूर्तिकलामा अमर दाइ, पृथ्वीनारायण शाह किन यति राम्रा ? आदि शिर्षकबाट वर्णित कुराहरु समेटिएको छन् । आफ्नो पुर्ख्यौली व्यापारतर्फ नलागी चित्रकला तर्फ झुकाव हुनु, बम्बेमा गई तालिम लिनु, फिल्मका पोष्टरहरु लेख्नु आदिदेखि स्वदेश फर्के पछि जुद्ध शम्शेरसंगको भेटमा आफूले बनाएको पहिलो मूर्ति जङ्ग बहादुरको देखाएका (हाल यो राष्ट्रिय संग्रहालयमा रहेको) आदि घटनाहरु पढ्न सकिन्छ ।

हाल काठमाडौंलगायत देशका विभिन्न शहरहरु लगायत विदेशमा समेत उनीद्वारा निर्मित चित्र/मूर्तिहरु राष्ट्रिय संग्रहालय लगायत अन्य स्थानमा देख्न सकिन्छ । उनीद्वारा निर्मित मूर्तिहरुमा पृथ्वी नारायण शाह, जङ्ग बहादुर राणा, आदिकवि भानुभक्त आचार्य, कवि शिरोमणी लेखनाथ पौड्याल, चक्रपाणी चालिसे, भवानी भिक्षु, बालकृष्ण सम, राजा महेन्द्र, राजा विरेन्द्र, बिपी कोइराला, मोतिराम भट्ट, महाकवि लक्ष्मी प्रसाद देवकोटा आदि रहेका छन् । तत्कालिन समयमा उनले प्राप्त गरेका सम्मानहरुमा त्रिशक्तिपट्ट द्वितीय, गोरखा दक्षिणबाहु द्वितीय, इन्द्रराज्य लक्ष्मी पुरस्कार, सर्वोत्कृष्ट परम्परागत कला पुरस्कार हुन भने अन्तराष्ट्रिय मञ्च नेपालद्वारा वर्ष पुरुष उपाधि दिएको थियो । यसै गरी वि.सं. २०३१ मा शुभराज्याभिषेक पदक पनि प्राप्त गरेकन थिए भने बम्वई (मुम्वई) र लखनउमा समेत सम्मान गरीएको थियो ।

खण्ड (ख)मा अमर चित्रकारका चित्रकला र मूर्तिकलाअन्तर्गत विभिन्न मूर्तिहरु तथा चित्रहरुको तस्विर संकलन गरी उनको कृतिलाई झल्काइएको छ । हाल काठमाडौंलगायत देशका विभिन्न शहरहरु लगायत विदेशमा समेत उनीद्वारा निर्मित मूर्तिहरु देख्न सकिन्छ ।

https://dhamma.digital

खण्ड (ग)मा अमर चित्रकारको साहित्यिक लेखन, इतिहास, कला-संस्कृति समाजको परीवर्तन हुने स्वरुप, राज्यको कला-संस्कृतिको संरक्षणमा भूमिका, कला र जनजीवनको तादात्मय आदिको गहन विश्लेषण पढन सकिन्छ । तत्कालिन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा विभिन्न समय मन दिएका प्रवचनहरुलाई प्रतिष्ठानले 'परम्परागत र आधुनिक चित्रकालको एक झलक' नाममा प्रकाशित पुस्तकबाट यो खण्ड उतार भएको देखिन्छ। यसमा उल्लेख भएका विभिन्न लेखका शिर्षकहरु यस प्रकार छन- समबाट चित्रकलासम्वन्धि धेरै ज्ञान पाएँ, परम्परागत नेपाली चित्रकलाको रुपरेखा, कलामा देखापरेका केही विभेदहरु, नेपाली जनजीवनमा चित्रकलाको भूमिका, वस्तुवादी चित्रको शैली र स्वभाव, हाम्रो जीवन र कला, प्राचीन नेपाल चित्रकलाको केही अध्ययन, कला र धर्म, आधुनिक चित्रशैली-विषय केही विचार हुन ।

यी लेखहरुमा इतिहास, दर्शन, कला, धर्म संस्कृति, राज्य प्रणाली, शाषकवर्गहरुको संरक्षण नीति, आदिमा चर्चा गरेका पाउँछौं। यी विषयहरु सर्वसाधारण जिज्ञासुहरुलाइ पनि रुचिकर लाग्ने अनुभूति हुन्छ । कला क्षेत्रको विद्यार्थीहरुलाई त विशेष उपयोगी हुने विश्वास गर्न सकिन्छ ।

त्यो पुस्तकको भूमिकामा तत्कालिन कुलपति श्री सुर्य विक्रम ज्ञवाली लेख्नुहुन्छ, 'ख्यातिप्राप्त चित्रकार तथा मूर्तिकार श्री अमर चित्रकार उपयुक्त दुवै कलाको पारम्परिक पद्धतिका ज्ञाता प्रयोगकर्ता हुनुहुन्छ। यसैले उहाँका प्रवचनहरुको यो सङ्ग्रहद्वारा अनेक प्राचीन विचार तथा पद्धतिको हामी परिचय पाउँछौं। त्यसैले यो सानो पुस्तकको आफ्नै प्रकारको मूल्य तथा उपयोगिता छ। आधुनिक कालका जिज्ञासुको प्राचीनताका विषयमा जान्न खोज्ने प्रवृतिलाई यसले केही अंशमा पनि सन्तुष्ट गराउन सक्यो भने यसको उपदेयता स्वंय सिद्ध हुन्छ।'

यसै गरी मन्तव्यमा तत्कालिन उपकुलपति श्री लैन सिंह वाग्देलको भनाइ छ 'कलाको क्षेत्रमा धेरै वर्षकाम गरी त्यस क्षेत्रमा धेरै अनुभव प्राप्त गर्नु भएको ख्यातिप्राप्त कलाकार श्री अमर चित्रकारले कलाका विभिन्न

https://dhamma.digital

पक्षलाई दिनु भएका प्रवचनहरुको सङ्कलन गरी पुस्तकको रुपमा प्रकाशित गर्न पाउँदा हामीलाई खुसी लागेको छ । प्राचीन तथा अर्वाचीन कलाका विषयमा उहाँले आफ्ना अनुभवका आधारमा पोख्नु भएका विचारहरु रुचिकर तथा कलाका विद्यार्थीहरुका लागि पनि उपयोगी सिद्ध हुनेछन भन्ने कुरा मलाई दृढ विश्वास छ ।'

यी भनाईहरुलाई मनन गर्दा पनि स्व. अमर चित्रकार मूर्तिकार, चित्रकार मात्र नभई साहित्यकार समेत हुन भन्न सकिन्छ । औपचारीक शिक्षा ६ कक्षासम्म मात्र अध्ययन गरी स्वाध्यायनको बानी, अनुभव, कार्यक्षेत्रको निपुणता आदिबाट यस्तो गहन विश्लेषणात्मक लेखहरु आउनु पनि कुनै हालतमा कम आँक्न सकिदैन । राणाकालिन अवस्थामा कक्षा ६ को शिक्षा पनि कम स्तरीय नभएको आंकलन गर्न कठिन नहोला । अझ तत्कालिन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानमा सदस्यको नियुक्तिसंगै, प्रत्येक सदस्यले तीन तीन महिनामा प्रवचन दिनु पर्ने नियम बमोजिम प्रवचन दिन गाह्रो मानी दु:ख मानेको, जीवनको पहिलो प्रवचन दिंदा गोडा कामेको वताउनु हुने उनको प्रवचनको अन्त्यमा सबै सदस्यहरुले ताली दिएर प्रशंसा गरेको कुरा पनि अझ स्मरणीय लाग्छ। यस अर्थमा मूतिकार, चित्रकार र साहित्यकार तर्फ पनि आफ्नो कद बढाएर गएको मान्न सकिन्छ ।

पुर्खाको गौरवता प्रस्तुत गर्न सक्षम, परिवारको शालीनता, सौहार्दता, संयुक्त परीवारको महता झल्काउन सफल तथा तत्कालीन सामाजिक परिवेश, परम्परा, भोज भतेर र कलाको अन्तरसम्वन्धदेखि विश्वको समाज र कलाको भूमिका सहित, स्व. अमर चित्रकारको लेखहरुको प्रस्तुतीको गहकिला मान्न सकिन्छ। यस कृतिलाई स्कूल कलेज तर्फ आवश्यकताअनुसार पाठ्यक्रममा समावेश गर्न सके राष्ट्रको धरोहर सुरक्षित हुने अपेक्षा गर्न सकिन्छ । यहाँनिर स्मरणीय छ, हाम्रो पालामा कक्षा ८ वा ९ तिर सामाजिक शिक्षाको पाठ्यक्रममा सामान्यरुपमा जानकारीमुलक पाठ त पढाइन्थ्यो नै आजकाल भने देखेझैं लाग्दैन ।

https://dhamma.digital

'बहिनीको आँखामा अमर चित्रकार' पुस्तिकको खण्ड (घ) मा 'आफ्नै कथाः नर्सिङका ३५ वर्ष' राख्नु भएकोमा स्वास्थ्य क्षेत्रको जानकारी, कार्यस्थलको चूनौति तथा उपलब्धिहरु पढ्न पाए पनि शिर्षकसंग अन्तरसम्वन्ध नभएकोले पुस्तकको गरीमा घटाएको आभाष हुन्छ। कृतिकारबाट स्वास्थ्य सेवाको आफनो ३५ वर्षको अनुभवलाई अझ वृस्तृत रुपमा यो सेवाको विस्तार विकासकोलागि थप प्रकाशनको अपेक्षा गर्नु शायद गलत नहोला ।

खण्ड (क)को सम्मानका शब्द गुच्छाअन्तर्गत तत्कालिन कुलपति र उपकुलपतिको भनाईहरु अध्ययन गर्दा खण्ड (ग)मा समावेश सबै लेखहरु 'परम्परागत र आधुनिक चित्रकालको एक झलक' पुस्तकबाट साभार गरेको अनुमान गर्न कठीनाइ हुँदैन तर पनि सम्वन्धित खण्डमै यसको पुष्टयाई भए अझ राम्रो हुन्थ्यो । यसै गरी पुस्तक प्रकाशक साहित्य पोष्ट भनी उल्लेख हुनु तर प्रकाशकीय भनाई नहुनु पनि विडम्वना लाग्छ ।

कृतिकारले भाईटीकाको भोलिपल्ट पुस्तक विमोचन गरी आफ्नो दिवंगत दाइसंगको अन्तिम टेलिफोन संवाद (लक्ष्मी पुजाको दिन) 'तिमी भोली आउन सक्छौं ?' 'भाई टिकाको भोली आउछु' भनी जवाफ दिएको प्रसंग आफूले भेट गर्ने भनेकै विहान नभई निधन (वि. सं. २०५६ कार्तिक २५ तद्अनुसार नेपाल सम्वत ११२०, कछलाथ्व, तृतियामा) भएको व्यथा र पछूतो लेख्न पनि छुटाउन भएन । त्यो दुइ दिन पनि समयले नकुरेको मर्मस्पर्शी व्यथालाई तथा सोही दिनको सम्भनास्वरुप र समर्पण गरी, स्व. अमर चित्रकार लगायत कलाकारहरुको कलाकृतिहरुको संरक्षणको माग सरोकारवालाहरुसंग गर्ने जमर्को गर्नु भएकोमा साधुवाद !

(नेपाल समाचारपत्र, मिति २०८१।८।९ गते)

https://dhamma.digital

बुद्धशिक्षा (धर्म) र जीवनको आवश्यकता

पृष्ठभूमिः व्यक्तिको जीवन संचालनार्थ विभिन्न भौतिक वस्तुहरुको आवश्यकता संगै सही शिक्षा(धर्म)को झन बढी आवश्यकता हुन्छ। सुन्दर र सहज जीवनको लागि बुद्ध शिक्षा(धर्म)को कस्तो आवश्यकता छ अथवा यो शिक्षा कतिको वैज्ञानिक छ भन्नेकुरा यदाकदा चर्चामा आउँछ। यस्तो आवश्यक धर्म, व्यवहारिक धर्म तथा वैज्ञानिक धर्मको अभावको कारण नै आज राष्ट्र, समाजमा अन्योलको अवस्था श्रृजना भएको भन्न कुनै अप्ठचारो नहोला ।

बौद्ध दृष्टिकोण अनुसार धर्मको अर्थ : भगवान बुद्धले ४५ वर्ष सम्म गाउँ गाउँ नगर आदि विभिन्न स्थानमा जुन उपदेशहरु दिनु भयो त्यसलाई बुद्ध धर्म भन्नुभएन । बरु धर्मलाई विभिन्न किसिमले मात्र व्याख्या गर्नु भयो, जस्तै कुशल धर्म, अकुशल धर्म, कृष्णपक्ष धर्म, शुक्लपक्ष धर्म आदि । भगवान् बुद्धले जुन शिक्षा दर्शन बताउनु भयो त्यसलाइ बुद्धधर्म भनी कुनै समाज, सम्प्रदायमा विभाजन वा सिमित गर्नु पनि त्यस शिक्षाप्रति पुवाग्रह नै भएको मान्न सकिन्छ ।

भगवान् बुद्धको महापरिनिर्वाणपछि विभिन्न चरणहरुमा भएका संगायन तथा लिपिवद्ध भए अनुरुप आज उपलब्ध त्रिपिटकमा बुद्ध धर्म, बौद्ध धर्म भन्ने शब्द भेटिदैन। भगवान् बुद्धले जे जस्तो सिकाउनु भयो त्यसलाई धर्म मात्र भनियो, बौद्ध धर्म होइन । बुद्धवाणी र त्यससम्वन्धि ५२६०२ पृष्ठ र ७४४८२४८ शब्दको पालि साहित्यमा कहीँ पनि बौद्ध र बौद्ध धर्मको उल्लेख भएको पाइँदैन । वहाँ तथागतले आफ्नो शिक्षालाई धम्म (धर्म), पालन गर्नेहरुलाई धम्मिको (धार्मिक), धम्मट्ठो (धर्मस्थ), धम्मी (धर्मी), धम्मचारी (धर्मचारी), तथा धम्मविहारी (धर्मविहारी) भन्नु भयो ।[vi]

अनित्यः भगवान् गौतम बुद्धको अन्वेशण तद्अनुरुप दिनु भएको शिक्षामा त्रिलक्षण दुःख अनित्य अनात्म हुन भने यो संसारमा कुनै पनि

https://dhamma.digital

चिज वस्तु नित्य अमर छैन, सबै परिवर्तनशील छन् ।

"भिक्षुहरु संस्कार धर्म अनित्य हुन् । तिनीहरुमा अति नै उद्धिग्न लाग्नु योग्य छ । तिनीहरुबाट मुक्त हुनु योग्य छ । विश्व (पृथ्वी) सुमेरु पर्वतसरह सातवटा सूर्यहरु उदय भएर आउने बेलामा दन्किएको आगोको गोला हुनेछ । राप र तापले दन्किएर यो महापृथ्वी आगोले विनाश हुनेछ । केही पनि बाँकी रहने छैन । यो विषयमाथि आर्यपुद्‌गलहरुलाई छाडी कसले जान्न र विश्वास गर्न सक्ने होला ?"[vii]

यसै प्रसङ्गमा आधुनिक विज्ञान र वैज्ञानिकहरुको खोज पनि सम्झनु उचित होला । Betrand Russel ले विश्व (पृथ्वी) निरवेष रुपमा निरोध र लोप भई विनाश हुने घटनालाई निम्न प्रकारले लेखेको छन् । "विश्वका मानिसहरु बसोबास गर्ने ठाउँको रुपमा केही समय बेरसम्म स्थीर रहिरहने छ । सदासर्वदा स्थीर रहिरहने छैन । वायुधन आकाशमाथि शनैःशनैः उडिरहेमा त्यो पनि उडिरहने छ । समुद्री छालको पानीको लहरको कारणले विश्व एक पार्श्वद्वारा मात्र निरन्तर मुखातीब भई विश्वको आधा भाग निकै गरम भई बाँकी आधा भाग निकै शीतल भइरहने छ । चन्द्रमाले पृथ्वीसँग टक्कर खाएमा त्यसले पनि टक्कर खानेछ ।" यस किसिमका घटनाहरुसित बिल्कुल सामना भएन नै भनौ, Sir James Jean को विचार अनुसार "अन्तिम एक दिनमा सूर्य चकनाचूर भई विश्व विनाश हुनु नै पर्नेछ । त्यसरी विश्व विनाश हुन कोटान्‌कोटी वर्ष आवश्यक छ ।"

"त्यो समयभित्र हामीहरुले आगामी भयको निमित्त व्यवस्था गरी तयार रहन सकिन्छ । नक्षत्र विज्ञान र च्यअपभत विज्ञान विकास हुन सकिन्छ ।.........तर विज्ञानको जति विकास भएता पनि मानिसहरुले चक्रवालभित्र परिक्रमा र भ्रमण द्वारा सत्वलोकलाई निरन्तर जीवन जोडेर रहन सक्ने छैन । किनभने Thermodynamics दोश्रो धर्म नियम अनुसार Energy शक्ति एकदम घनिभूत भइरहेका स्थितिबाट सँधै परीवर्तन भइरहेको

https://dhamma.digital

कारणले सर्वन्तिम अवस्थामा सत्वलोक निरवशेष रुपमा निरोध र शान्त भएर नै जानेछ ।[viii]

मिलिन्द प्रश्नका केही प्रसङ्ग : भगवानले अत्यन्त कठिनकार्य गर्नु भयो भनी नागसेन भन्तेले बताउनु भएको यहाँ सान्दर्भिक हुन्छ । " ... कोही व्यक्ति डुंगामा बसी समुद्रमा जान्छ, फेरी एक मुठी पानी लिएर पिएपछि यो गंगाको पानी, यमुनाको पानी, अचिरवतिको पानी भनेर छुटयाउन कठिन हुन्छ । तर भगवान् गौतम बुद्धले यो भन्दा कठिन कार्य गर्नुभयो । एउटै वस्तुको आलम्वनबाट हुने रुपविनाको चित्त र चेतसिक धर्मको विश्लेशण गर्नु भयो । यो स्पर्श हो, यो वेदना हो यो संज्ञा हो यो चेतना हो, यो चेत्तना हो यो चित्त हो ।'[ix]

वैज्ञानिक सोच, अन्वेषण र प्रयोगमा बौद्ध दृष्टिकोणको खाँचो : आधुनिक कालमा नविनतम वैज्ञानिक अन्वेषण, सोच खोजबाट संसारको घेरा सांघुरीएका छ भने अर्कोतिर तृष्णारुपी जंजालमा झन झन जकडिन पुगको यथार्थ पनि हो । भगवान बुद्धले विभिन्न समयमा भिन्नभिन्न तरीकाले जुन उपदेशहरु दिनुभयो त्यसको मुल मर्म नै कुशल कार्य गर्ने, लोभ, द्वेष मोहजन्य कृयाकलाप गर्नबाट बंचित रहनु नै हो । यस अर्थमा ८९ प्रकार (विस्तृत रुपमा १२१) र त्यस संग मिल्ने ५२ प्रकारका चैतसिकहरुको कारणले व्यक्तिगत कार्यमा भिन्नता हुने, व्यक्तिले सोको विपाक पनि भोग्नुपर्ने बारेमा बताउनु भयो ।

यहाँ सबै चित्त चैतिसिकको वर्णन संभव नभए पनि लोभ जन्य चित्तको कारणले कुनै कार्य भएमा त्यसको प्रतिफल त पक्कै पनि राम्रो त आउँदैनन् । अझ सामान्य रुपमा हामी लोभलाई खाली व्यक्तिगत लाभको लागि मात्र भएको मान्छौं तर यसको गहिराइमा लुकेका अन्तरनिहित तत्वहरुलाई छुटयाउन मुश्किल नै हुन्छ । अझ भन्ने हो भने भित्री मनको गहिराइबाट लोभको कारणले अन्य विकारजन्य कार्यहरु पनि भइरहेकोमा हामी अनभिज्ञ नै रहन्छौं । यस

https://dhamma.digital

अर्थमा कुनै पनि व्यक्तिले कुनैपनि कार्यगर्दा उक्त कार्य कुन चित्तद्वारा अभिप्रेरित हो भन्न बुझ्न अति आवश्यक हुन्छ। आज विश्वको वैज्ञानिक विकासको लहरबाट नेपाल पनि अछुतो नभएको अवस्थामा कुनै पनि वैज्ञानिक कार्य, सोच, अनुसन्धान पनि यस्तै लोभ द्वेष मोहजन्यद्वारा प्रेरित भएमा त्यसको प्रतिफल निश्चत रुपमा राम्रो आउन सक्दैनन्।

विगतमा भएको विश्वयुद्धताका भएका हातहतियारको प्रयोग, विकासदेखि आज आणविक हतियारको प्रयोग हुने त्राशदीपूर्ण अवस्थासम्म पनि यस्तै अकुशल चित्तहरुको बाहुल्य भएको कारण नै मान्न सकिन्छ। कुनैपनि कार्यक्रम, आयोजना वा कार्य गर्नअघि कुशल कार्य अकुशल कार्य, सारयुक्त कार्य, सारहीन कार्यको विचारसहित सम्यक आजीविका, सम्यक व्यायामयुक्त प्रयोग संसारको र व्यक्तिको कल्याणकारी मार्ग हुने देखिन्छ। यसको विपरीत भएको कार्यक्रम आयोजनाहरुले विनाश निम्त्याउनु सिवाय अरु केही हुन सक्दैनन्।

अतः आज वैज्ञानिक सोच, अन्वेषण र प्रयोगमा मात्र नभइ समाजको हरेक क्षेत्रमा नै बौद्ध शिक्षा, दर्शन अनुरुप योजना आयोजनाहरु तथा नीति निर्माणको तर्जुमा गर्न आवश्यक देखिन्छ।

विज्ञान होइन, महाविज्ञान : आधुनिक विज्ञानलाई विज्ञान भन्ने हो भने बुद्धको दर्शनलाई महाविज्ञानमात्र भनेर पनि पुग्दैन। शब्द र परिभाषाले यसलाई इंगित गर्न कठीनाइ नै होला। नेपालको विभूति तथा एशियाको प्रकाश भन्ने शब्दपनि तथागत शब्दको अगाडी निकै फिक्का नै छ। अझ आधुनिक परिवेशमा (परिभाषा) ज्ञान र विज्ञानलाइ एउटै माने पनि भगवान् बुद्धले बताउनु भएको ज्ञान (प्रज्ञा) र विज्ञानको क्षेत्र निकै भिन्दै र फरक विषय हो। भगवान् बुद्धको खोज सम्पूर्ण प्राणी, देवहरुको कल्याणकारी, परोपकार तथा मुक्तिको लागि हो। वहाँको खोज, अनुसन्धान कुनै एउटा क्षेत्र, वर्गमा सिमित नभएको तथा सम्मासम्बुद्ध, अरहं आदिको विशेषणले युक्त भगवान्

https://dhamma.digital

बुद्धलाई वैज्ञानिक र विज्ञानभन्ने आधुनिक परिभाषामा सीमित गरेमा तथागत स्वंयको अवमुल्यन नै हुन जाने महशुस हुन्छ।

बुद्धको खोज- निर्वाण सुख : भगवान् बुद्धले जन्म हुन नै दुःख भनी जन्म देखि मरण सम्म्मको जन्म जन्मान्तरमा भव सागरमा डुबिरहनु पर्ने मूल कारण पत्ता लगाउनु भइ सही सुखको अवस्था निर्वाणको अवस्था नै हो भनी जुन महान अन्वेषण गर्नु भयो त्यसको तुलना आजको आधुनिक विज्ञानसँग हुन सक्दैन। असंख्य कल्पदेखिको बोधिसत्व चर्या, विभिन्न पारमिताहरु पुरागरी पाएको प्रज्ञा, ज्ञान चार आर्यसत्यलाई कुनै हालतमा आजको विज्ञान र वैज्ञानिसँग तुलना गर्न सकिँदैन। आजको विज्ञान सम्पूर्ण रुपमा बुद्धशिक्षा (धर्म)को विपरित नै भएको स्वतः शिद्ध देखिन्छ।

आजको भौतिक खोज निर्माणको विपरीत भगवान् बुद्धको खोज मानसिक, चित्त विकासको चरम विन्दु हो जसलाई हामी जस्तो सामान्य पृथकजनले विश्लेशण गर्न पनि असुहाउदो नै हुनेछ। अझ सम्पूण त्रिपिटकको अध्ययन, अनुसन्धानविना सही अर्थमा सम्मासम्वुद्धलाई चिन्न कठिनै नै हुन्छ।

यहाँ बुद्धत्व प्राप्ति पश्चात व्यक्त गर्नु भएको दुईवटा श्लोक राख्न उचित होला।

अनेकजाति संसारा, सन्धाविस्सं अनिब्बिसं।
गहकारं गवेसन्तो दुक्खा जाति पुनप्पुनं॥

अर्थ : अनेक जन्म बित्यो गृह निर्माण गर्नेलाई खोज्दा खोज्दै, मेरो हरेक जन्म दुःखमय भएर बित्यो। (१५३)

गहकारक दिट्ठोसि, पुन गेहं न काहसि।
सब्बा ते फासुका भग्गा, गहकूटं विसङ्खतं।
विसङ्खारगतं चित्तं, तण्हानं खयमज्झगा॥

अर्थ : अब हे गृह निर्माण गर्ने बुद्धि हो, मैले तिमिलाइ देखिसके, फेरी तिमिले गृह निर्माण बनाउन सक्ने छैनौ। तिम्रो घर बनाउने काठपात

https://dhamma.digital

जम्मै भाँच्चिसकें, घरको धुरी पनि खसाली दिएँ, मेरो चित्त संस्काररहित भई तृष्णाको विनाश भई सक्यो ।

यस श्लोकको आधारबाट पनि निश्चित रुपमा भन्न सक्छौं भगवान् बुद्धको खोज आजकलको आधुनिक विज्ञानको कुनै भौतिक, रासायनिक वा अन्य विज्ञानका खोजहरु भन्दा नित्तान्त फरक खोज हो । यो खोज कुनै निर्माण वा उत्पादन नभई त्यसको बिपरीत "जन्म नै नहुने" गरी निर्वाणको स्थिति हो । यो खोजलाई आजकलको आधुनिक विज्ञानको कुनै यन्त्र, संयन्त्रबाट खोज्न सकिदैन, अपितु यसको लागि व्यक्तिहरुको स्वंयको कुशल कर्म, शील समाधि प्रज्ञाको चरणहरुको क्रमिक विकासभन्दा अर्को उपाय छैन ।

उपसंहारः संसारको हरेक क्षेत्रमा आज जुन किसिमको अशान्ति, वैमनस्य, द्वन्द, ईर्ष्या, भेदभाव, युद्ध आदिको परिवेश छ त्यसलाई कुनैपनि आधुनिक विज्ञान, शिक्षा, प्रणालीले ठीक पार्न सकिने देखिँदैन । नेपालकै करीव तीनसय वर्षको राजनैतिक, सामाजिक चित्र हेर्ने हो भने पनि विभिन्न राजनैतिक प्रणालीहरुको प्रयोग, उपयोग भएपनि समाज, व्यक्तिहरुको शान्ति सुव्यवस्थामा सुधार आउनुको सट्टा दिन परदिन पीडा कष्टहरु बढ्दै गएको नै अनुभव हुन्छ । कुनैपनि व्यवस्था प्रणालीले मात्र देश समाजमा शान्ति सुरक्षा प्रदान हुन सक्दैनन् जब सम्म व्यक्तिहरु आफ्नो कर्मप्रति सचेत हुँदैनन् ।

भगवान् बुद्धका विभिन्न उपदेशहरु झैं व्यक्तिहरुको विभिन्न चरित्र जस्तै लोभ, द्वेष, मोह, श्रद्धा, बुद्धि वितर्क गरी ६ प्रकारको फरक व्यक्तिहरुले भिन्दाभिन्दै प्रकारको ध्यान अभ्यासको मार्ग समेत बताउनु भयो । यसलाई पनि हामी वहाँ तथागतको व्यक्तिहरु प्रति कुशलकार्य अभिप्रेरति गराउने करुणामयरुपी दर्शन गर्न सक्छौं ।

https://dhamma.digital

त्रिसंयोग र विपश्यना दिवस

देश र विश्व त्रिसंयोग, बैशाख दिवस, आदिको नाममा २५६९ औं बुद्धसंम्वत मनाइरहेको हुनेछ ।

यो त्रिसंयोग २५६९ औं महापरिनिवार्ण, २६१४ औं बुद्धत्व लाभ दिन, २६४९ औं जन्म दिवसलाई विभिन्न नामाकरण किन नहोस, यसको महत्व जन्म र परिनिर्वाण भन्दा बुद्धत्वज्ञानलाभको दिन अझ विशेष स्मरणीय दिनको रुपमा लिन सकिन्छ । शिद्धार्थ गौतमको महत्व त आखिरमा बुद्धत्व प्राप्ति भएको कारणले भएको हुन भने महापरिनिर्वाणको स्संमरण पनि त बुद्धको गरेका हुन्। यस अर्थमा तीनवटै संयोग भएका यो बैशाष पूर्णिमाको महत्व त बुद्धत्व लाभ भएकोले भएको हुन्। आखिरमा यो बुद्धत्व लाभ के कुन ज्ञान बाट मिलेको हो ? त्यो ज्ञान शिक्षाको महत्व झन बढेकोमा शंका छैन ।

नेपाल विश्वमा त्रिसंयोग त्रिसंयोग भनी विभिन्न कार्यक्रम, सभा सम्मेलन गर्ने होडबाजी चलेको आभाष हुन्छ तर बुद्धत्व प्राप्तिको ज्ञानको महिमा र प्रचारप्रसार तथा व्यवहारमा प्रचलन ल्याउन त्यति सार्थक प्रयास गरेको अनुभूति हुँदैन ।

संसारमा निकै प्रकारको सिद्धान्त, उपचार विधि, साधन माध्यमहरुको विकराल विस्तार वृद्धि भएको छ तर यसले प्राणीहरुको दुःख निवारणको साटो झन् झन् दुःख, पीडा, शोक, रोग तथा नाना प्रकारका भय अन्तरायहरुको पनि बढोत्तरी नै भएको वर्तमान अवस्था हो ।

जीवन मृत्यु र फेरी जन्मको चक्र वारे बुझाउन भगवान् बुद्धले प्रतीत्यसमुत्पादमा जुन विवरणको व्याख्या गर्नु भएको छ त्यो अतुलनीय छ। जन्म लिन नपरेमा वृद्ध र मृत्य हुनु पर्दैन । जन्म लिनु परेकोले नै वृद्ध हुनु पर्दछ, विभिन्न खालको दुःख, शोक परिदेव, दौर्मनष्य तथा मृत्यु र पुनः जन्मको चक्रबारे बताउनुभई दुःख समुदयसत्य र दुःखनिरोध सत्यको

https://dhamma.digital

बाटो पत्ता लगाई सम्पूर्ण प्राणीहरुको दुःख हरणको मार्गमा लाग्नुभएका तथागत बुद्धलाई हामीले कसरी र कुन तरीकाले श्रद्धा, पुजा गर्ने हो ?

यसैलाई अझ भन्नुपर्दा भूतकालको अविधा र संस्कारको कारणले वर्तकान जीवनको कार्य, भूतकालको कार्यको वर्तमानमा फल, वर्तमान जीवनको कार्यको कारणले भविष्यको फल आदि गरी यो प्रतीत्यसमुत्पादलाई तीनकालमा सम्वन्धित गरी देखाउनुभएको छ ।

एकातिर हेतु-प्रत्यय वा कार्यकारणको सिद्धान्तमा अविद्याको कारणले संस्कार उत्पन्न हुन्छ भन्नु र आज समाज पनि विभिन्न संस्कारहरुमा रुमलिरही धर्म धर्म भनीरहनु अविद्याको कारणले भइरहेको भन्न सकिन्छ वा सकिदैन ? अझ भन्नुपर्दा संस्कार, परम्परा, कर्मकाण्डको नाममा झन्झन् तृष्णामा भुली, उपादान आदिको चक्र हटाउनु भाँच्नुको साटो झन त्यो बन्धनरुपी चक्र बनाउन र बलियोगर्नमा त उद्यत भइरहेको छैनौं ? यो अविद्याको जंजाल कसरी टुटाउने ? यसतर्फ सचेत बौद्धमार्गीहरुले थप अनुसन्धान, छलफल, धर्म साकच्छा गर्न अति आवश्यक भएको महसुस हुन्छ ।

अहिलेको दुःख भुतकालको परिणाम हो र यस्तो दुःख फेरी फेरी आउन नदिने हो भने वर्तमानमा राग द्वेष र मोहजन्य कृयाकलापबाट छुट्ने प्रयास गर्नुपर्छ । राग र द्वेष मोहको कारणले आउने भएबाट मोह हटाउने प्रयास नै वर्तमानकालको प्रथम प्रयास हुन नितान्त आवश्यक छ ।

चार विपरीतार्थ अवस्था सम्झनामा राख्नु नितान्त आवश्यक छ । हामी जुन शुभशुभ भन्छौ आखिरमा अशुभ हुन् । जुन सुखसुख भनी भुल्ने प्रवृति हुन्छ आखिरमा दुःख नै हुन् । यसैगरी नित्य भनी सम्झने जुनसुकै वस्तु, पदार्थ, अवस्था पनि अनित्य हुन् । आत्मा भनी सम्झने कुरा पनि अनात्मा भनी बुझ्ने प्रयास, अभ्यास नै वास्तविक सत्य बुझ्ने प्रयासको प्रथम खुडकिलो मान्न सकिन्छ । यसलाई केवल शब्द र अध्ययनको विषय वस्तुमा मात्र सिमित राखेमा ठोष उपलब्धि हुन सक्दैनन् । यसैले यसको

https://dhamma.digital

लागि ध्यान अभ्यासको अति आवश्यकता हुन्छ। भूतकाल त वितिसक्यो, भविष्यको चिन्ता पनि उचित होइन, वर्तमान कालको यथार्थलाई स्वीकार गर्दै, कुशलकार्य गर्नु, तृष्णा (राग द्वेष दुवै) र मोह हटाउने अभ्यास नै मनुष्य जीवनको वास्तविक सार्थकता हुन् । तर आज व्यवहारिकता आधुनिकताको नाममा यसको ठ्याक्कै विपरीत झूटैझूटको खेतीद्वारा तृष्णा हटाउनुको साटो झन् बढाउने कार्य भइरहेको मान्न सकिन्छ।

तृष्णासम्वन्धि संयुत्तनिकायका केही श्लोकहरु उतार्न सान्दर्भिक हुन्छ।

१) देवता : "लोक के ले आक्रमित छ ? के ले घेरिएको छ ? कुन तीरले रोपिएको छ ? कुनबाट सँधै धुँवा आइरहन्छ ?

भगवान् : मृत्युले लोक आक्रमित छ ? जरा (बुढोपन) ले घेरीएको छ। तृष्णाको तीरले रोपिएको छ। ईच्छाबाट सँधै धुँवा आइरहन्छ।

२) यो तृष्णालाई पार गर, जसमा अवलम्वन गरी स्थित भई देव र मनुष्य विषय भोगमा लागिरहन्छ। अवसरलाई नगुमाउ। अवसर गुमाउने नर्कमा परी पछुताउनु पर्नेछ।

३) प्रमाद नै रज (धुलो-मल) हो, प्रमादको कारणले नै रज उत्पन्न हुने हो। अप्रमाद र विद्याद्वारा आफूसंग भएको तीर (तृष्णा) निकाल।

४) देवताः पुत्रवाला पुत्रहरुमा रमाउँछन, गाईवाला गाईहरुमा रमाउँछन्। सांसारिक कामगुण सम्पतिमा नै मनुष्यलाई आराम मिल्छ। जोसँग सांसारिक कामगुण सम्पति हुँदैन उसलाई आनन्द भनेको हुँदैन।

भगवान् : पुत्रवालाहरु पुत्रकै चिन्तनमा रहन्छन, त्यसरी नै गाईवालाहरु गाईकै चिन्तनमा रहन्छन्। सांसारिक कामगुण सम्पतिबाट नै मनुष्यलाई चिन्ता हुन्छ। जोसँग सांसारिक कामगुण सम्पति हुँदैन, उसलाई चिन्ता लाग्दैन।

५) राजा प्रसेनजित : "भन्ते पुरुषको चित्तमा कति प्रकारका विषयहरु उत्पन्न हुन्छन, जुन उसको निम्ति अहित, दुःख अनि कष्टमय हुन्छ ?

https://dhamma.digital

भगवान् : मानिसको मनमा लोभ द्वेष र मोह पाप चित्त उत्पन्न हुँदा आफ्नैभित्र उत्पन्न भइ नष्ट गरिदिन्छ, आफ्नै फलले केराको बोटलाई नष्ट गरेझैं । (साभारः संयुक्तनिकाय, प्रथम भाग, अनुवादक संघनायक भिक्षु बोधिसेन महास्थविर)

राग द्वेष र मोहलाई अझ अर्को तरीकाबाट बुझ्न सकिन्छ । रागमा कम दोष छ तर यसमा मुक्ति सजिलो छैन । द्वेषमा महान दोष छ तर यसमा मुक्ति सहज छ । मोहमा महान दोष छ, त्यसमा मुक्ति सहज छैन । (साभारः अंगुतर निकाय, हिन्दि विपश्यना विशोधन विन्यास, २००४) आज बुद्धशासनको अवस्थामा हामीहरु केवल महापरिनिर्वाण दिवसको रुपमा बु.सं.२५६९ मान्नमा मात्र बढी केन्द्रित भएनौ र ? यदि बुद्धलाई सम्झने हो भने केवल वहाँको शिक्षा, वचन, ध्यान पद्धती नै जीवनको आधारशिला बनाउन तत्परता हुनु पर्ने हो । खाली बैशाख पूर्णिमा, विभिन्न पर्व उत्सव, सभा समारोह गरेर मनाएको बैशाख पर्व वास्तविक रुपमा बुद्ध भगवान्प्रति श्रद्धा देखाएको मान्न सकिँदैन ।

आज विश्वमा योग दिवश मनाएझैं वास्तवमा बैशाख पूर्णिमा त विपश्यना दिवसको रुपमा मनाई, घरघरमा बुद्ध वचनको प्रभावकारिता बढाउने, पुराना साधकहरुले विपश्यना साधना गरी मनाउने, उत्सुक उपासक उपासिकाहरु विपश्यनाको मर्म बुझी शिविरमा भाग लिन उत्प्रेरित गर्ने किसिमले मनाउन आवश्यक छ । अंरह भगवान बुद्धलाई धुप नेवैध आदिको पुजाआजाभन्दा वहाँको शिक्षा, अभ्यासलाई अवलम्वन गरी कार्यक्रम मनाउनु नै सच्चा बौद्ध उपासक उपासिकाको कर्तव्य ठहरीनेछ ।

आज व्यक्तिहरु धर्मको नाममा विभिन्न रीतिथितिमा अल्झिरहनु, वास्तवमा आफ्नो प्रज्ञा विकास गर्न बाटो, हर हमेसा स्मृति पूर्वक ध्यानमा रहनु पर्ने विषयवस्तु प्रति अनभिज्ञ भएको अथवा बाधा अवरोधको रुपमा लिन सकिन्छ कि सकिदैन ?

ꣳ ꣳ ꣳ

https://dhamma.digital

चित्त-शुद्धि मनुष्य जीवनको सार

दीघनिकाय, मज्झिमनिकायमा वर्णित महासतिपट्ठान सूत्त र अन्यत्र विभिन्न सूत्रहरुमा कायगतास्मृति रहनु, आनापान गर्ने आदि इत्यादी प्रसङ्ग भैरहेको सन्दर्भमा बुद्धवचन केवल पठनपाठनको लागि मात्र नभई ध्यान अभ्यास र पाठको सम्मिश्रणलाई सम्झन योग्य छ । अझ कुनै कुनै सूत्रहरुमा पढ्न सकिन्छ जसले यो सूत्र श्रवण र अभ्यास गर्न सकेन उस्को जीवन खेर गयो । त्यसैगरी यो 'महासतिपट्ठान अभ्यास भइरहेसम्म मात्र बुद्धशासन रहनेछ, त्यसपछि लोप हुनेछ' भन्ने वाक्याशंलाइ के कस्तो रुपमा ग्रहण गर्ने हो ?

यस अर्थमा आज वर्तमानमा बुद्धशासनमा, समाज र विश्वमा बुद्धवचन तथा ध्यान प्रथाको उपलब्धि भइरहेको अवस्थालाई प्रत्येक व्यक्तिहरुले यसको उच्चत्तम लाभ लिने प्रयास गर्नु नै सही अर्थमा वीर्य (उद्योग) गरेको मान्न सकिन्छ । केवल बुद्धवन्दना, पाठ श्रवणले मात्र सही अर्थमा बुद्ध शासनको भलो र टिकाउ हुने देखिँदैन ।

बिभिन्न बौद्ध संघ संस्था, विहारहरुले यता तर्फ विशेष ध्यान पुऱ्याई प्रचलित परम्पराहरुमा सुधार गर्न आवश्यक भएको महशुस हुन्छ । भगवान् बुद्धले दिनु भएको यो औषधि हामी व्यक्तिले के कसरी सेवन गर्छ त्यसैमा रोग रुपी जन्म मरणको चक्रबाट चाडै छुटकारा पाउन सकिन्छ । यस अर्थमा बुद्धशिक्षा र ध्यान अभ्यासबाट नै व्यक्ति स्वंय र समाजको हकहित निर्भर हुन्छ ।

२५६९ औं महापरिनिवार्ण, २६१४ औं बुद्धत्व लाभ दिवस, २६४९ ओं जन्म दिवसको त्रिसंयोगको पावन अवसरलाई सही अर्थमा बुद्धवचन पालन र अभ्यासको हेतु होउन, सांसारिक दु:खको चक्रबाट छुटकारा मिल्ने सुयोग होउन भनी सबैमा मङ्गलमय कामना व्यक्त गदर्छु ।

(आनन्द भूमि, २०८२ वर्ष ५३ अंक १)

https://dhamma.digital

बुद्धशिक्षा : समाज परिवर्तनको संवाहक

बुद्ध शासन ५००० वर्षको आयु भन्ने जन विश्वास वा बुद्धको भनाई विचार गर्दा अहिले करीव आधा भन्दा कममात्र यसको बाँकी अवधि भएको पाउन सक्छौं। अहिले हामी बुद्धशासनको करीव करीव मध्यकालतिर रहेको तथा बुद्धशासन नभएको अवस्था अथवा अहिले पनि बुद्धशिक्षा नपाएकाहरुको हकमा बुद्धशिक्षा पाएका उपासक उपासिकाहरु केही हदसम्म भए पनि भाग्यमानी भएको नै मान्न सकिन्छ।

बुद्धशिक्षाको व्यावहारिकता के कसरी हुनु पर्ने हो, त्यस अनुरुप भए नभएको बारे यहाँ केही चर्चा गर्ने जमर्को गरेको छु। नेपालको करीव १०० वर्षको थेरवाद बुद्धशासनमा समाजले के कस्तो उपलव्धि पाएको छ, के कस्तो कमजोरी रह्यो, अवको योजना कार्यक्रम कसरी व्यवस्थित र प्रभावकारी बनाउने हो, सम्वद्ध चार पाँग्रारुपी समूहहरुबाट व्यापक चर्चा परिचर्चाको आवश्यकता महसुस हुन्छ।

बुद्धशिक्षा नपाएको व्यक्ति समाजको त कुरा केही भएन तर केही हदसम्म भए पनि शिक्षा पाएका महानुभावहरुको आ-आफ्नो व्यवहार, सामाजिक परम्परा, घर व्यवहारिक मामिला, अशंवण्डालगायतको सामाजिक समस्याहरुको समाधानतर्फ के कस्तो भूमिका रहेको वा नभएको आदि इत्यादी समेत धर्मको कसीमा हेर्नु पर्ने देखिन्छ।

बुद्धशिक्षा खाली पाण्डित्याइँ देखाउन, विभिन्न कार्यक्रम, गोष्ठिहरुको आयोजना गर्ने, धार्मिक कार्यक्रमहरुको आयोजना गर्ने, समूहगत भेला गर्ने मात्र त कदापि होइन होला। त्यसैगरी विहारहरुको नियमित र विशेष कार्यक्रममा पञ्चशील, बुद्धवन्दना, परित्राण र अन्य पाठहरु मात्रले व्यक्तिको जनजीवनमा शिक्षाको गहनता पुगे नपुगको तर्फ पनि दृष्टिकोण पुऱ्याउन जरुरी देखिएको छ। निश्चित रुपमा परियतिको रुपमा बुद्धवचनहरु लाभप्रद

https://dhamma.digital

भएकोमा शंका छैन । तर पनि शिक्षाको तहगत ज्ञान बृद्धिको साथ साथै यसलाई सामाजिक रुपान्तरणको रुपमा व्यावहारिक प्रयोगमा कति आउन सकेको छ वा छैन ? यसमा सबैको चासो हुन आवश्यक छ ।

बुद्धशिक्षाले दिएको गृह विनयमा, एक आपसी कर्तव्य, दानको महिमा आदि नवुझी आज घर र समाजमा देखा परेको सामाजिक समस्याहरुको निवारणमा बुद्धधर्मावलम्विहरुको के कस्तो योगदान छ ? कतिको व्यवहारिक भएको छ वा छैन ? समाजको परम्परागत विश्वासमा अल्झिएर पुरानो संस्कार अदि पनि समाइ रहेर दोहोरा चरित्र निभाइरहेको त छैनन् ? बौद्ध शिक्षार्थीको हिसावले निवारण गर्नु पर्ने पञ्चनीवरण (पाँच बाधा- कामच्छन्द, विचिकिच्छा, थीनमिद्ध, उद्धच्च कुकुच्च, व्यापाद) हटाउने कार्य तर्फ कतिको अग्रसर भइरहेको छ । अझ अर्कोतर्फ भन्नुपर्दा आर्य अष्टाङ्गिकमार्गलाइ जीवनमा कतिको लागु गर्ने प्रयास भएको छ वा छैन सवैको आ आफ्नै जिम्मेवारी नै हो । यसतर्फ पनि बौद्ध उपासक उपासिकाहरु सचेत भएमा पनि सामाजिक समस्याहरुको निराकरणको लागि ठूलो टेवा पुग्ने स्वतःशिद्ध हुन्छ । तर अहिले यसको विपरीतको अवस्था नै मान्न सकिने अवस्था भएको आभाष आउँछ ।

यसैगरी दश संयोजनअन्तगर्त शीलव्रत परामर्श, विचिकिच्छा, मिथ्यादृष्टि, कामराग, द्वेष, रुपराग, अरुपराग, मान, चंचलपन, अविद्या आदि संयोजन हटाउन तर्फ पनि बौद्ध धर्मावलम्विहरुको के कस्तो प्रयास भइरहेको छ वा छैनन ? यो दश संयोजनको चार वटा तरीका त पञ्चनीवरणमा पनि आएका छन्। यस अर्थमा यो संयोजन हटाउन सकेमा स्वत पञ्चनीवरणको एउटा थीनमिद्ध (अल्छिपन) मात्र हटाए सबै स्वतः हट्ने देखिन्छ ।

अब यी दश संयोजनको शब्दको केही थप प्रष्ट (सामान्य अर्थमात्र) देखाउन सान्दर्भिक हुन्छ। सत्कायदृष्टि (म मेरा भनी आसक्त हुने स्वभाव हो। विचिकिच्छा भन्नाले अनावश्यक शंका गर्नु, शीलव्रत परामर्श भन्नाले

अन्धविश्वास, कर्मकाण्डमा अल्भिनु, कामराग भन्नाले सुखभोगको आशा गर्नु हो । त्यसैगरी पटिघ (द्वेष) भन्नाले बदला लिने र ईख राख्ने, रुपराग भन्नाले भौतिक वस्तुप्रतिको लालच, अरुपराग भन्नाले अदृष्य चीजमा आशक्ति, मान भन्नाले अंहकार, अभिमान हुनुलाई जनाउँछ । अन्त्यमा उद्धच्च भन्नाले चंचलता, अविद्या भन्नाले अज्ञान, नजान्नु, नबुझ्नलाई जनाउँछ ।

अझ पुरानो परम्परा त्योहार, पर्व आदिमा अल्भिरहको (बौद्ध गृहस्थीहरु) अवस्थालाई शीलव्रत परामर्श, विचिकित्साकै रुपमा लिन सकिन्छ कि सकिदैन ? अथवा अर्को तरीकाले भन्नुपर्दा कतै यी संयोजनहरु बढाउने कार्यमा रमाइरहका त छैनौं ? यसमा सबै उपासक उपासिकाहरुको गहन विश्लेषको खाँचो छ भने विहारहरुमा हुने प्रवचन, देशनामा तथा विविध कार्यक्रमहरुमा समेत यसतर्फ थप व्याख्या (बुद्ध वचन, विभिन्न सूत्रहरुको उदाहरण) अपेक्षा गर्नु सायद अतिशयोक्ति नहोला । सबैको आ-आफ्नै विश्लेषण, चिन्तन हुने/गर्ने हो । आखिर सबै स्वतन्त्र त हुँदे हुन् भने यो पनि अझ चित्तको प्रवाह (आ-आफ्नो फरक पन), चित्तको स्वभाववाहेक अरु के नै हो र ।

आज देखा परेका आर्थिक सामाजिक समस्याको निवारण हेतु बौद्ध उपासक उपासिकाहरुको तर्फबाट आफूले सकेको अनुरुप एकआपसी परिवार, नातेदार र अन्य आवश्यकता बमोजिम आर्थिक समस्या समाधान हेतु, सम्पतिहरुको सही सुदुपयोग, विपन्नवर्गको लागि सहयोगका कार्यक्रम आदि पनि दान, त्यागको रुपमा बढाउन आवश्यक देखिन्छ ।

'जीवन अनिश्चित, मृत्यु निश्चित', 'सबै छोडेर जाने हो' भन्ने शिक्षाले परिपुर्ण बौद्ध गृहस्थीहरु भौतिक सम्पतितर्फको लालसा, आर्थिक विचारधार बेमेल देख्नु, सहयोगको भावमा बृद्धि देखा नपर्नु आदि विचार गर्दा पनि करीव १०० वर्षको आधुनिक नेपालको थेरवाद इतिहासले

https://dhamma.digital

समाजमा के कस्तो परिवर्तन ल्याउन सफल भयो वा भएन लेखाजोखा गर्न आवश्यक देखिएको छ । अझ सामान्य व्यक्तिहरु सरह नै 'सही व्यक्तित्व विकासको' साटो भौतिक विकासलाई नै विकास र प्रगतिको मापडण्दमा अल्झिनु भनेको त लोभ प्रवृतिमै भुलिरहेको नै मान्न सकिन्छ ।

अझ विहारलगायत विभिन्न कार्यक्रमहरुमा धर्मसंवेग उत्पन्न गराउनुपर्ने तर व्यवहारिक र घरायसी सामाजिक समस्याहरुको कुराकानी गर्ने स्थलको रुपमा - सम्प्रफलाफलगायत अन्य अकुशल कर्म गर्ने थलोको रुप अथवा घरायसी पीडा, चाकरी चुप्लसी कुरा गर्ने थलोको रुपमा परिणत भइरहेको छैन ? यस तर्फ पनि विशेष चनाखो भई अवधिभर एक आपसीमा कुरा नगरी धार्मिक कार्यक्रम अवधिभर अनावश्यक कुरा नगरी बाधा अवरोध हुने काम हुन नदिन समेत थप प्रयासको समेत खाँचो महसुस हुन्छ । विभिन्न बौद्ध सभा समारोह, कार्यक्रममा शील समाधि, प्रज्ञा, आर्य अष्टाङ्गिकमार्ग, चित्त चैतसिक आदि गहनदेखि विभिन्न जातककथा, बुद्धवचन, श्लोकहरुको वाचन, चिन्तन मनन हुन्छ । त्यसै अनुरुप मानव संसाधनरुपी बौद्ध उपासक उपासिकाहरुको गृहस्थी जीवनमा व्यवहारिक परिवर्तनको मद्दतबाट समाजको रुपान्तरणा भुमिका हुनुपर्ने नै मुलतः बुद्धशिक्षाको लक्ष्य भएकोमा शंका नहोला । यसरी सामाजिक रुपान्तरणमा बुद्धशिक्षाप्राप्त महानुभावहरुबाट (जे जस्तो पाएकोछ, त्यसलाई अभिबृद्धि गर्नु अर्कोपक्ष) सामाजिक रुपान्तरणमा केही हदसम्म प्रत्यक्ष अप्रत्यक्ष योगदान दिएको विश्वास लिन सकिन्छ । यस अर्थमा भन्नसक्छौं बुद्धशिक्षा नै सामाजिक परिवर्तनको संवाहक हो, यसको विकल्प अरु छैन । यसको विपरीत यदि बुद्धशिक्षा लिएका महानुभावहरुबाट केही योगदान पुगको छैन, खाली कार्यक्रम गोष्ठिमा मात्र अल्झिएको छ भने त्यो पनि दश संयोजनकै एउटा अङ्ग (कुन अङ्ग ?) हुन जाने देखिन्छ । अझ बौद्धिक बुद्धिविलासको पनि कतै एउटा नशाको रुपमा विकसित त भइरहेका छैन ?

अतः आजको समाजिक विषमताको विरुद्ध सामाजिक रुपान्तरणको लागि बौद्ध उपासक उपासिकाहरुको भूमिका अझ विस्तृत र व्यापकता भएकोलाई नकार्न सकिदैन । यस्तो सार्थक शिक्षाको उपयोगिता अहिलेको समाजमा झन तडकारो बढेको निर्विवाद हो । यदि यसो हो भने बौद्ध विद्वान, उपासक उपासिका लगायत चार पाँग्रारुपी बौद्ध परिषदले यसमा गहन छलफल, अनुसन्धानको आवश्यकता देखिन्छ । यसैबाट बुद्धशिक्षा सामाजिक परिवर्तनको संवाहक हुन भन्ने प्रमाणित गर्ने अवसर समेत मिल्छ ।

सबैको मंगल होस ॥

(आनन्द भूमि ,वर्ष ५१, अंक १७, माघ पूर्णिमा, २०८०)

Dhamma.Digital

https://dhamma.digital

संगठनमा कार्यक्षमता र व्यवस्थापनको सवाल

कुनै पनि संगठनको कार्य सुव्यवस्थित रुपमा संचालन हुन संगठन संरचना, कार्य प्रणालीको सहजता, कार्यरत जनशक्तिको उचित कार्य पद्धतिको सर्वोपरी भुमिका रहनेमा शायद कसैको विमति होला ।

यस परिवेशमा कर्मचारीहरुको ऐन, नियमावली, कर्मचारीको आचरण सम्बन्धी नियमावली, सुशासन - व्यवस्थापन तथा सञ्चालन ऐन, नियमावली आदि इत्यादीको व्यवस्था भएको छ । यी ऐन नियमहरुको यथोचित कार्यन्वयन पक्ष सुचारुरुपमा भए नभएको बारे पनि विविधरुपमा छलफलको विषयवस्तु हुन सक्छ । तर पनि सामान्यरुपमा भन्नुपर्दा यी यावत नियमवालीमा व्यवस्था भए तत् अनुरुपको कार्य सञ्चालन नभएको अवस्थाले नै आज आम जनमानसले स्तरीय सेवा नपाइरहेको भन्ने आँकलन गर्न सायद कठिनाइ नहोला ।

कर्मचारीहरुको नियुक्ति देखि काम कर्तव्य, आचण, बढुवा, पदस्थापन, आदिलाइ सरलीकृत र संक्षेपमा राखी अन्य प्राविधिकका कार्यहरुको काम-कर्तव्य समेत समेट्न सकेमा साँचो र पूर्णता सहितको कर्मचारीहरुको सेवा सर्त र सुविधा सम्वन्धि नियमावलीले सार्थकता पाउनेमात्र नभई, काम कर्तव्य, कर्मचारीको जिम्मेवारी तथा अन्तरनिहित कार्य र समन्वयात्मक कार्यमा सहज भइ समग्र रुपमा सुरक्षित र स्तरीय सेवाको अपेक्षा गर्न सकिन्छ ।

संगठन संरचना, र कर्मचारीहरुको सेवा शर्त सुविधा सम्वन्धी नियमावलीमा भएको दुरी तथा असामञ्यस्ताको कारणले एक निकायको कार्य अर्के निकायले गरीरहने संभावना हुने, कतै दोहोरोपन हुने, कुनै आवश्यक कार्य नै नभइरहेका अवस्था हो कि भन्ने आँकलन गर्न सकिन्छ ।

सबै निकायमा कार्यरत कर्मचारीहरुको आ-आफूसंग सम्वन्धित

https://dhamma.digital

कार्यविधि, नागरिक बडापत्र, ऐन, नियमावली आदिसम्वन्धि कार्य गर्न थप जिम्मेवारी बनाउने, तत्‌बमोजिमको कार्य गर्नमा अवरोध, बाधाहरुवारे थप क्रियाशिलता र सजक बनाइरहनसमेत तथा उल्लिखित व्यवस्था विपरित कार्य गरेकोमा कारवाहीको थप व्यवस्थासमेत यस नियमावलीमा गर्न सकिने गुञ्जायस देखिन्छ ।

लिखितकार्य, अध्ययन कार्यका जोड दिइ नियमित र निरन्तर अपडेट भइरहनु संगठनको प्रकृति हो भने कार्यरत कर्मचारीहरु पनि यसै अनुरुप जागरुक र उत्प्रेरित भइरहनु अति आवश्यक देखिन्छ। नियमावली, कार्यविधि आदि संग तालमेल भए/नभएको, फरक भएमा सोको सुझाव र विकल्प दिन समेत सबै सेवा तर्फका कर्मचारीहरुको दायित्व बनाउनेगरी थप क्रियाशिलता र सजकताको संबोधनसमेत अपरिहार्य देखिएको छ ।

यस परिवेशमा राज्यले सार्वजनिक निकायहरुको कर्तव्य र जिम्मेवार बनाउन सूचनाको हक सम्वन्धि ऐन २०६४ तथा नियमावली २०६५ ले गरेका व्यवस्था बमोजिम यसको केही चर्चा र व्यबस्था समेत कर्मचारीहरुको शर्त सुविधा नियमावलीमा हुन आवश्यक देखिन्छ। सूचनाको हकसम्बन्धी ऐन २०६४ मा भएका व्यवस्था सूचना शाखाको स्थापना, आवश्यक तालिम, सूचनाको वर्गीकरण, संरक्षण, नागरिकको सूचनाको हकको सम्मान गर्न आदि इत्यादिको व्यवस्थासमेत विशेष मननीय छ भने यो बमोजिम संगठनको कार्य क्षेत्र, विभिन्न सेवासमूह अथवा सेवाप्रदायकको विविधताको अनुरूप यसमा अझ विशेष थप व्यवस्थाको खाँचो भएको देखिन्छ ।

यस परिवेशमा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ को प्रस्तावनामा उल्लिखित "मुलुको सार्वजनिक प्रशासनलाई जनमुखी जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन, कानुनको शासन, भ्रष्टाचार मुक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, सार्वजनिक कार्य र श्रोतको कुशल

https://dhamma.digital

व्यवस्थापनजस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनुपर्ने सेवा छिटोछरितो तथा कम खर्चिलो ढङ्गबाट पाउने अवस्था श्रृजनागरी सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यन्वयनमा ल्याउन र प्रशासन संयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहजकर्ताको रुपमा रुपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिन सम्वन्धमा कानुनी व्यवस्था गर्न आवश्यक भएकोले" अझ मननीय छ।

यसको उपलब्धि भनौं वा सुशासनमार्फत जनजीवनमा सुधारल्याई देशको सर्वाङग् विकासको लागि कर्मचारीहरुको भूमिका अति महत्वपूर्ण भएकोमो द्विविधा छैन। कर्मचारीहरुको सेवाको सर्त र सुविधा नियमावलीलाई समसामयिक र विस्तृत परिमार्जनसहित कर्मचारीहरुको सेवाबमोजिमको स्तरीय सेवा प्रदान गर्न गराउन तर्फ प्रत्यक्ष-अप्रत्यक्ष सबैको गहन जिम्मेवारी, कर्तव्यबोध हुने गरी विविध सेवाको मर्म लक्ष्य बमोजिम प्रविधिमैत्रीयुक्त व्यवस्था समेटी बृहत् कर्मचारी सर्त सुविधा नियमावली बनाउन आवश्यक देखिन्छ। यसैबाट कर्मचारीहरुको कार्यस्तरीयतामा अभिवृद्धि भइ समग्ररुपमा प्रशासन व्यवस्थापन चुस्त-दुरुस्त भइ आम जनमानसले भरपर्दो सेवा प्राप्त गर्ने आधार मिल्ने विश्वास गर्न सकिन्छ। पटक-पटक संशोधित नियमावलीमा समयानुकुल संशोधन हुँदै आइरहेको पनि संगठनको काम कर्तव्यतर्फ अभिमुख नभइ कुनै सेवा, समूह व्यक्ति विशेषहरुको स्वार्थपुर्तिको लागि मात्र संशोधनको लागि संशोधन भएको हो कि भन्ने समेत आभास देखिन्छ। यसमा पनि अझ विशेष चनाखो हुन आवश्यक छ। राष्ट्रसेवकहरु आ-आफ्नो सेवामा समय पावन्दी र भरपर्दो सेवा दिन तत्पर भइ स्तरीय सेवा प्रदान गर्नु अहिलेको समाजको वस्तुपरक माग भएको पनि सम्झन योग्य छ। यी सबैको सन्दर्भमा केही भनाइ राख्न सान्दर्भिक ठादन्छु ।

"वृक्ष काट्नकालागि तपाई मलाइ ६ घन्टा दिनु र म पहिलो चार घन्टा बन्चरोमा धार तेज गर्न लगाउछु।" - अब्राहम लिंकन।

"यदि शिक्षाबाट जीवनको आदर्श केही उच्च हुँदैन भने पढाइ बेकार हो।
- महात्मा गाँन्धी

यी भनाइ मननबाट पनि स्तरीय सेवाको लागि कर्मचारी कार्यदक्षता, संगठनात्मक लक्ष्य अनुरुप सेवा प्रदान सक्षम बनाउन चुस्त व्यवस्थापन, प्रशासन अत्यावश्यक छ।

यसैमा अझ विशेष स्मरणीय गर्न आवश्यक देखिन्छ। कर्मचारीको आचरणसम्बन्धी नियमावलीमा भएका विभिन्न विवरणहरु कर्मचारी भए पश्चात यसको परिपालनमा के कस्तो दायित्व हुन्छ, त्यसको लागि कर्मचारी भएपश्चात यसको परिपालनमा के-कस्तो दायित्व हुन्छ ? त्यसका लागि कर्मचारी भएपश्चातमात्र आउने नभइ कुनै पनि व्यक्तिहरुमा चाहिने नैतिकता, आचरण सम्बन्धी शिक्षा प्राथमिक शिक्षादेखि नै आवश्यकता अनुसार शिक्षा दिन आवश्यक छ। यसैमा सच्चा राष्ट्रभक्त नागरिक तयार गर्ने आधार हुन्छ। खाली यस्तो आचरण कर्मचारीहरुलाई मात्र (कार्यालयको सेवाको हकमा कर्मचारीलाई चाहिने) नभइ समाजका विविध क्षेत्रमा कार्यरत, सबै व्यक्तिहरुमा आ-आफ्नो क्षेत्रको कार्य प्रतिको दायित्व, स्तरीय सेवा दिनु, सही सूचना दिनु आदि त सबैको मूलभूत कार्य भएकोमा दुइमत नहोला।

आज समाजको यावत क्षेत्र सरकारी गैरसरकारी, निजी क्षेत्र, सेवा प्रदायक क्षेत्रमा भइरहेको सेवाहरुको कमी कमजोरी देखा पर्नुमा मुलतः स्तरीय सेवा दिन आवश्यक संयन्त्र (भौतिक, मानविय र अन्य) र संगठनको क्षमतामा अपुर्णतादेखि कार्यरत व्यक्तिहरुमा कार्यलक्ष्य, जिम्मेवारी, कार्यबोझमा अनमेल आदिलाई लिन सकिन्छ। सार्वजिनक निकाय, सेवाप्रदायकहरुमा भीडभाडलाई पुग्ने मात्रको सेवा दिन अपर्याप्त, दिइरहेको सेवाहरुमा कमी-कमजोरीतर्फ सबै निकायहरुले विस्तृत गृहकार्य, सुझाव संकलन, कार्य सुधारको निरन्तर अनुगमन आदिको समेत आवश्यकता

https://dhamma.digital

महसुस हुन्छ। अतः संगठनको लक्ष्य र उद्धेश्य प्राप्तितर्फ उन्मुख बनाइ जिम्मेवारी बनाउन यो कर्मचारीहरुको सेवा सर्तको सुविधा सम्वन्धी पनि परिवर्तन हुने अपेक्षा गर्न सकिन्छ। यसैमा देशको प्रशासन, व्यवस्थापन, कार्यपालिकाको महत्ताशिद्ध हुने, कर्मचारीहरु र व्यक्तिहरुको हक पनि सुनिश्चित हुने अनि देश विकासको मार्ग प्रष्ट हुनेछ।
(नेपाल समाचारपत्र २०८२।३।१)



https://dhamma.digital

सम्यक व्यायाम र जीवन

लिच्छवी, मल्ल, शाहकालदेखि हालको गणतन्त्रात्मक राज्य प्रणालीहरुको लिखित इतिहासको केही अध्ययनमा पनि राज्य र नागरिकहरु जहिले पनि एक-आपसी अन्तरद्वन्दी र प्रतिष्पर्धी नै हो कि भन्ने भान हुन्छ । राज्य व्यवस्थाले जनताको ईच्छा आकांक्षा परिपुर्ती गर्न नसक्नु यथार्थ हो । त्यसलाई मलजोलको रुपमा जनताको सोझोपनलाई भजाएर फेरी विभिन्न गुट, समूह देखि दलगत प्रोपोगण्डा अथवा एक पक्षको कमजोरीको नाममा जनतालाई मुर्ख बनाउने खेलहरुको निरन्तरतासिवाय अरु केही देखिएन । सायद यो मानवीय इतिहासमा मुर्ख्याइँको बलियो प्रमाण नै हो । केही दशकअघिको नेपालको मात्र कुरा गर्ने हो भने पनि राणाकाल विरुद्ध प्रजातन्त्र, प्रजातन्त्रको विफलपछिको पञ्चायति व्यवस्था, पुनः पञ्चायति व्यवस्थाको विरुद्ध २०३६ र २०४६ को आन्दोलन तथा बहुदलीय व्यवस्थाको पुनर्स्थापना र २०५१ देखि ०६२।६३ सम्मको आन्दोलन, गणतान्त्रिक संविधानको घोषणा पश्चात पनि यस्तै छल कपट, जनता गुमराह बनाउने खेलसिवाय अरु केही भएको अनुभूति गर्न सकिने ठाँउ देखिँदैन ।

यो वर्षको मनसुनले निम्त्याएको विकराल अवस्था, जन धनको अपूरणीय क्षती, यातायातमा कष्टपुर्णयात्राको बाध्यात्मक अवस्था, चाडपर्वको माहौलमा कैयौं परिवारहरुको विचल्ली पूर्ण अवस्थामा व्यक्ति, समूह तथा राज्य प्रणाली नै निरीह देखापरेको यथार्थलाई स्वीकार गर्न सायद कठिन नहोला ।

समाज, विश्वको भयावह अवस्था हुनुमा शारीरिक स्वास्थ्य भन्दा मानसिक अस्वस्थताको बाहुल्य भएको स्वीकार गर्न सायद बहुमत जनतालाई अपाच्य हुन सक्छ । करिव १०० वर्षको नेपालको सामाजिक सोचको अवस्था लिएर ऐश्वर्यलाल प्रधानाङ्गले ‘मेरो देन्दिनी’ मा लेख्नु भएको वाक्य निकै नै मर्मस्पर्शी तथा त्यस्तै अवस्थाको निरन्तरता नै वर्तमान हो भन्नुमा

https://dhamma.digital

कुनै आपति नहोला । उहाँ लेख्नु हुन्छ, ‘राज्यले जनतालाई जति सक्यो लुट्ने, जनताले राज्यलाई जति सक्यो उति ढाँट्ने’ हो ।

अमूर्त राज्य प्रणालीलाई दोष दिएर व्यक्तिहरु आफू त चोखिन सकिदैन, बरु राज्य प्रणालीको मजवुत व्यवस्थाको लागि प्रत्येक व्यक्तिहरुको के-कस्तो कर्तव्य र जिम्मेवारी निर्वाह गर्नु पर्ने हो त्यतातर्फ बहसको औचित्य हुन सक्छ। संसारमा विभिन्न नाममा किसिम-किसिमका शारीरिक व्यायामहरु प्रचलनमा आईरहेको तर मानसिक व्यायामको चर्चा-परिचर्चा नहुनु निश्चय पनि कहाली लाग्दो अवस्था मान्न सकिन्छ । व्यक्तिको स्वच्छता, स्वस्थताको मापदण्ड शारीरिक तथा मानसिक दुवै भएकोमा शंका नहोला। आज संसारमा शारीरिक स्वस्थताकोलागि जति चर्चा-परिचर्चा भएको पाउँछौ, मानसिक स्वास्थ्य तर्फ जोड दिएको कमै मात्रामा पाउन सकिन्छ। आजको अवस्थामा व्यक्तिहरुका लागि मानसिक व्यायाम, कसरत, सम्यक व्यायामको अति जरुरी छ ।

‘सम्यक व्यायाम भन्नाले शारीरिक कसरतझैं चित्तद्वारा गर्ने चार प्रकारका व्यायामलाई जनाउँछ । चित्तमा खराब कुरा आएका छ भने त्यसलाई हटाउने प्रयास गर्नु, खराब कुरा छैन भने त्यसलाई आउन नदिनु, चित्तमा राम्रा कुराहरू आएको छन् भने त्यसलाई बढाउने प्रयास गर्नु र अन्त्यमा चित्तमा रामो कुराहरू आएका छैन् भने राम्रो कुरा ल्याउने प्रयास गर्नुलाई नै सम्यक व्यायाम भनिन्छ ।

यो सम्यक व्यायाम व्यक्तिहरुको निजी जीवन देखि, संगठन, आयोजना, राज्यका विभिन्न संयन्त्रमा आवश्यक छ। कुशल कार्य गर्ने, अभिवृद्धि गर्ने, अकुशल कार्य भइरहेको भए बन्द गर्ने गराउने, अकुशल, अहितकारी कार्य नगर्ने/नगराउने प्रण नै आजको समाज तथा विश्वको लागि अपरिहार्य भएको छ। अमूर्त प्रशासन, राज्यलाई चलाउने व्यक्तिहरुले यो व्यायामरुपी कार्य गरेमा देश विकास हुन कति बेर लाग्ला र ?

https://dhamma.digital

मिडियाहरुमा विभिन्न कमजोरीहरु देखाउने, संघसंस्थाको परिसर भित्रै पनि हुलहुज्जत, नाराबाजी, आदि गरीरहने जुन प्रवृति देखा परेको छ, त्यसलाई पनि राम्रो मान्ने वा नराम्रो मान्ने बहसको विषय हुन सक्छ। एक-अर्कालाई गाली गरेर, कमी-कमजोर देखाएर, आ-आफ्नो डम्फु बजाउने प्रवृति स्वंय सम्यक व्यायामको विपरीत कृयाकलाप नै हो। कतै प्रचार प्रसारको माध्यम बनाई आफ्नो दुनो सोझ्याउने कार्य वा अझ थप पीडादायी व्यक्तिलाई थप पीडा दिने माध्यम त भइरहेको छैन ? वास्तविक समस्याको पहिचान र समाधान तर्फ सबै संगठनहरुले कुशल कार्य गर्ने, बढाउने, खराव कार्य नगर्ने, बन्द गराउने तर्फ अग्रसर हुन समेत यो व्यायाम, अनुसन्धानको औचित्य पक्कै बढेको छ। सबै निकायका संघसस्थाहरुले आ-आफ्नो संगठनको लक्ष्य अनुकुल भएको कार्य भइरहेको वा नरहेको, लक्ष्य विपरीत भइरहेको कार्यलाइ बन्द गर्न/गराउन खालको योजना सृजित गर्नु पनि आजको लागि सम्यक व्यायामको परिचय हुनसक्छ।

व्यक्तिहरुले कुनै पनि कार्य गर्न अघि सोच्नु पर्ने हुन कतै यो कामबाट अरुलाई हानी हुन्छ वा हुँदैन, वा कतै यो कार्य अकुशल त होइन ? भन्ने सोच्नुपर्छ। व्यक्तिहरुको आफ्नो जीविकाको लागि गर्ने आयआर्जनका विभिन्न माध्यमहरु यदि शुद्ध आजिविका हो वा होइनन, यदि होइन भने त्यसलाई पनि त्याग्नुपर्ने अठोटको लागि सम्यक व्यायामको जरुरी छ। यसको अभावमा समाज, राज्यमा भइरहेको भ्रष्टाचारको अन्त्यको परिकल्पना पनि व्यर्थ नै हुन्छ। सवाल यो हो कि भ्रष्टाचार पूर्णरुपमा निर्मुल गर्न कठीन नै भए पनि न्युनीकरणको लागि पनि यो सम्यक व्यायामको प्रभावकारीता हुने निश्चित प्रायः छ।

कुशल र अकुशल कार्यमा भेद, विभाजन गर्न सहज कदापि हुँदैन। आफूलाई वा आफ्नो समूहको स्वार्थजन्य कार्यलाई राम्रो मान्ने अथवा अरुहरुको हक हित दिनु परेमा नराम्रो कार्य मान्ने ? यसमा व्यक्तिगत

https://dhamma.digital

स्वच्छता, संगठनको लक्ष्यप्रति तत्परतासहित कार्य गर्ने कर्मचारी संयन्त्रको मनोवल के कस्तो छ, त्यसले पनि निर्धारक भूमिका खेल्ने स्वतशिद्ध छ। आफूलाई मन परेको कुरा कुशल नै हुनु पर्ने भन्ने छैन बरु अकुशल कार्य भइरहेको हुन सक्छ। यसको विपरित आफूलाई मन नपरेको कैयौ प्रशंग कुशलकार्य हुन सक्छ। यो भेद पत्ता लगाउन पनि मानसिक कशरत, अध्ययन अनुसन्धानको जरुरत त हुन्छ नै। आज सामान्यरुपमा पनि व्यक्तिहरुले आफूसंग भएको अकुशल कार्यहरु हटाउन तथा कुशलकार्य गर्न ठूलो धैर्य, बलको आवश्यकता चाहिन्छ। त्यसैगरी आफूसंग नभएको अकुशल कार्य आफूमा प्रवेश नगराउन तथा आफूसंग भएको कुशल कार्यको अभिबृद्धिका लागि पनि बल मेहनतको आवश्यकता हुन्छ नै।

संसारमा भईरहेका विभिन्न भय, डर त्रासदेखि युद्धको अवस्थाहरु यस्तै मानसिक व्यायामको अभावमा भइरहेको हुन्। यस्ता प्रवृतिमा नियन्त्रण नभएसम समाज, विश्वमा शान्ति, अमन चैनको कामना गर्नु पनि व्यर्थ नै हुनेछ। आज समाजको अशान्ति, द्वन्द, घात-प्रतिघात, जय-पराजय, दण्ड, आरोप-प्रत्यारोपको विद्यमान अवस्था वास्तवमा समाजको परिचयमात्र होइन अपितु व्यक्तिहरुको पहिचान तथा अनुहार नै हो।

राणाकालको अन्त्यतिरको देश समाजले चाहेको, देखाएको लालसा, २०१७, २०३६, २०४६, २०६२।६३ तथा संविधान घोषणा पश्चात पनि एक-आपसी छलछाम, आशक्ति देखाउनेहरुको नै प्रभुत्व हावी भएको निश्चित छ। यसरी जनता पटक पटक रुपमा कुनै न कुनै समूह, दल, मोर्चाको आशक्तिको सिकार भइनै रहनु पर्ने यो कस्तो नियति हो ? यसो त कसैको नियत शुरु-शुरुमा खराव तन्त्र विरुद्ध सुशासन, जनताको चासो नभएको पनि होइन तर कालान्तरमा फेरी आफै लक्ष्यबाट विमुख भइ जाने, फेरी अर्को शक्ति उदाउने, बिलाउने आदि क्रमकै निरन्तरतामा व्यक्तिहरुले एकको विकल्पमा अर्को शक्तिको आशा गर्नु, आशक्ति गर्नु पनि

https://dhamma.digital

निकै विडम्बनापुर्ण अवस्था नै मान्न सकिन्छ ।

सञ्चारका विभिन्न माध्यममा विभिन्न वर्ग, उमेर समूह देखि युवावर्गहरुको विभिन्न आक्रोश, कुण्ठाहरु देख्न पढ्न पाइरहेको अवस्था हो । यसमा पनि आखिरमा एउटाको विकल्प अर्को समूह, अर्को वर्ग, युवा समूह आदिकै मात्र आशरुपी आशक्तिबाहेक वास्तविक समस्याको पहिचान र समाधानको उपायहरुको चर्चा नभएको अवस्था नै मान्न सकिन्छ । शारीरिक र मानसिक बल, स्वस्थताको कुरा भनौं वा मानसिक व्यायामको प्रसंग र चर्चा त गरेको विरलै देखिन्छ । आखिरमा समाजमा आजको विकराल अवस्थाको मूल कारण मानसिक अवस्थालाई मान्न सकिन्छ कि सकिदैन ?

आज समाजमा जलिरहेको आगोमा थप ज्वलनशील पदार्थ, ईन्धन वा रासायनिक पदार्थ हाल्नुको साटो भईरहेको घाउमा मलहम पट्टी रुपी शान्ति, सुव्यवस्थाका लागि सबै व्यक्तिले सेवा मुखीभइ यसका निम्ति विशेष पहल गर्नु आजको आवश्यकता हो । यो कार्यको लागि सम्यक व्यायामको विकल्प शायद अरु नहोला ।

अतः वास्तविकरुपमा व्यक्ति, समाजको हकहितको लागि आसक्तिजनक शिक्षाको पछाडी नलागी, व्यक्तिहरुलाई आफ्नो मुक्तिको लागि प्रयास गर्न सम्यक व्यायाम अति उत्तम व्यायाम भएकोमा शंका छैन । यो सम्यक व्यायाम नै वास्तवमा व्यक्ति स्वंयको कल्याण तथा समग्ररुपमा समाजको शान्ति सुव्यवस्थाको लागि बलियो आधार र मार्ग हुनेमा शंका छैन ।
(नेपाल समाचारपत्र, मिति २०८१।७।११ मा प्रकाशित)

https://dhamma.digital

सतिपट्ठान शिविर एक स्मृतिमा

कोटडाँडा धम्मागारा विपश्यना केन्द्रमा २०८० फाल्गुण ८ देखि १७ गते देखि बसेको सतिपट्ठान शिविर बसाइ निकै हर्षोल्लासमय भएकोले यो स्मरण लेख लख्न जाँगर चल्यो ।

यो सतिपट्ठान शिविर भनौ वा विपश्यना शिविर भने पनि यसमा भगवान् बुद्धले कुरु क्षेत्रमा दिनु भएको महासतिपट्ठान सूत्रको आधारमा ध्यान अभ्यास गराईन्छ । यसमा उक्त सूत्रको विशेष व्याख्या सहित अभ्यास गराइन्छ । यस अर्थमा यो सूत्रमा सम्पूर्ण बुद्ध वचन समावेश भएको मान्न सकिन्छ । वस्तुत: यो सूत्रले परियत्तिलाई समेटी प्रतिपति र प्रतिवेघ तीनै अंगलाई अवलम्वन गर्न जोड दिएको पाउन सक्छौं । यो सूत्रमा आउने, पञ्चनीवरण, पञ्चस्कन्ध, आयतन, सप्त बोध्यंग, चार आर्यसत्य आदि इत्यादीलाई मनन गर्दै गर्ने यो सतिपट्ठान शिविरमा सहभागी हुन पाएको दिनलाई जीवनको अमूल्य क्षणको रुपमा लिएको छुं ।

यस अर्थमा नै हुनसक्छ एउटैमात्र मार्गको रुपमा भगवान् बुद्धले महास्मृति प्रस्थान सूत्रमा आज्ञा गर्नुभएको छ - "एकायनो अयं भिक्खवे मग्गो सत्तानं विसुद्धिया, सोकपरिदेवानं समतिक्कमाय, दुक्खदोमनस्सानं अत्थङ्गमाय ञायस्स अधिगमाय निब्बानस्स सच्छिकिरियाय, यदिदं चत्तारो सतिपट्ठाना ।"

"भिक्षुहरू ! यी चार स्मृतिप्रस्थान नामक आचरण मार्ग सत्वहरूको चित्तमल निर्मुल पार्न, शोक र परिदेवलाई अतिक्रमण गर्न, शारीरिक दु:ख र मानसिक पीडालाई शान्त गर्न, आर्यमार्ग लाभ गर्न, निर्वाणलाई साक्षात्कार गर्न एउटै मात्र मार्ग हो ।

यसलाई अझ भन्नुपर्दा लोकमा राग द्वेष हटाई श्रमशील, स्मृतिवान र सम्प्रज्ञानी भई कायमा कायानुपश्यी भएर विचार गर्दछ । लोकमा राग

https://dhamma.digital

द्वेष हटाई श्रमशील, स्मृतिवान र सम्प्रज्ञानी भई वेदनाहरुमा वेदनानुपश्यी भएर विचार गर्दछ। यसैगरी लोकमा राग द्वेष हटाई श्रमशील, स्मृतिवान र सम्प्रज्ञानी भई चित्तमा चित्तानुपश्यी भएर विचार गर्दछ। फेरी लोकमा राग द्वेष हटाई श्रमशील, स्मृतिवान र सम्प्रज्ञानी भई धर्महरुमा धर्मानुपश्यी भएर विचार गर्दछ । यसरी यी चार तरीकाबाट उदय व्ययको यथार्थ अनुभूति सहित हरदम उद्योगी भइरहनु (तप), सम्प्रजन्य र स्मृतिपूर्वक हेरी रही राग र द्वेष हटाउने अभ्यास नै विपश्यना -चार स्मृतिप्रस्थान ध्यान अभ्यास हो। सबै परिवर्तनशील छ, सुख त परिवर्तन छ भने दुःख पनि परिवर्तन हुन्छ नै, यस अर्थमा कुनै प्रति राग द्वेषविना अपेक्षाभाव विकास गर्नु नै व्यक्तिहरुको चारीत्रिक विकासको बाटो हुन्। अभ्क अर्को शब्दमा भन्नु पर्दा हरेक क्षण यही चार स्मृतिमा हरदम स्मृति पुर्वक सम्प्रज्ञानी भइ तप गरीरहनु (आतापि सम्पजान सतीमा) हुन अभ्क यसरी गर्ने अभ्यास केवल ध्यान शिविर मात्र होइन, व्यक्तिको जीवनको प्रत्येक क्षणमा हुनु पर्ने भन्नाले व्यक्तिहरुको के कस्तो अभ्यास धैर्यको खाँचो हुन आवश्यक छ, कयौं गुणात्मक लगनशीलता, मेहनत (वीर्य) को आवश्यकता हुन्छ त्यो पनि सामान्य सोचाइको भन्दा निकै परको कुरा हुन आउँछ ।

यी चारस्मृतिप्रस्थानको आ-आफ्नै विषयवस्तुमा ध्यान भावना गरे पनि सबैको निष्कर्शको रुपमा फेरी स्मरण गर्न उपयुक्त हुन्छ ।

आफ्नो र अरुको पनि आउने जाने रुप समुहमा उत्पति हेतु धर्म उत्पन्न हुने स्वभावलाई वारम्वार विहार गरी बस्दछ। भित्र आउने बाहिर आउने रुप समूहको विनाश हुने र विनाशी स्वभाव धर्मलाई विहार गरी रहन्छ। उत्पन हुने र विनाश हुने धर्म तथा स्वभावलाई वारम्वार विहार गरी रहन्छ। त्यसैगरी सास आउने जाने प्रक्रिया रुप समूहमात्र हुन कुनै व्यक्ति होइन भनी भाविता गरीरहन्छ। उत्पति बिनाशबाट बच्न नसक्ने लोक संस्कारमा उत्पन्न हुने उपादानस्कन्ध (रुप, वेदना, संज्ञा, संस्कार, विज्ञान) कुनैलाई

https://dhamma.digital

आफ्नो नमानी तृष्णा र मिथ्याज्ञानमा आकर्शित नहुने हुन्छ । यहाँ कायानुपश्यनाको मात्र उल्लेख गरेको हुं । यसैगरी अन्य विभाजन तथा तत् अङ्गहरुको आ-आफ्नो विशिष्ठता अनुरुप अभ्यासबाट निश्कर्षको रुपमा यस्तै नै हुन् । (वृस्तत जानकारीकोलागि हेर्नु होला महासतिपट्ठान सूत्र) । तर स्मरणीय छ पाठ सूत्र अध्ययन मात्र होइन त्यसको ज्ञान बमोजिम अभ्यास गर्नु हो ।

यो शिविरमा विहानको सत्रमा विपश्यनाचार्य दिंवगत सत्यनारायण गोयन्काज्यूद्वारा वाचित महासतिपट्ठान सूत्र रेकर्ड सुनाइन्छ। ध्यानका अन्य समय तालिकामा कुनै रेकर्ड बजाइदैन, केही सुरुआति श्लोक र अन्त्यमा समापन श्लोक मात्र बजाइन्छ । यस अर्थमा यो शिविर अझ गहन नै भएको अनुभूति हुन्छ। अझ लामो शिविरहरुमा के कस्तो होला, अनुमान गर्न पनि कठिन नै लाग्छ। यो शिविरको अर्को विशेषताको रुपमा साँझको प्रवचन महासतिपट्ठान सूत्रको व्याख्यात्मक रेकर्ड देखाउनु हो । यसमा सबै सहभागी साधक साधिकाहरुले पनि पुस्तक पाएको हुन्छ । साथै हलमा ध्यान गर्ने समय बाहेक अन्य फुसर्त समयमा यो पुस्तक अध्ययन गर्न पनि पाउने भएबाट परियत्ति, प्रतिपत्ति, प्रतिवेघ तीनै अङ्गको कयौं गुणात्मक रुपमा अभिबृद्धि गर्ने मौका पनि पाउन सकिने अवसर देखिन्छ ।

आधुनिक कालमा कयौं व्यवस्थापनका सिद्धान्तहरु प्रतिपादन भए। कल कारखाना देखि विभिन्न संग संस्था चलाउन कच्चा पदार्थ, प्रक्रिया, उत्पादन आदि जे जस्तो कारखानाको वा संस्थाको सिद्धान्तहरु बने पनि शील समाधि प्रज्ञा समाहित यो सतिपट्ठान जस्तो उच्चस्तरीय सिद्धान्त अरु हुन सक्दैन। अझ जेजस्तो सिद्धान्त भए पनि त्यसको मूल आधार यो शील समाधि प्रज्ञारुपी व्यक्तिगत व्यवस्थापकिय सिद्धान्तको व्यावहारीक प्रयोग विना अन्य सिद्धान्तहरु अपुरो नै रहेन देखिन्छ। यसमा चार स्मृति प्रस्थान अन्तर्गत, काय, वेदना, चित्त र धर्मलाइ आधार मानी तथा त्यसका पनि

https://dhamma.digital

विभिन्न विभाजन, अङ्गहरुको पनि उदय-व्यय परिवर्तनशीत प्रति राग द्वेषजन्य नहुने अभ्यास गरिन्छ। जसरी अभ्यासको परीपक्वता बढदै जाने हो त्यसैअनुरुप प्रतिफल पनि पाउने हुन् ।

करीव १० वर्ष अघि धर्मश्रृङ्ग विपश्यना केन्द्रमा जाने क्रममा नगर कार्यालयमा रजिष्ट्रेशनको शिलशिलामा एक जना साधकले मेरो फाराम हेर्दै अब एकचोटी सतिपट्ठान बस्नुस भन्ने सुझाव दिनु भएको थियो। वहाँ साधकप्रति कृतज्ञता जाहेर गर्न चाहन्छु।

अन्त्यमा कोट डाँडा धम्मागार केन्द्र संचालक, व्यवस्थापक, सञ्चालक गुरुहरु, सहयोगी, स्वंयसेवकहरु, दाताहरु, सहभागी सबैमा कृतज्ञता समेत जाहेर गर्दछु ।

सबैको मंगल होस् ।

(धर्मकीर्ति, वर्ष ४१, अङ्क १२, बु.सं २५६७ फाल्गुण पूर्णिमा)

Dhamma.Digital

https://dhamma.digital

सूचना नै जीवन

सूचना देश, समाज विकासको मूल आधार हुनेमा दुइमत छैन, तर आज देशको अवस्थालाई विवेचना गर्दा सूचना प्रणालीको कमजोरी, सूचनाको मूल आधार अभिलेख प्रणालीको कमजोर व्यवस्थापन र अझ सही र सक्षम कर्मचारीहरुको अभाव भएको कटुसत्यलाई पनि नकार्न सकिदैन। दैनिकी जीवनमा चाहिने सूचनाहरु, विभिन्न संघसस्थाहरुले दिने सेवाको सूचना, सडक यातायात लगायत कुनै पनि क्षेत्रमा चाहिने सूचना, लगायत कुनै पनि नयाँ परीवर्तनको बारेको अग्रिम जानकारी दिन पनि सूचनाको अपरिहार्यता आवश्यकता हुन्छ।

देशका संविधान, ऐन, नियमावली, राजपत्र आदि सूचनाको प्राथमिक आधार हुन भने यसैको आधारमा अन्य विनियम, कार्यविधि, निर्देशन, परीपत्रहरु, पत्रपत्रिका, टि.भि. र अन्य संचारको माध्यमहरुलले सूचनाको माध्यमको रुपमा कार्य गर्नु पर्ने हुन्छ। आजको अति व्यस्त जीवनमा सबै व्यक्तिहरु सबै नियम कानुनको पोख्त हुन सक्दैनन, तर सबै क्षेत्रले आ-आफ्नो क्षेत्रको सम्वन्धित ऐन कानुनको मातहत रही सूचनाहरु सम्प्रेशण गरी सही सूचनाको प्रवाहमा कर्तव्य निर्वाह गर्न आवश्यक भएकोमा सायद शंका नहोला।

सही र परिपक्व सूचना, कार्यप्रणालीमा अन्योयाश्रित, कार्यरत कर्मचारीहरुमा संगठनको काम कर्तव्य प्रति जागरुकताको लागि समेत सुचनाको अपरिहार्यता छ। यस परिवेशमा राज्यले सार्वजनिक निकायहरुको कर्तव्य र जिम्मेवार बनाउन सूचनाको हक सम्वन्धि ऐन २०६४ तथा नियमावली २०६५ ले व्यवस्था गरेको छ। यसको विभिन्न व्यवस्थाहरु मध्ये सूचना माग गर्नु पनि हो। आज यस्तो सूचना कति लिइरहेको छ वा उपलब्ध सूचनाहरु पनि कतिको सही वा पुर्ण छ भन्ने आम चासो हुन आवश्यक देखिन्छ।

https://dhamma.digital

औपचारीकताको लागि, देखावटीको लागि, आफ्नो स्वार्थ अनुरुप तोड मरोड गरीराखेको, गल्तिलाई धाकछोप गर्ने साधनको रुपमा समेत प्रयोग (दुरुपयोग) भइरहेको अवस्थालाइ पनि नकार्न नसकिने अवस्था मान्न सकिन्छ । बोल्नेको पिठो बिक्छ नबोल्नेका चामल पनि बिक्दैन भन्ने उखानलाई चरीतार्थ गर्ने उपमा सरह सूचनाहरुको प्रवाह भइरहेको वर्तमान अवस्था हो भने यस्तो प्रवृतिले समाजलाई झन् अधोगति तर्फ लानेमा शंका नहोला। यस तर्फ पनि सबै निकायहरुको चासो हुन अति आवश्यक छ।

यसको अर्थ सबै सूचनाहरु गलत भन्न खोजेका होइन, प्राथमिक सूचनाको महत्व सर्वोपरी स्वीकार्य गर्न सकिन्छ । तर वृस्तत र सही सूचनाको लागि सबै संघ संस्थाहरुको थप जिम्मेवारी, कार्यकुशलता र सक्षम जनशक्तिको उपलब्धि पनि संग संगै गासिएका अन्तरसम्वन्धित विषयहरुलाई नकार्न सकिदैन । एक निकायको सुचना कतै असम्वद्ध निकायबाट त प्रवाह भइरहेको छैन, सम्वद्ध निकाय मौन रहनु पर्ने, मौन रहनु बाध्य बनाइराखेको अवस्था त होइन ? यता तर्फ पनि समाजको विशेष निगरानी र चासो हुन आवश्यक देखिन्छ । यदि यसो भइरहेको अवस्था हो भने यस्तो सूचनाले समाजमा झन् समस्याहरु ल्याइरहेको मान्न सकिन्छ ।

संघ संस्थानको वडापत्र, कार्यविधि, एक अर्काको कार्यमा अन्योल र अज्ञानता अथवा कार्यक्षेत्रमा हस्तक्षेप गरी स्वार्थगत कार्य भइरहेको अवस्था हो भने यस्तोमा सही सूचना सम्प्रेषणको अपेक्षा गर्नु पनि मुर्ख्याई नै हुन्छ । अझ कतै सूचना प्रवाहको माध्यम नै कुनै समूह, सिण्डिकेट अनूरुप आफ्नो बचाउ र अरुको विरुद्ध प्रचार प्रसार गर्ने माध्यम पो भइरहेको छ कि ? सूचनाको नाममा झूटको खेति गर्ने बलियो साधन अथवा कसैलाई बलिको बोका बनाईराख्ने माध्यमको रुपमा मात्र त यसको प्रयोग भइरहेको छैन ? यसमा व्यक्तिगत भेद, व्याखात्मक भेद, चारित्रिक भेदले पनि ठूलो

https://dhamma.digital

भूमिका खेल्ने त निश्चित प्राय नै छ ।

वर्तमान समयमा समन्वयको अभावमा भइरहेको कार्यहरुको अवस्था, एक निकायको कार्य पनि अन्य निकायबाट सम्मादन भइरहेको अवस्था, समस्याहरु एक निकायबाट अर्को निकायमा पन्छाउने प्रवृति र अझ आधिकारीक निकाय, पदाधिकारीलाइ कुनै जानकारी विना पनि सूचनाको प्रवाह भइरहेको अवस्था समेतको आँकलन गर्न सकिन्छ । विभिन्न निकायहरुको अन्तरसम्वन्धको अभावलाई एकातिर राखेर एउटै संगठन भित्रको विभिन्न ईकाइहरुमा समेत यस्तो अवस्थाबाट विमुख नभइरहेको भन्न कठिन नै होला । संगठनको क्षेत्र अनुरुप यसमा केही तल माथि होला वा कुनैमा समस्या नहोला पनि, यस्तो समस्या भए नभएको विषयमा गहन अध्ययन अनुसन्धानको जरुरी महसुस हुन्छ ।

अझ भन्ने हो भने सूचना अधिकारीले दिएको सूचनाको अभिलेखीकरण, आधिकारीताको समेतको व्यवस्था रहे नरहेको, कुनै माध्यममा मौखिक रुपमा व्यक्त गरेको, व्यक्तिगत रायलाई पनि संगठनको आधिकारीक भनाई मान्ने नमान्ने, सूचनाहरुको सत्य, तथ्य तथा निरँन्तरता कार्य पद्धतिसंग तालमेल सहितको स्थायित्व (अस्थिर सूचना, भ्रमपुर्ण सूचनाहरु त प्रवाह भइरहेको छैन?) सूचना प्रवाह समेत आजको अपरीहार्य आवश्यकता हो ।

कतै सूचना प्रवाहको भन्दा विपरित कार्य भइरहेको अवस्थाको अवस्था समेत हो वा होइन त्यसमा समेत गहन विश्लेषणको आवश्यकता देखिन्छ । विषय विज्ञताको अभाव भइकन पनि हरेक क्षेत्रमा मानिसहरु सर्वसम्पन्न ठान्ने परिपाटी, विषयवस्तुको अध्ययन-अनुसन्धानविना नै आफै पोख्त हुने परिपाटीलाई सामाजिक मनोरोगको साथै राष्ट्रको क्षयको मूलकारक तत्व मान्न सकिन्छ ।

देशमा बनेका कयौ नीति कार्यक्रम योजना देश समाज संगठनको

https://dhamma.digital

हकहितभन्दा कुनै व्यक्ती वर्ग वा सो कार्यमा संलग्न हुने समुहहरुको स्वार्थसिद्ध हुनेखालको गलत र अपुरो सूचना तथ्याङ्कको आधारमा निमार्ण भएकोले नै आज देशमा भयावह अवस्था आएको हुन भन्न सकिन्छ ।

सूचनाको हक सम्वन्धि ऐन २०६४ तथा नियमावली २०६५ले सार्वजनिक निकायहरुले प्रकाशन गर्नु पर्ने व्यवस्थाहरु गरेकोमा अझ थप समसामयिक परीमार्जन गरी व्यक्तिको हरेक दिनको क्रियाकलापमा समेटिन सरकारी, गैर सरकारी र निजी क्षेत्रका समाचार सूचनाहरुको सही र यथार्थ र सेवाग्राहीहरुको सेवाभाव, जन जीवनको प्रत्यक्ष सरोकारका विविध विषयहरुको समावेश गर्न पनि अन्यथा नहोला ।

आज साँघुरीएको विश्वमा सञ्चारका विभिन्न माध्यमबाट संसारको कुनै पनि कुनाको समाचार छिटो र छरीतो ढंगले आम जनमानसमा पुगेको निर्विवाद तथ्य हुन् । यसरी संसारको सूचना आदानप्रदानबाट आम जनमानसमा चनाखो सर्तकता, जागरुकता, अधिकार प्रति सचेतता बढेको अवस्थालाई पनि अस्विकार गर्न सकिँदैन । तर यति भइकन पनि सञ्चार, समाचार सूचनाको यथार्थता, सत्यता, भरपर्दो आधारमा भने बहसको पाटो हुन सक्छ । कतै सञ्चारका विभिन्न माध्यमहरुको दुरुपयोगबाट मानवजीवनमा थप चूनौती त बढेको छैन ? गलत समाचार सम्प्रेषण, एकपक्षीय समाचार, समूहगत, द्वन्द्वगत र स्वार्थजन्य सूचनाको त बाहुल्य छैन । अर्को शब्दमा भन्नुपर्दा आणविक हतियारसम्मको चरम अवस्थाकै विकसित रुपनै आजको सञ्चार साधन पनि युद्धकै हतियार वा भनौ आइटी बम मान्न सकिन्छ ।

शिक्षाको सञ्चारको आधार सूचना प्रविधि, सूचनाको यथार्थपरक र गाम्भीर्यता, जिम्मेवारीविनाको सूचनाले समाजमा नकारात्मक भावको बृद्धि, एक-आपसमामा वैमनस्यता, द्वन्द्व बढाउने कारक तत्व भइरहेको छ भने त्यस्तो सूचना वा समाचारको पनि के औचित्य मान्न सकिन्छ ।

https://dhamma.digital

चित-शुद्धि मनुष्य जीवनको सार

आधुनिक प्रविधिले जीवनमा कैयौं सुविधा ल्याएको, सकरात्मक पक्ष कैयौं भएको अवस्था भएको नकार्न नसकिने यथार्थ भइकन पनि यसको गलत प्रयोग, दुरुपयोगमा व्यक्तिहरुको अज्ञानता, मानसिक समस्या आदिको कारक तत्वको पहिचान पनि आजको आवश्यकता भएको छ। व्यक्तिहरुको कुण्ठा, विकृत मनोभावना, निराशा व्यक्त गर्ने स्थानमा सञ्चारमाध्यमको प्रयोग निश्चितरुपमा पनि समाजको हकहितमा हुन सक्दैनन्। आधिकारीक निकायबाट छानबिन पश्चात आउनु पर्ने समाचार पनि विभिन्न निकायबाट फैसालकै रुपमा सूचना दिने प्रवृति व्यक्ति, समाज र राष्ट्रको हितमा हुन सक्दैनन्। यसमा सबै पक्षको चनाखोपन तथा अझ आधिकारीक निकायहरुको थप पुष्ट्याई अपेक्षा आम जनमानसमा रहनु सायद अन्यथा नहोला।

जनता जागरुक नभएको हाम्रो देश समाजमा गलत सूचनाको प्रवाहबाट हुने असर भयावह हुने स्वतः सिद्ध छ। यसै अनुरुप आजको देश समाजको यावत क्षेत्रमा देखा परेका समस्याको जड भनेको जनताहरु जागरुक नभइकन पनि आधुनिक सञ्चारको प्रभाव वा दुष्प्रभावले व्यक्तिहरुमा पलाएका गलत महोत्वाकांक्षा मेहनत नगरी धनी हुने, मोजमस्ती र सुविधा सम्पन्न हुने चाहना पनि सही सूचना र सही शिक्षाका अभावले भएको मान्न सकिन्छ।

हरेक व्यक्तिको दैनिक जीवनमा सूचनाको अपरिहार्यता, उठे देखि नसुतेसम्म सूचनाको सर्वोपरी भूमिका, कुन कार्य गर्ने नगर्ने, के कस्तो सूचनाको के कस्तो रुपमा प्रयोग गर्ने ? सूचना पाउने वा नपाउने पनि व्यक्तिको र अवसर तथा चूनौति नै हुन्। व्यक्तिको चरित्र अनुरुप कस्तो खालको सूचनामा रमाउने, सूचनालाई विश्लेषण गर्ने आदि इत्यादी देखि आवश्यक खानपान, स्वास्थ्य, लगायत दैनिकी जीवनको सहज व्यवस्थापनको लागि समेत विविध सूचनाहरुको आवश्यक हुन्छ नै। यस अर्थमा पनि हामी भन्न सक्छौं, सूचना नै जीवन हो। सूचनाको आधिकारीकता, प्रभावकारीता नै

Dhamma.Digital
https://dhamma.digital

जीवनको पाटो हो ।

अहिलेको समाज र राष्ट्रले सही सूचनाको आवश्यकता लागि हृदयगम गर्न अत्यावश्यक भएको छ । अझ सूचनाको मूल मर्म शिक्षालाई (घर पहिलो शिक्षा, त्यसपछि स्कूल आदिको शिक्षा) नै सूचनाको प्राथमिक आधारभूत तत्वको रुपमा ग्रहणगरी, सही, सक्षम, कुशल र जनता रुपी मानव संशाधनको विकासको लक्ष्य लिन आवश्यक देखिन्छ। यसको लागि राष्ट्रको शिक्षा नीतिमा पनि व्यापक परिवर्तनको आवश्यकता हुन्छ ।

शिक्षा नीति, सक्षम मानव संशाधन तयार गर्न लक्ष्य सहित, देशको प्रशासनिक व्यवस्थामा छिटा छरीतो, गुणस्तरीय सेवा तथा उतरदायित्व र जवाफदेहीमुलक बनाउने सोच सहितको अग्रगामीयुक्त बनाउन आवश्यक देखिन्छ । यसैबाट भविष्यमा सही सूचना प्रणालीको विकासको लागि मुलभूत आधार तयार हुनजाने हुन्छ ।

सूचना नै शक्ति, सूचना नै ज्ञानको मार्ग, सूचना नै जीवन, सूचना र शिक्षा एक आपसमा पर्यावाचीको रुपमा लिइ, (Knowledgw is power) भन्ने मर्मलाई समेत समेटिन गरी तथा एकिकृत सूचनाको आधारमा देशका विविध आयोजना, कार्यक्रमहरुको सञ्चालन गरी देश तथा समाजको विकासको लागि सही सूचना प्रवाह अपरिहार्य आवश्यकता भएको छ ।
सबैको मङ्गल होस !
(सूचनाको अधिकार, राष्ट्रिय सूचना आयोगबाट प्रकाशित पुस्तक,
वि.सं २०८१ वैशाख)

https://dhamma.digital

चित्त-शुद्धि मनुष्य जीवनको सार

१) पृष्ठभूमिः तथागत भगवान् बुद्धकाशिक्षा वचनहरु सबै चित्त शुद्धिको लागि रहेको निर्विवाद छ। आज संसारमा जे जति चित्त, मनको कुरा प्रसङ्गहरु चर्चामा आइरहको सुन्न, पढन पाइरहेता पनि बुद्धशिक्षामा चित्त, मनको जुन विवेचना छ त्यो सायदै अरुमा छ।

भगवान् बुद्धले बुद्धत्व प्राप्तिपश्चात ४५ वर्ष गाउँ नगर, जनपदहरुमा राजा महाराज, गृहष्थी, कृषक, ब्राह्मण आदिलाई जे जति उपदेश व्याख्याहरु गर्नुभयो, ती सबै नै व्यक्तिको चित्तशुद्धि गर्ने उपायको रुपमा, चित्तशुद्धि गर्ने विभिन्न प्रक्रिया र चरणहरु, चित्तमा भएका विभिन्न क्लेशहरु हटाउने प्रक्रियाको समग्रता भएको पाउँन सक्छौं। यस अर्थमा पनि भन्न सकिन्छ सम्पूर्ण त्रिपिटक नै चित्तशुद्धिका उपाय वा सार हो । मनुष्य जीवनको सार्थकता चित्तसुद्धिको निरन्तरतामा लाग्नुमै छ।

२) चित्त सम्वन्धि आधुनिक मान्यता वा विचारहरु : चित्त सम्वन्धि आधुनिक मान्यताहरुको चर्चा गर्नु अघि नेपाली शब्दकोष र अंग्रेजी शब्दकोषमा उल्लेख भएको बारे केही विवेचना गर्न उपयुक्त हुन्छ। नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान (हाल नेपाल प्रज्ञा प्रतिष्ठान)द्वारा प्रकाशित नेपाली संक्षिप्त शब्दकोष, वि.सं. २०४०मा, उल्लेखित केही परिभाषा उतार्न उचित हुनेछ।

हृदय (ना.) : छातीभित्र बायाँतिर हुने र शुद्ध रगतलाई सम्पूर्ण शरीरमा फिँजाउने एक अवयव। छाती, वक्षस्थल। अन्तकरण, मन, चित्त। अन्तरात्मा।

मन (ना.) : सङ्कल्प, इच्छा, बोध, विचार, अनुभव आदि गर्ने प्राणीको भित्री इन्द्रिय अन्तःकरण। चित्त। संकल्प विकल्प गर्ने अन्तकःरणको वृत्ति। इच्छा अभिलाषा, इरादा, विचार।

चित्त (ना.) : कुरा ठम्याउने वृत्ति लिने मन, अन्तस्करण, हृदय।

https://dhamma.digital

मुटु (ना.) : शरीरमा छातीभित्र देब्रेपट्टी हुने, शरीरभरि रक्तसञ्चार गराउने मांसपिण्ड, हृदय ।

विचार (ना.) : कुनै विषयमा गरिने गहिरो सोचाइ, कुनै विषयमा गम्भीर तापूर्वक गरिने गहिरो सोचाइ । कुनै विषयमा गम्भिरतापूर्वक सोच्ने काम, मनन । मनमा सोचिएको वा सोच निश्चित गरिएको वा सोचेर निश्चित गरिएको कुरो, ठहर । मनमा उत्पन्न हुने नयाँ कुरो, भावना ।

गिदी (ना.) : टाउकोको खप्परभित्र रहने मासीजस्तो पदार्थ, मथिङ्गल । मस्तिक, दिमाग । सोचविचार गर्ने शक्ति, बुद्धि ।

यी परिभाषाहरु अध्ययन मनन गर्दा चित्त, मन, हृदय, मुटु, विचार, गिदीलाई कतै एक आपसी अन्तरसम्वन्धी त कतै फरक फरक रुपमा प्रस्तुत गरेका पढन सकिन्छ । अझ भन्नुपर्दा चित्त, विचार, गिदी, मुटु र मनमा प्रष्ट भेद गर्न नसकेको नै भान हुन्छ ।

यसै गरी अग्रेजी शब्दकोषमा पनि Brain / Mind लाई स्पष्ट भेद नभएको आभाष देखिन्छ । ब्रेनलाई नर्भ प्रणालीको केन्द्र मानेको छ । अर्कोतिर माइण्ड भनेको भावना सोच्ने विचार गर्ने, स्मरण गर्ने, इच्छा भनी यसको उद्‌गम पनि ब्रेनलाई नै दिएको पाउँन सकिन्छ । यस अर्थमा अग्रेज शब्दकोषमा पनि ब्रेन र माइण्डलाई एउटै वा पर्यायवाचीको रुपमा मानेको देखिन्छ ।

३) चित्त सम्वन्धि बौद्ध मान्यता वा धारणाहरुः सम्पूर्ण त्रिपिटक नै चित्त शुद्धिको लागि दिनु भएको शिक्षा हुन भने अब यहाँनिर बुद्धशिक्षामा चित्त के लाई भनेको हुन त ?

दीधनिकायको महासतिपट्ठान सूत्रमा चित्तानुपश्यनामा राग, द्वेष, मोह, संक्षिप्त, मर्हगत, सउत्तर, समाहित, विमुक्त आदि गरी १६ प्रकारको चित्तहरुको वर्णन पाउन सकिन्छ । यही चित्तलाई अभिधर्ममा ८९ प्रकारको वा विस्तृत रुपमा १२१ प्रकारले वर्णन गरेको हो ।

https://dhamma.digital

बुद्धशिक्षामा मन भनेको विज्ञान वेदना संज्ञा र संस्कार अथवा चित्त र चैतसिकमा विभाजन गरेको छ। अझ चित्त र चैतसिक अलग्ग अलग्ग नहुने चित्त संगसंगै चैतसिक पनि उत्पन्न हुनु पर्ने आदिको व्याख्याबाट मनको महता देखाएको छ जुन आधुनिक विज्ञान वा समाजको अन्य शिक्षामा बताएको पाँउदैनौं । यो मन भौतिक पदार्थ होइन । आरम्मण, संज्ञा, वेदना र संस्कार (राग द्वेष)को समग्रता नै मन हो । बुद्ध शिक्षामा जहाँ विज्ञान हुन्छ त्यही वेदना संस्कार, संज्ञा सहित ५२ प्रकारको कुशल अकुशल चैतसिक संगै उत्पती भइ चित्तको भिन्नता हुने हो। सोही भिन्न चित्तको कारणले नै भिन्नाभिन्नै चरित्रका व्यक्तिहरु हुने हो ।

नाम र रुपको संयोग नै जीवन हो। पञ्च उपादान स्कन्ध नै दुःखको कारण हो भने जन्म हुनको कारणबाटै बुढा बुढी हुने, रोग व्याधि र मृत्यु हुने देखि सो अवधिमा हुने अन्य शोक परिदेव, दौर्मनस्य, प्रिय वियोग तथा अप्रिय संयोग आदि सबै त चित्तका लहरहरु नै हुन ।

मानिसहरुलाई अन्धभाव मुक्त पार्नको लागि विभिन्न द्वारहरु मार्फत चित्तद्वार अनुभव गरिने आलम्वनहरुको बारेमा भगवान् बुद्धले धेरै पटक उपदेश दिनु भयो। चित्तद्वारा थाहा पाउन सकिने आलम्वनहरु निम्नानुसार रहेको छ।

पहिलो हो रंग वा रुपारम्मण, चक्षुद्वार मार्फत जान्न सकिने आलम्वन त रंग नै मात्र हुन सक्छ। दोस्रो किसिमको आलम्वन हो शब्दारमण, तेस्रो किसिम हो गन्ध वा गन्धारम्मण, चौठों किसिम हो रग वा रसारम्मण, पाँचौ किसिम हो काय-इन्द्रीयद्वार अनुभव गरिने स्पर्श वा फोट्टब्वनरम्मण तथा छैठौं हो धम्मारम्मण ।[x] यसैबाट विभिन्न किसिकमो चित्त-लोभ, द्वेष, मोह वा अन्य प्रकारका चित्त र यसैको स्वरुप व्यक्तिहरु लोभ, द्वेष, मोह, श्रद्धा, बुद्धि र वितर्क चरित्रका हुने हो ।

https://dhamma.digital

३ (क) चित्तका स्वभाव र प्रकारहरु :

चित्त धेरै प्रकारका छन् र यसलाई विभिन्न प्रकारबाट विभाजन गर्न सकिन्छ। चित्तहरू अकुशल वा कुशल हुन्छन्। चित्तलाई अर्को तरीकाबाट पनि वर्गीकरण गर्न सकिन्छ, त्यो हो चित्तको भूमिद्वारा। चित्तलाई भूमिको हिसाबले चार किसिमले विभाजन गरेको पाउँन सकिन्छ।

(क) कामावचर (ख) रूपावचर (ग) अरूपावचर (घ) लोकोत्तर ।

यसरी वर्गीकरण गर्दा चित्तहरू ८९ वा १२१ प्रकारका हुन्छन्। यी चित्तहरूको वर्गीकरण गरिंदा यसमा ५४ प्रकारका कामावचर चित्तहरू - १२ अकुशल चित्तहरू, १८ अहेतुक चित्तहरू, ८ महा-कुशल चित्तहरू, ८ महा-विपाक चित्तहरू, ८ महा-क्रिया चित्तहरू छन् भने १५ रूपावचर, १२ अरूपावचर र ८ (वा विस्तृतमा ४०) लोकोत्तर चित्तहरू छन्।

भूमिको भेदमा चित्तका विभिन प्रकारले विभाजन गरेझैं जन्म देखि मृत्युसम्म निरन्तर चलिरहने प्रक्रिया वा भनौं चित्तको प्रवाह नै जीवन हो, जहाँ चित्त प्रवाह रोकिन्छ, वर्तमान जीवन समाप्त (मृत्यु) हुन्छ। तर चित्त निरुद्ध नभएसम्म त जन्म र मरणको चक्र चलिरहनेबाट तुरुन्तै अर्को जन्म लिन जान्छ। यसरी जीवनको अन्तिम चित्त (च्युति) देखि जन्मको प्रथम चित्त (प्रतिसन्धि)को वीचमा चित्तको निरन्तर प्रवाहमै विभिन्न प्रकारका चित्तहरुको लहर चलिरहेको हुन्छ।

यी चित्तहरुसंग मिल्ने ५२ प्रकारको चित्तहरु र २८ प्रकारको रुपहरु मिलि (नाम रुप) चलेको प्रवाह नै जीवनधारा हो। यसमा ५२ प्रकारका चित्तहरुलाई १३ वटा अन्य समान चैतसिक, १४ वटा अकुशल चैतसिक तथा २५ वटा शोभन चैतसिकमा विभाजन गरेको पाउँन सकिन्छ। यही चैतसिकहरु र चित्तमा मिले पश्चात व्यक्तिको कुशल वा अकुशल कार्य हुने हुन्।

https://dhamma.digital

३ (ख) चित्तकार्य र त्यसको प्रभाव : पञ्च ईन्द्रिय तथा मन समेत ६ अंग र तत् तत् विषयहरु रुप शब्द, गन्ध, रस स्पर्श र धर्ममा भुल्नु, आसक्ति हुन, तृष्णा भई उपादानको कारणले जीवनको चक्र चलिरहनु सबै दुःख नै हो ।

चित्त र चित्तका कार्य बुझ्न बुद्धशिक्षा अनुरुप चार परमार्थ-चित्त, चैतसिक रुप र निर्वाणको चर्चा प्राशांगिक हुनेछ । यी चार परमार्थ धर्ममा चित्तलाई विज्ञान अनि चैतसिकलाई वेदना, संज्ञा, संस्कार गरी तीनवटा विभाजन गरेका छन । यो चित्त, चैतसिक र रुपचाँही अनित्य स्वभावको तथा बारम्बार जन्म र मृत्युको संकारमा भुलिरहने नै हुन्छ भने निर्वाणमात्र नित्य हुन् । 'निर्वाण सुख नै परम सुख हुन्' भनी चित्त शुद्धिलाई लक्ष्य बनाई निर्वाणको सुख प्राप्ती नै बुद्धशिक्षाको मूल मर्म हो ।

भगवान् बुद्धले बुद्धत्व लाभपश्चात ४५ वर्षसम्म गाउँ-नगरहरुमा विभिन्न अवसरमा शील समाधि र प्रज्ञाको लागि तत्पर हुनको लागि धर्मका उपदेश बताउनु भएको हो । उहाँले बताउनुभएको पञ्चशील-हत्या नगर्नु, चोरी नगर्नु, व्यभिचार नगर्नु, झूट नबोल्नु, मद्यपान नगुर्नलाई मात्र परिपालन गर्न जमर्को व्यक्तिहरुबाट भएमा क्रमशः दुःख हटने मार्गमा जान सकिन्छ ।

यो शीललाई पनि अझ तीन आयामले बुझ्दा झूटकै पनि १) आफूले झुट नबोल्ने, २)अरुलाई पनि झूट बोल्न नलगाउने तथा ३)अरुले झूट बोलेर खुसी भएको भए त्यसमा आफू सहभागी नहुने हो । यसैगरी अन्य शीलहरुमा समेत यस्तै प्रकारले लागु गरी आ-आफ्नो चित्तसुद्धिका कार्यको आरम्भ गर्न सकिन्छ । चित्त सम्वन्धि राजा प्रसेनजितको प्रश्न "भन्ते पुरुषको चित्तमा कति प्रकारका विषयहरु उत्पन्न हुन्छन, जुन उसको निम्ति अहित, दुःख अनि कष्टमय हुन्छ ? भनी सोधेकोमा भगवान् बुद्धले "मानिसको मनमा लोभ द्वेष र मोह पाप चित्त उत्पन्न हुँदा आफ्नै

https://dhamma.digital

भित्र उत्पन्न भइ नष्ट गरिदिन्छ जसरी केराको फलले केराको बोटलाई झैं"[xi] लाई मात्र मनन गर्दा पनि चित्तको कार्य र प्रभावबारे छर्लङ्ग हुन्छ।

'अट्ठसालिनीमा व्याख्या गरिएको छ कि विभिन्न व्यक्तिहरूको कर्मले जन्मको अवस्थामा र जीवनपर्यन्त नै विभिन्न फलहरूलाई जन्माउँछ। त्यति मात्र होईन, व्यक्तिका शारीरिक बनौट पनि कर्मकै फल हुन्। त्यसमा भनिएको छ। "कर्मकै भेदको कारणले गर्दा सबै प्रकारका जीवहरूका भाग्यमा भेद रहन्छन्। कर्मकै भिन्नताको कारणले गर्दा उंच र नीच, निन्दित र प्रंशसित सुखी र दुःखी प्राणीहरूको जन्मको भेद हुन्छन्। कर्मकै विभेदले गर्दा राम्रा र नराम्रा, कुलीन वा चाण्डाल, रूपवान् वा कुरूप जस्ता प्राणीहरूको व्यक्तिगत रूपहरूमा भिन्नता देखा पर्छन्। अझ अगाडि यसरी पनि भनिएको छ। कर्मद्वारा नै संसार चल्छ, कर्मद्वारा मानिसहरू बाँच्छन् र कर्मद्वारा सारा सत्वहरू बाँधिएको छन्, जस्तो गुडिरहेको रथको चक्का यसको किलाद्वारा बाँधिएको हुन्छ।'[xii] यो कर्म भन्नु आखिरमा चित्त नै हो।

वर्तमान विश्वमा केही वर्ष देखिको युक्रेन रुस वा हालैको इरान इजरायलबीचको परमाणुयुद्ध होस, त्यो पनि त आखिरमा चित्तको कारण नै भएका हुन्। यसैगरी हाम्रो देशमा विगत केही महिना देखि सुन्न आइरेको भिजिट भिषा प्रकरण होउन् वा यसै हप्ता (लेख्दा लेख्दैको अवस्था) राज्य सुशासन व्यवस्थाले पारित गरेको संघीय निजामती विधेयकमा छलकपट जालझेलको जुन प्रसङ्गहरु सुन्न, देख्न परिरहेको अवस्था पनि मनुष्यको चित्त र चित्तको कारणले भएको ज्वलन्त उदाहरण हो।

राग, द्वेष र मोहजन्य चित्तको विशेषता, फरक विपाक अथवा प्रभाव बारे अंगुतर निकायका महावर्गका अन्यतैथिर्क सूत्रमा उल्लेख भएका वाक्य उल्लेख गर्न पनि अझ सान्दर्भिक हुन्छ। रागमा कम दोष छ तर यसमा मुक्ति सजिलो छैन। द्वेषमा महान दोष छ तर यसमा मुक्ति सहज छ।

https://dhamma.digital

मोहमा महान दोष छ, त्यसबाट मुक्ति सहज छैन ।[xiii]

३ (ग) नियन्त्रण गर्न गाह्रो चित्त[xiv] **:** धम्मपद चित्तवर्गमा चित्तसम्वन्धि भएका केही वर्णनहरुले मात्रै पनि चित्तको कार्य बुझ्न मद्दत मिल्छ, जस्तै- कुनै माछालाई पानी नभएको भाडामा राख्दा जसरी छटपटाउँछ, त्यसरी नै मृत्यको अन्तिम समयमा चित्त छुटन गाह्रो हुन्छ । छिन छिनमा उत्पन्न हुने नियन्त्रण गर्न गाह्रो, आफू मनलागेको ठाउँमा जाने चित्तलाई कजाउन गाह्रो छ, चित्त नियन्त्रणमा लिनेलाइ सुख हुन्छ ।

यसै गरी चित्तको सुद्धिको लागि मनुष्यको कर्तव्य बुझाउन धम्मपदका केही श्लोकहरुको अर्थ यहाँ राख्नु सान्दर्भिक हुन्छ ।

यहाँ आउ ! यो राजाको रथजस्तो भडकिलो संसारलाई हेर । यसमा मूर्खजनहरू मात्र फस्दछन् । ज्ञानीहरू आशक्त हुँदैनन् । सबै पृथ्वीको राज्यभोग गर्नुभन्दा, स्वर्गमा जानुभन्दा, सबै लोकको अधिपति हुनुभन्दा स्रोतापत्ति फल प्राप्त गर्नु नै उत्तम छ । योग अभ्यासले प्रज्ञा बृद्धि हुन्छ, योग अभ्यास विना प्रज्ञा बृद्धि हुँदैन । 'राग' समान आगो छैन, 'द्वेष' समान अर्को 'अपराध' छैन, 'पञ्चस्कन्ध' समान अर्को 'दुःख' छैन, शान्ति समान 'सुख' छैन । मूर्खहरू प्रमादी भएर बस्छन्, तर पण्डितहरूले श्रेष्ठधन रक्षा गरेझैं अप्रमादलाई रक्षा गर्दछन् ।

४. चित्त सम्वन्धि बौद्ध र वैज्ञानिक मान्यता वीच सामीप्यता र भिन्नता : आजको विज्ञानले चित्तको बारेमा बुद्धशिक्षाले जस्तो गहन विश्लेषण गरेको देखिदैन् । जबकी बुद्धशिक्षामा चित्तको विविध प्रकार, विभिन्न लोक, वेदनाको आधारमा वृस्तृत वर्गीकरण पाउन सकिन्छ तर आधुनिक विज्ञानमा, चित्त Mind, Brain दिमागमा सिमित भएको देखिन्छ ।

हाम्रो समाजमा प्रचनमा आउने भनाई एउटा हो, 'दिमागले सोच तर मनले भनेको गर' । त्यसै गरी दिमाग वा ब्रेन भनी गिदीको तस्वीर देखाउने प्रचलन, वा मन भनी मुटुको फोटो देखाउने प्रचलन पनि बेमेल

https://dhamma.digital

नै मान्न सकिन्छ। बुद्धशिक्षामा ६ आलम्वन, ६ द्वार, १८ धातुलाई संम्भिदा चित्त भनेको मुटुमात्र कदापि होइन ।

विचारको वेगबारे आधुनिक विज्ञानले प्रकाशको वेगभन्दा बढी हुने भनेको छ । एक अमेरीकी विद्वान्ले लेखे बमोजिम प्रकाशको गति एक सेकेण्डमा १८६००० माइल भएझैं विचारको गतिको प्रवाह ४०००० नील देखि सत्तरी हजार नील माइलसम्म हुन्छ ।[xv] तर यो पनि बुद्धशिक्षाको गहिराइमा निकै कम भएको नै मान्न सकिन्छ । यो कुनै यन्त्र संयन्त्रको आधारमा पत्ता लगाउने कोशिष गरेका तर भगवान् बुद्धले यो त चित्तको आधारमै पत्तालगाउनु भयो ।

यस्तो परिवेशमा हामी केही शताव्दी अघिको पश्चिमी वैज्ञानिकहरुको धारणाहरु, 'बुद्धधर्म अरुभन्दा बैज्ञानिक, 'धर्म बिनाको विज्ञान लङ्गडो हो, विज्ञान विना धर्म अन्धो हो' आदि प्रसङ्गमै रमाइरही, वास्तव बुद्धशिक्षाको गहिराइ चित्त सम्वन्धि भगवान् बुद्धका वचनहरुको मर्म घटाइरहेको नै मान्न सकिन्छ । चित्तको विभिन्नता पहिचान गरी चित्त शुद्धिका उपायनै सम्पूर्ण बुद्धशिक्षा हुन जुन आधुनिक विज्ञान वा अन्य सामाजिक प्रथा शिक्षाहरुमा नपाउने मात्र होइन यसको तुलना पनि गर्न सकिँदैन । आधुनिक विज्ञानले विभिन्न नामाकरण जस्तै कर्टेक्स, दोपामाइन आदि रसायनको चर्चा बुद्धशिक्षाको विज्ञान सम्वन्धि व्याख्याको दाँजोमा निकै अपुरो नै लाग्छ । ६ भित्री र ६ वाहिरी आयतनबाट उत्पन्न हुने ६ विज्ञान, त्यो विज्ञानहरुबाट उत्पन्न हुने ६ स्पर्श, ६ स्पर्शको कारणले हुने ६ वेदना अनि ६ प्रकारको तृष्णा बारे मज्भिमनिकायको षलायतन वर्गको ६ छक्क सूत्रमा[xvi] जसरी चित्तको वर्णन वर्गिकरण भएको त्यसको तुलना आजको विज्ञानसंग गर्न सकिदैन ।

४ (क) लक्ष्य र विपरित लक्ष्य :

बुद्धशिक्षाको लक्ष्य निवार्ण सुख हो जुन आधुनिक विज्ञान र अन्य कुनै

https://dhamma.digital

शिक्षा पद्धतिमा पाउँन सकिँदैन । यो खोजलाई आजकलको आधुनिक विज्ञानको कुनै यन्त्र, संयन्त्रबाट खोज्न सकिदैन । अझ कुनै संयन्त्र उपकरण, साधनमा भर पर्नु भन्नु त रागमा भुल्नु नै हुन्छ अथवा भगवान बुद्धको शिक्षा 'आफ्नो मालिक आफैं हो, आफै बन' भन्ने तात्पर्यको विपरित नै हुन्छ । आजको आधुनिक समाजमा विभिन्न शारीरिक मानसिक रोगहरुको वर्गिकरण, नामावली तथा भिन्न भिन्न प्रकारको चिकित्सा पद्धति, औषधिमुलक विज्ञानको होस् वा अन्य भौतिक विज्ञानतर्फ जेजस्तो विकास भएपनि व्यक्तिहरुको दुःख घट्नुको साटो उल्टो बढिरकोको नै मान्न सकिन्छ । आखिर किन त ? किन भने यसमा रोगको कारक तत्वको खोजी निति भन्दा बाह्यकारणको खोजी तथा उपायको नाममा राग र द्वेष जन्य कृयाकलापहरुमै भुलेको देखिन्छ। जबकी बुद्धशिक्षामा मनुष्य शोक र परिदेवलाई अतिक्रमण गर्न, शारीरिक दुःख र मानसिक पीडालाई शान्त गर्न चित्तको सुद्धिको उपाय बताइको छ ।

अझ आधुनिक चिकित्सा विज्ञानले ब्रेन डेठलाई पनि मुत्यु नमानी, भेन्टिलेटरमा राखीराख्नु, मुटु र फोक्सोको धडकन भएसम्म जीवित ठान्नुलाई ब्रेन (गिदी) भन्दा मुटुलाई मुख्य मानेको मान्न सक्छ ? कुनै दुर्घटनामा अंङ्ग भएका प्राणीहरुको शरीर टुक्रा टुक्रा भइसके पनि कुनै अंङ्गअरु फडफडाइ रहनुबाट त्यो अंङ्गमा जीवन बाँकी भएको रुपमा बुझ्न सकिन्छ कि सकिदैन ?

बुद्धशिक्षामा सम्पूण क्लेशहरु हटाउने प्रयास, राग द्वेष मोहजन्य त्यागको शिक्षालाइ कहाँ, भौतिक सुख सुविधाको विकासलाई सुखको माणक मान्ने आधुनिक विज्ञानसंग तुलना गर्नु ? कहाँ सम्यक दृष्टि देखि सम्यक व्यायामसम्मको यात्रा, कहाँ, जालझेल, भौतिक लालसा, आणविक बम, रसायनिक बमसम्मको विकास र प्रयोगको अवस्थाको आधुनिक विज्ञानलाई बुद्धशिक्षासंग दाज्नु ? यो भन्नु नै व्यक्ति स्वंय बुद्ध धर्म

https://dhamma.digital

संघप्रति श्रद्धावान नभएको रुपमा लिन सकिन्छ कि सकिदैन ? अथवा आधुनिक विज्ञानको रागमा भुलेको मान्न सकिन्छ कि सकिदैन ?

यी र यस्तै प्रश्न तथा आजको विश्वको विषम युद्धमय, द्वेष, क्रोध, ईर्ष्याजन्य परिवेशको हिसावले आधुनिक विज्ञानको लक्ष्य बुद्धशिक्षाको लक्ष्यसंग विलकुलै विपरित छ भन्ने कुरा निर्भिकसाथ भन्न सकिन्छ ।

५) चित्तसुद्धि नै मनुष्य जीवन सार : क्लेशहरुको निर्मुल, तृष्णाबाट मुक्त भई जन्म मरण जन्मको चक्रबाट पार जानको लागि चित्तशुद्धिको जरुरी हुन्छ । चित्तका विभिन्न प्रकार - कामावचर, रुपावचर, अरुपावचर तथा लोकोत्तर चित्तको भेद भनेकै चित्तसुद्धिको फरक उदाहरण हुन् ।

वालपण्डित सूत्र (मज्झिमनिकाय, शून्यता वर्ग) मा भगवान् बुद्धले जेतवनमा अनाथपिण्डिकको आराममा रहनुहुँदा नरकका दुःखहरू र पशु योनीका दारुण वेदनाहरू बारेमा बताउनु भएका प्रसङ्ग चर्चा गर्न उपयुक्त हुन्छ ।

"भिक्षुहरू ! अनेक प्रकारले मैले तिर्यक योनीका कथा भनिरहे पनि तिर्यक् योनीको दुःखको पूर्ण वर्णन गर्नु सम्भव हुन्न ।............तब के मान्दछौ, भिक्षुहरू ! के त्यो कछुवाले त्यो एक प्वाल भएको कौडीमा आफ्नो घाँटी छिराउन सक्ला त ? "अहँ भन्ते ! सकी हाले पनि सायद कहिले दीर्घकाल पछि नै मात्र सक्ने छ ।"

भिक्षुहरू ! .... किन्तु भिक्षुहरू ! एकपटक पतन भइसकेको बालजनको लागि फेरि मनुष्यत्वको प्राप्तिलाई म त्योभन्दा दुर्लभतर भन्दछु । त्यसो कुन हेतुले ? -भिक्षुहरू ! तिर्यक् योनीमा धर्म चर्या (धर्माचरण) समचर्या कुशल क्रिया (पुण्य कर्म), पुण्य क्रिया सम्भव हुन्न ।

यो वचनले दुर्लभ मनुष्य जीवनको सार देखाउँछ । आखिरमा मनुष्य जीवन दुर्लभ हुनको कारण सद्धर्म श्रवण आदि सहित चित्तसुद्धिको उपायमा लाग्नु मै छ, अन्यथा मनुष्य जीवन, मनुष्य जीवन भनेर पनि केही लाभ हुँदैन ।

https://dhamma.digital

मनुष्य जीवनमा ध्यान भावना गर्न सकिन्छ। असंख्य कल्पमा पारमिताहरु पुरा गर्दै बोधिसत्व शिद्धार्थ गौतमले विपश्यनाद्वारा नै बुद्धत्वलाभ गर्नु भएको हो। तत्पश्चात आफ्ना पूर्ववत गुरुहरु आलारकलाम र उद्धकरामपुत्र प्रति कृतज्ञता स्वरुप विद्या सिकाउने मनसाय थियो । तर दुबैजना एक हप्ता र एक दिन अघि यो लोकबाट मृत्यवरण भइसकेकोले उक्त विद्याबाट वंचित हुनु परेका प्रसङ्ग सम्झनुपर्दा पनि मनुष्य जीवनको महत्व चित्तसुद्धिको हिसावले अमूल्य भएको शिद्ध हुन्छ ।

सम्पूर्ण चित्तको निरोध, अरहंत हुनु नै बुद्धशिक्षा हो भने व्यावहारिक जीवनमा यसको पालन गर्दै त्यस प्रति सजक भइ चित्त निरुद्ध गर्ने कार्यमा लाग्नु नै मनुष्य जीवनको सार हो ।

६) चित्त सुद्धिकरणका उपायहरु : भगवान् बुद्धले मनलाई वशमा राख्ने विद्यातर्फ लाने दुई धर्मको विषयमा बताउनुभयो, जुन समथ(चित्तलाइ शान्त गर्ने) र विपश्यना (राम्ररी हेर्ने प्रज्ञा उत्पन गराउने) नै हुन् । पञ्च नीवरणलाई निर्मुल पार्ने उद्देश्यले गर्ने ध्यान समथ भावना हो। यो पाँच नीवरण - (१) कामईच्छा (२) द्वेष (३) निरुत्साह तथा अकर्मन्यता (४) चंचल, अस्थिरता तथा पीर र चिन्ता (पश्चाताप) र (५) सन्देह, व्यक्तिको अध्यात्मिक विकासको लागि शत्रु वा बाधाको रूप हुन् ।

समथ भावनाको लागि ध्यान केन्द्रित गर्ने ४० कर्मस्थानहरू - १० कसिण, १० अशुभ, १० अनुस्मृति, ४ अप्रामण्य, १ आहार प्रतिकुल संज्ञा, १ धातु व्यवस्था, र ४ आरुप्य (अरुप) छन् ।

समथ अभ्यास गर्ने भनेको मनलाई प्रयोग गर्ने (समाधि) हो जसले रागमा भुल्ने (काम वासनामा भुल्ने) लाई त्याग गर्न सकिन्छ । विपश्यनाको अभ्यास गर्नाले प्रज्ञा बढाउने अभ्यास हुन्छ। प्रज्ञा बढाउने अभ्यास गर्नाले अविद्या (सत्यलाई थाहा नहुने) हट्छ ।

सारा संसार नै उत्पति र विनाश भए झै यो मानव शरीर पनि खाली

https://dhamma.digital

परमाणु पुञ्जहरुकै संग्रहबाहेक केही नभएको, यस्तोमा आशक्ति नभइ जुनसकै अवस्था, वेदनामा पनि समता कायम रहदै संसारको भव चक्रबाट पार जानु नै व्यक्तिको परम लक्ष्य हुनु पर्ने साधना नै विपश्यना हो ।

६(क) त्रिलक्षण : अनित्य, दु:ख र अनात्मलाई त्रि लक्षणको रुपमा बुझी सम्पूर्ण जीवन यसैको श्रृखला नै हुन भनी जान्नु, त्यसको व्याबहारिकता मनन गर्नु नै विपश्यना ध्यान विधिको मर्म हो। जन्म देखि मृत्यु नभएसम्मको दु:ख भन्नु नै अनित्य भएकोले हो । जुन अनित्य छ त्यो आत्मा हुन सक्दैनन् ।

यसरी नामरुपको संग्रहरुपी यो जीवनको सार भन्नु नै त्रिलक्षण हो । यसलाई ध्यान भावनाको माध्यमबाट नामरुपका कार्यहरु अझ बुझ्दै क्रमशः चित्तसुद्धिका उपायहरु घनीभूत हुँदै जान्छ। चित्त र चैतसिकका कार्यस्वरुप व्यवहारिक जगतमा व्यक्तिहरुको जीवनमा आइपर्ने ‘अष्टलोक’ धर्ममा समेत चित्त सुद्धि वा अशुद्धिमै भर पर्ने भएकोले, आफ्नो चित्तलाई विचलित नगर्नु, नि:शोकी हुनु, राग द्वेष र मोहरूपी धूलोमा नमुछिनु, निर्भयी हुनु भनी मंगल धर्ममा बताएको कुरा पनि स्मरणीय छ ।

७) ध्यान भावना र चित्तको सम्वन्ध : विचार, वितर्क, प्रति, प्रश्रब्धि, समाधि र उपेक्षा सहितका प्रथम देखि पँञ्चम ध्यान तहको पार गर्दै लोभ, द्वेष र मोहजन्य चित्तलाई क्रमशः सुद्धपार्दै लोकात्तर चित्तका चार तह- श्रोतापति, सकृदागामि, अनागामि र अरंहत हुने हुन्। विभिन्न पञ्च नीवरणहरुको क्रमशः निवारण गर्दै जानको लागि ध्यान, ध्यान अङ्गको माध्यमबाट चित्तसुद्धि हुने भएकोले चित्तसुद्धि र ध्यान भावनाको सम्वन्ध अति अन्यान्योश्रित छ। यो ध्यानको तह बढदै जानु भनेको चित्तसुद्धिका माणक नै हो, अतः ध्यान भावना र चित्तसुद्धिको सम्वन्ध अन्तरनिहित छ ।

८) उपसंहार : भगवान बुद्धकालमा अन्य मतका कैयौं बाह्मणहरु तथागतको उपदेश सुन्ने अवसर प्राप्त भई धर्मबोध पश्चात त्रिरत्न शरणमा

https://dhamma.digital

आएको घटनाहरु पढ्न पाउँछौं। कुटदन्त ब्राह्मण, कसी भारद्वाज ब्राह्मण, पुक्कुशाती आदि हजारौ व्यक्तिहरु भगवानको सम्पर्क आउने अवसर मिली सद्धर्मको सम्पर्कपश्चात बुद्ध, धर्म र संघको शरणमा आएको घटनाहरु यथेष्ठ छन । त्रिपिटक साहित्य वा ८४ हजार स्कन्धमा पाइने यत्रतत्र घटनाहरुको सार मनुष्यको चित्त सुद्धिको उपायको लागि नै हुन् । महासतिपट्ठान सूत्रमा आएका १६ वा अभिधम्म पिटकमा आएका ८९ (वा १२१) प्रकारका चित्तहरुको वर्गीकरण वा नामावलीमा ज्ञात हुनु पनि त मानव जीवनको लक्ष्य होइन, बरु यस बमोजिम हर छणमा सजकता हुनु मै हुन्छ ।

जीवनमृत्यु र जीवनको चक्र भएसम्म दुःखबाट मुक्त हुन नसक्नेबारे भगवान् बुद्धले प्रतीत्यसमुत्पादमा जुन विवरणको व्याख्या गर्नु भएको छ त्यसको तुलना कुनै विद्यासंग हुन सक्दैन् । यो प्रतीत्यसमुत्पादमा बताउनु भएको १२ कडीमा स्पर्शको कारणले वेदना हुने, त्यही वेदनाको कारणले राग वा द्वेषयुक्त तृष्णा हुने, त्यसबाट गहिरो उपादान हुने भएबाट संसारको चक्रमा भुलिरहेने भएकोले वेदनालाई आधार बनाइ त्यसमा समता रहने अभ्यासगरी नयाँ तृष्णा (राग र द्वेष) नबनाइ चित्त शुद्धीगर्दै निर्वाणको बाटोमा जाने अनी बन्धनरुपी सिक्रि टुटाउन जोड दिएको हो। अझ भन्ने नै हो भने अविद्या देखिको जन्म मरणसम्मको चक्र सबै नै चित्तका प्रकारहरुकै व्याख्या हुन् । चाहे मोह (अविद्या), नामरुप, षडायतन, विज्ञान, वेदना, स्पर्श, तृष्णा, भव जाति जन्म र मरण सबै नै चित्तको प्रवाहलाई इंगित गरेको हुन् भने अभिधम्म यसैलाई कुशल अकुशल, जवन चित्त, विथि, भवङ्ग, सन्तिरण, सम्प्रतिक्षण, प्रतिसन्धी, च्युति चित्त आदि विस्तृत गरिदेखाएको हुन्। यसरी चित्तको विभिन्न किसिमले वर्णन गरे पनि वेदना (चैतसिक)मा समता पूर्वक रही नयाँ राग र द्वेष उत्पन्न नगरी क्रमश क्लेशहरुको निर्मुल गरी निर्वाण सुख नै बुद्धशिक्षाका सार हुन्। ६ द्वारमा हुने आलम्वनमा कुनै

https://dhamma.digital

प्रतिक्रिया नजनाई समता पूवर्क रहनु, इन्द्रियमा संयम, अथवा देखेमा देखको मात्रै, सुनेमा सुनेकै आदि स्पर्शमा समेत राग द्वेषको श्रृजना नगर्नु अभ्यास नै चित्तसुद्धिको उपाय हो ।

सम्पूर्ण बुद्धवचन चित्तसुद्धिको लागि हुन भने उदाहरणको लागि पुनः अंगुतर निकायको अकर्मणीय वर्गमा 'चित्तको अभ्यास नगरेमा बेकाम हुने' तर 'अभ्यास गरेमा अर्थपुर्ण हुने'; अदान्त वर्गमा 'चित्तलाई दमन नगरेमा अनर्थकारी हुने,' 'दमन गरेमा कल्याणकारी हुने' होउन वा कल्याणमित्रआदि वर्गमा कुशल धर्ममा लागी अकुशल धर्ममा नलागी यथार्थ चिंतनगरी बोधिपक्षिय धर्मको प्राप्त गर्ने आदि प्रसङ्गबाट मनुष्य जीवनको लक्ष्य थप प्रष्ट हुन्छ ।

आखिरमा भगवान् बुद्धले पनि कसैलाई तार्ने जिम्मा लिनु भएको होइन, वहाँले खालि बाटो देखाउनु भएको हो । त्यो बाटो भनेको आ-आफ्नो चित्तसुद्धि भन्दा अरु त होइन, त्यो मार्गमा (चित्तसुद्धिका उपाय) जानु नजानु व्यक्तिको ईच्छा वा चरित्रमा भर पर्ने हो । अतः मनुष्य जीवनको हरेक पलमा ध्यानरुपी जीवन जिउने कला सहित चित्तको सुद्धि नै मनुष्य जीवनको सार हो ।

आज शोक, परिदेव, दौर्मनस्यलाइ नै मानसिक रोग, डिप्रेशन आदि बैज्ञानिक नाम दिएको हो भने त्यसलाई हटाउन पनि चित्तका मैल क्रमशः हटाई शुद्धीको बाटोमा लाग्नुबाहेक अरु उपाय निरर्थकमात्र होइन अझ राग बढाउने कारकतत्व नै हुन जान्छ ।

सम्पुर्ण संसार नश्वर हो क्षण भंगुर हो, तरङ्गै तरङ्गहरुको पुँन्ज हो यसमा के को आशक्ति ? म मेरो भन्नु केही छैन सबै चित्तका लहरहरुमात्र हुन् यसलाई क्रमशः क्षयगर्दै, नयाँ संस्कार नथपी निर्वाणतर्फ जाने मार्ग बुद्धशिक्षा हुन् भने यसलाई खाली शब्द र अध्ययनको विषय वस्तुमा मात्र सिमित राखेमा ठोष उपलब्धि हुन सक्दैनन् । भूतकालको पश्चाताप र

https://dhamma.digital

चित्त-शुद्धि मनुष्य जीवनको सार

भविष्यको चिन्ता नगरी वर्तमान कालको यथार्थलाई स्वीकार गर्दै, कुशलकार्य गर्नु, तृष्णा (राग द्वेष दुवै) र मोह हटाउने अभ्यासमा (चित्तसुद्धि) केन्द्रित हुनु नै मनुष्य जीवनको सार्थकता शिद्ध हुनसक्छ।

सबैको मङ्गल होस !

(लोटस रिसर्च सेन्टरद्वारा वि.सं.२०८२ सालमा आयोजित निबन्ध प्रतियोगितामा सहभागी)

https://dhamma.digital

[i] भिक्षु शुदर्शन, महापरित्राण, सुश्री सानुनानी कंसाकार, वि.सं.२०६२, पृ. ५

[ii] उही पृ. २

[iii] ऐ. ऐ. पृ. १

[iv] अनु,. नानीमैयाँ मानन्धर, बोधिपक्खिय दीपनी, ज्ञानकीर्ति विहार, वि.सं. २०७९, पृ. ११४

[v] संकलन सम्पादन, मदन रत्न मानन्धर, धम्मपद, धम्म डिजिटल, वि.सं. २०८०, पृ. २९२

[vi] गोयन्का सत्यनारायण, धारण करे तो धर्म (हिन्दी), इगतपुरी, विपश्यना विशोधन विन्यास, ई.सं. १९९९, पृ. १३

[vii] भिक्षु ज्ञानपुर्णिक (अनुवाद), बुद्ध र बुद्धवाद, प्रथम भाग, ताइवान, द कर्पोरेट बडी अफ बुद्ध एजुकेशन फाउण्डेशन, ई.सं. २००२ पृ. २३९-२४०

[vii] ऐ. ऐ. पृ. २३८-२३९

[ix] ऐ. ऐ. पृ. ११८

[x] वन्द्य, आर.वि., जीवनको प्रत्येक घडीमा अभिधर्मका उपयोग, ताइवान, द कर्पोरेट बडी अफ बुद्ध एजुकेशन फाउण्डेशन, ई.सं.२००२, पृ. १९१

[xi] अनुवादक संघनायक भिक्षु बोधिसेन महास्थविर, संयुक्तनिकाय, प्रथम भाग, काठमाडौं, डा. धम्मविजया, वि.सं.२०७९, पृ. १३९

[xii] पुवोक्त पाद टिप्पणी [x] पृ. १३५

[xiii] अंगुतर निकाय, (हिन्दि) विपश्यना विशोधन विन्यास, २००४, पृ. २०७

[xiv] भिक्षु, अमृतानन्द (अनु.) : धम्मपद-पाली (नेपालभाषा), काठमाडौं, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, वि.सं. २०४७,

[xv] श्री १००८ ब्रह्मपित् परमहंस योगी स्वामी सच्चिदान्द सरस्वती (खष्तडबाबा), विचार विज्ञान, थापाथली, काठमाडौं वि.सं. २०६०, पृ. २

[xvi] पुर्वोक्त पाद टिप्पणी [x] पृ. १९०

https://dhamma.digital

सन्दर्भ सामग्री :

(१) गोयन्का सत्यनारायण : अंगुतर निकाय (हिन्दी), इगतपुरी, विपश्यना विशोधन विन्यास, ई. सं. २००५

(२) गोयन्का सत्यनारायण : क्या बुद्ध दुक्खवादी थे ? कांतिपथ, काठमाण्डौं, नेपाल विपश्यना केन्द्र, ई. सं. २०००

(३) गोयन्का सत्यनारायण : जागे मंगल प्रेरणा दिल्ली, यशपाल जैन, सस्ता साहित्य मण्डल, ई. सं. १९९०

(४) गोयन्का सत्यनारायण : धर्म : जीवन जिने की कला इगतपुरी, महाराष्ट्र, विपश्यना विशोधन विन्यास, ई. सं. १९९३

(५) गोयन्का सत्यनारायण : प्रवचन सारांश इगतपुरी, महाराष्ट्र, विपश्यना विशेधन विन्यास, दोस्रो संस्करण, ई.सं. १९९५

६) आचार्य गोयन्का सत्यनारायण, धारण करे तो धर्म (हिन्दी), इगतपुरी, विपश्यना विशोधन विन्यास, ई.सं. १९९९

(७) दुण्डबहादुर वज्राचार्य (अनु) : मिलिन्द प्रश्न (नेपालभाषा), पवित्रबहादुर वज्राचार्य, अशोकरत्न वज्राचार्य, हीरादेवी वज्राचार्य, वीर पूर्ण पुस्तक संग्रहायल, वि.सं. २०५६

(८) तुलाधर लाभरत्न (सम्पादक) : महाप्रज्ञाया आत्मकथा (नेपालभाषा), रुपन्देहि, लुम्विनी, पुगताभूमि जेतवन विहार, ने.सं. ११३३,

(९) भिक्षु अमृतानन्द, (अनु.) : धम्मपद (पाली-नेपाल भाषा) काठमाण्डौं, धर्मकीति बौद्ध अध्ययन गोष्ठी, वि.सं. २०४७

(१०) भिक्षु अश्वघोष : बुद्धको सँस्कृती र महत्व काठमाण्डौं, धर्मकीति बौद्ध गोष्ठी, वि.सं. २०५७

(११) भिक्षु अश्वघोष, (सम्पादक) : बौद्ध संस्कार बनेपा, ध्यानकुटी विहार, वि.सं. २०५७

https://dhamma.digital

(१२) भिक्षु अश्वघोष : निन्दाबाट बच्ने कोही छैन काठमाण्डौ, लेखक स्वंय, वि.स.. २०५५

(१३) भिक्षु कोण्डन्य (सम्पादक) : भिक्षु अश्वघोषका छानिएका रचनाहरु, बुद्धविहार, भृकुटीमण्डप, वि.सं.२०७५

(१४) भिक्षु, धर्मगुप्त महास्थविर (अनु) : पुग्गलपञ्ञत्ति (नेपालभाषा), ललितपुर, वीर पूर्ण संग्रहालय, वि.सं.२०६४,

(१५) भिक्षु, बुद्धघोष (अनु) : महासतिपट्ठान, काठमाडौं, डा. धम्मविजया गुरुमां, वि.सं.२०७८

(१६) भिक्षु सुमेध धीरसुमेधो (अनु.) : सम्पूर्ण बुद्ध वचन तिपिटकया सार, (नेपाल भाषा), मुल लेखक, सुजीव पुञ्ञानुभाव, ठहिटी, काठमाण्डौ, सद्धर्म प्रचारक पुचः, वि.सं. २०५८

(१७) भिक्षु सुदर्शन : बुद्धको जन्मभूमि नेपालमा बुद्ध धर्म प्रति असहिष्णुता, काठमाण्डौं, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठि, वि.सं. २०४८

(१८) भिक्षु शुदर्शन, महापरित्राण, काठमाडौ सुश्री सानुनानी कंसाकार, वि.सं. २०६२,

(१९) भिक्षु ज्ञानपूर्णिक (अनु.) : बुद्ध र बुद्धबाद्ध, ताईवान, द कर्पोरेट बडी अफ एजुकेशन फाउण्डेशन, ई.सं. २००२

(२०) भिक्षु ज्ञानपूर्णिक (अनु.) : महान धर्मचक्र सूत्रोपदेश (नेपाल भाषा) मुल लेखक, महापकारक महाशी सयादो, चाकुपाट, ललितपुर, सन्ति सुखावास, वि.सं.२०५२

(२१) भिक्षु ज्ञानपूर्णिक (अनु.) : प्रतीत्य समुत्पाद महान उपदेश चाकुपाट, ललितपुर, सन्ति सुखावास, वि.सं.२०५५

(२२) वन्ध, आर.वि. (अनु.) : जीवनको पत्येक घडीमा अभिधर्मको उपयोग, मुल लेखक एन.भी. गोरकम, ताईवान, द कर्पोरेट बडी अफ एजुकेशन फाउण्डेशन, ई.सं. २००२

https://dhamma.digital

(२३) संघनायक, भिक्षु बोधिसेन महास्थविर (अनु) : संयुक्तनिकाय, डा. धम्मविजया गुरुमाँ, काठमाडौं, वि.सिं. २०७९

(२४) शाक्य धर्मरत्न त्रिशुली (अनु.) : अभिधर्माथ संग्रह, मुल लेखक अद्धन्त आचार्य महाथेर, धापाखेल, ललितपुर, धम्म डिजिटल, वि.सं. २०७८,

(२५) नानीमैयाँ मानन्धर (अनु), बोधिपक्खिय दीपनी, काठमाडौं ज्ञानकीर्ति विहार, वि.सं. २०७९

(२६) नेपाल बौद्ध परियत्ति शिक्षा : परियत्ति बुलेटिन, नेपाल बौद्ध परियत्ति शिक्षा, दिक्षान्त समारोह समिति, अंक २१ वि.सं. २०८१,

(२७) सूचनाको हक सम्बन्धि ऐन २०६४ तथा नियमावली २०६५

(२८) गोरखापत्र र अन्य पत्र पत्रिकाहरु

Dhamma.Digital

https://dhamma.digital

परिशिष्ट १

(स्रोत: धम्मडिजिटल)

त्रिपिटक बौद्धहरूको पवित्र ग्रन्थ हो। सिद्धार्थले बुद्धत्व प्राप्तगरि बुद्ध भइसकेपछि ४५ बर्षसम्म ग्राम ग्राम, निगम निगम, प्रदेश प्रदेशमा गर्नुभएको धर्मको उपदेश, शिक्षाहरूको संग्रहित रूप नै त्रिपिटक हो। 'त्रि' ले तीन वटा र 'पिटक' ले टोकरी वा भाँडो जनाउँछ। भगवान बुद्ध महापरिनिर्वाण भईसकेपछि भिक्षु महाकाश्यप, भिक्षु आनन्द लगायत उहाँका मुख्य मुख्य शिष्यहरूका साथै पाँच सयजना अर्हत् भिक्षुहरू सम्मिलित भइ बुद्धवचनको संगायना गर्नुभयो। बुद्ध परिनिर्वाणको १०० वर्षपछि स्थविरहरूले बैशालीमा दोस्रो संगायना गरे। त्यसपछि अशोक महाराजको समयमा मौद्गलिपुत्रको प्रधानतामा पाटलिपुत्रमा तेस्रो संगायन भयो, जुनबेला त्रिपिटकलाई लिपिबद्ध गरिएको थियो। यसरी नै पालि साहित्य अनुसार चौथो संगायना वट्टगामिनी अभयको पालामा श्रीलंकामा, पाचौं संगायना मिन्डोन राजाको समयमा र प्रधानमन्त्री ऊ नु को समयमा छैंठौ संगायना गरी म्यान्मारमा दुई पटक सम्पन्न भयो। त्यही संगायनाहरूमा संग्रह गरिएका बुद्धको शिक्षालाई नै आधिकारीक रूपमा लिइदै आईरहेको छ। त्यही आधारमा त्रिपिटकमा समाबेस भएका ग्रन्थहरू निम्नअनुसार छन्।

क सुत्तपिटक	ख विनयपिटक	ग अभिधम्मपिटक
१. दीघनिकाय	१. पाराजिकापालि	१. धम्मसङ्गणिपालि
२. मज्झिमनिकाय	२. पाचित्तियपालि	२. विभङ्गपालि
३. संयुत्तनिकाय	३. महावग्गपालि	३. धातुकथापालि
४. अंगुत्तरनिकाय	४. चुल्लवग्गपालि	४. पुग्गलपञ्ञत्ति

https://dhamma.digital

५. खुद्दकनिकाय	५. परिवारपालि	५. कथावत्थुपालि
खुद्दकनिकाय अर्न्तगत		६. यमकपालि
१. खुद्दकपाठ		७. पट्ठानपालि
२ धम्मपद		
३. उदान		
४ इतिवुत्तक		
५. सुत्तनिपात		
६. विमानवत्थु		
७. पेतवत्थु		
८. थेरगाथा		
९. थेरीगाथा		
१०. जातक		
११ महानिद्देस, चूलनिद्देस		
१२. पटिसम्भिदामग्ग		
१३. अपदान		
१४. बुद्धवंस		
१५. चरियापिटक		

https://dhamma.digital